## प्रकाशनबारे जानकारी:

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६७ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइटः www. nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

**- प्रहरी द्वैमासिक प्रकाशन**


**सम्पर्क**

**नेपाल प्रहरी प्रधान कार्यालय**

जनसम्पर्क शाखा, नक्साल काठमाडौं

फो नं.: ०१-५७१९८२८, एक्सटेन्सन : १९३

इमेल : phqprs@nepalpolice.gov.np/phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np



प्रहरी PRAHARI

पुस-माघ, २०८२



ISSN 26616122

9 772661 612205


नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन


प्रकाशन आरम्भ : २०१६ जेठ | वर्ष ६७, अंक ५ | पुस-माघ २०८२









# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन**

वर्ष : ६७ अंक : ५ २०८२ पुस-माघ



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि.अबि नारायण काफ्ले

**सल्लाहकार**

प्र.व.उ. गोपाल चन्द्र भट्टराई

**प्रधान सम्पादक**

प्र.उ. हरिहर नाथ योगी

**सम्पादक**

प्र.ना.उ. मिन बहादुर कुँवर क्षेत्री

प्र.नि.रन्जु के.सी

प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**

प्रा.प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**

प्रा.प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**

एम.एस. प्रिन्टिङ्ग सोलुसन

**छपाइ प्राविधिक**

प्र.व.ना.नि. गोपाल ब.थापा

प्र.ह लक्ष्मी बोगटी

प्र.ज. चुडामणी भट्ट

**प्रकाशक**

**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## सम्पादकीय...

### सामुदाय-प्रहरी साझेदारी अवधारणा अन्तर्गत "हाम्रो प्रहरी" अभियान

नेपाल प्रहरी स्थापना कालदेखि नै प्रहरी ऐनको मर्म अनुसार अपराध रोक्ने, पत्ता लगाउने र शान्ति सुरक्षा कायम गर्ने संगठनको रूपमा स्थापित गर्न कटिबद्ध छ। अपराध अनुसन्धान गर्नु भन्दा अपराध नै हुन नदिनु प्रहरीको प्रमुख कर्तव्य हो भन्ने तथ्यलाई आत्मसाथ गर्दै अपराध उन्मुख समस्याहरूको पहिचान गरी समस्या समाधान गर्ने तथा प्रहरी सेवा हरेक नागरिकको घरदैलोमा पुऱ्याउने उद्देश्यले वि.स. २०३९ सालदेखि घरदैलो (छिमेकी प्रहरी) को नामबाट सामुदायिक प्रहरी सेवा सञ्चालन गरिएको थियो। त्यसपश्चात वि.स. २०५१ सालमा काठमाडौंको महाराजगञ्जमा सामुदायिक प्रहरी सेवा केन्द्र स्थापना गरी नेपाल प्रहरीमा विधिवत् रूपमा सामुदायिक प्रहरी सेवाको सुरुवात भएको थियो । पछि वि.सं.२०७४ सालमा टोलटोलमा प्रहरी कार्यक्रम सुरुवात भयो भने वि.स.२०७५ सालदेखि समुदाय-प्रहरी साझेदारी कार्यक्रम निरन्तर सञ्चालन भइरहेको छ।

पछिल्लो समय भएको "नव पुस्ताको आन्दोलन" क्रममा आगजानी र तोडफोड हुँदा नेपाल प्रहरीका धेरै कार्यालयहरूमा क्षति पुगेको थियो । सातै प्रदेश र उपत्यका अन्तर्गत पूर्ण र आंशिक रुपमा क्षति भएका प्रहरी कार्यालयहरू हाल

पुनः निर्माण भई सञ्चालनमा आइसकेका छन् । यसरी अकल्पनीय क्षति भएको भोलिपल्ट देखि नै नागरिकहरूले कुनै पनि विपद् वा आपत् पर्दा प्रहरी नै नागरिकको पहिलो सम्पर्क बिन्दु भएको अनुभूति गरी नेपाल प्रहरीको क्षतिग्रस्त भवनहरू निर्माण कार्य सुरु गरी प्रहरीलाई आफ्नो सेवा प्रवाह गर्न सहयोग गरे । प्रहरीका भवन निर्माण सम्पन्न गरी प्रहरीहरूलाई स-सम्मान प्रहरी कार्यालयहरूमा फर्काउन नागरिकहरूबाट जुन कार्य भयो सो योगदानलाई कदर गरी जिल्ला प्रहरी परिसर काठमाडौँले समुदाय-प्रहरी साझेदारी अवधारणा अन्तर्गत “हाम्रो प्रहरी” अभियान कार्यक्रम सञ्चालन गर्‍यो । त्यसपश्चात जिल्ला प्रहरी परिसर ललितपुर र भक्तपुरमा पनि यो अभियान अन्तर्गत रही विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भयो ।

तिनै जिल्ला प्रहरी परिसरबाट भएको यस कार्यक्रमको उद्घाटन सत्रमा प्रहरी र नागरिक बीचको साझेदारी र सहकार्यको प्रतिनिधित्व र सकारात्मक सामाजिक सन्देश प्रवर्द्धन गर्ने गीत र नाटक प्रर्दशन गर्नुका साथै क्षति भएका कार्यालयलाई पुनर्स्थापनामा योगदान दिने व्यक्तिहरूलाई सम्मान समेत गरिएको थियो । काठमाडौँ उपत्यका प्रहरी कार्यालय, सामुदायिक शाखा, रानीपोखरीको तथ्याङ्क अनुसार “हाम्रो प्रहरी” अभियान कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी परिसर काठमाडौँ, ललितपुर र भक्तपुरमा ३५५ वटा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भए भने सो कार्यबाट ३१,६९९ जना नागरिकहरू लाभान्वित भएका छन् ।

यसरी पछिल्लो समय भएको आन्दोलन पश्चात व्यक्ति, समूह र संस्थाहरूबाट नेपाल प्रहरीलाई पुनर्स्थापना गर्नको लागि जुन सहयोग र सहकार्य भयो त्यसले समाज र प्रहरी बीचको सम्बन्ध अझै सुदृढ र विश्वासनीय बनाएको छ । नेपाल प्रहरी राज्यको कानुन कार्यान्वयन गर्ने, नागरिक सेवामा पहिलो पङ्क्तिमा रहने र अपराध नियन्त्रण, अनुसन्धान गर्ने निकाय भएकोले आफ्नो जिम्मेवारी वहन गर्ने क्रममा नागरिकहरूबाट प्राप्त सहयोगले नेपाल प्रहरीलाई आफ्नो कार्य सम्पादन गर्नमा थप उर्जा एवम् प्रोत्साहन मात्र दिएको छैन कि नागरिक प्रति त्यतिकै जिम्मेवारी बोध पनि थपेको छ । तसर्थ सुरक्षित समाज निमार्णमा नागरिकसँगै हातेमालो गर्दै नागरिकमैत्री व्यावसायिक प्रहरी सेवा प्रदान गर्नु नेपाल प्रहरीको अहिलेको आवश्यकता रहेको छ ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ◆ बाल अधिकार संरक्षणमा नेपालका.... | ✍ सुशील सिंह राठौर | १ |
| ◆ बालयौन दुरुपयोग | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | १३ |
| ◆ नागरिक जागरणमा प्रहरीको भूमिका | ✍ प्र नि मन्दिप चौहान | ४३ |
| ◆ सडक सुरक्षाः आधुनिक संरचना.......... | ✍ प्र व ना नि बिष्णु थापा | ७७ |
| ◆ वेर्धर प्रभावदेखि पापागेनो प्रभावसम्म........ | ✍ प्र स नि जिवन बिष्ट | ९५ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ◆ प्रमाण | ✍ गङ्गा कर्माचार्य पौडेल | १२ |
| ◆ चौतारीमा महाकवि | ✍ युवराज नयाँघरे | १८ |
| ◆ संस्कार | ✍ लीलाराज दाहाल | २५ |
| ◆ पूर्वीय शास्त्रमा नारी चेतना..... | ✍ बद्री प्रसाद ढकाल | २६ |
| ◆ बुबाको खोकी | ✍ पूर्व प्र व उ बिक्रम गुरुङ | ३१ |
| ◆ दामोदर कुण्डको महिमा | ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय | ३७ |
| ◆ जमघट खाना खानको चिन्तन.... | ✍ घन बहादुर थापा | ५० |
| ◆ सुन्दर संसारको मन्त्रः वसुधैव ...... | ✍ इन्द्र कुमार श्रेष्ठ | ५४ |
| ◆ दुर्भाग्य | ✍ उर्मिला पन्त पाण्डेय | ५९ |
| ◆ सुडान हबुबको साम्राज्य | ✍ श्रीहरि के सी | ६० |
| ◆ हु आर यु ? | ✍ डा प्रेमराज सिलवाल | ६३ |
| ◆ विद्युतीय परिवहनः आजको आवश्यकता | ✍ राजेशमान के सी | ६७ |
| ◆.... प्रहरी प्रभागसँगै जलिरह्यो मन | ✍ राम प्रसाद धिताल | ७० |
| ◆ पत्थरहरुको मौनता | ✍ डा दामोदर पुडासैनी 'किशोर' | ८१ |
| ◆ वृक्षहरुको सम्मेलन | ✍ देवकी के सी | ९१ |
| ◆ दर्शनको अनुभूति | ✍ दशराज शाक्य | ९३ |
| ◆ जिउँदै छन् सपनाहरु | ✍ यशु श्रेष्ठ | ९८ |
| ◆ सिकाइ संस्कृतिको सान्दर्भिकता.... | ✍ रत्न प्रजापति | १०४ |
| ◆ चलन | ✍ गंगा खड्का | १०८ |

## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ मुक्तक | ✍ हरिकृष्ण धिताल 'एच के' | १७ |
| ♦ गजल | ✍ प्र ज मस्त पुन मगर | ३० |
| ♦ नर्बिसूँ म आफ्नो कथा जन्म गाउँ | ✍ पदम दाहाल | ३६ |
| ♦ तिमी निदाएको बेला | ✍ सिजन श्रेष्ठ | ४९ |
| ♦ फिक्री छ दालभातको | ✍ बेनी थापा | ६२ |
| ♦ गीत | ✍ नवराज पोखरेल 'नवशिला' | ६६ |
| ♦ मेरो देश झुक्न दिन्न | ✍ दिपकराज विश्वकर्मा | ६९ |
| ♦ वरदान तिम्रै भनी | ✍ हरिभक्त सिग्देल 'महेश' | ७६ |
| ♦ फुरुङ्ग | ✍ दीपक लोहनी | ८० |
| ♦ गजल | ✍ रेणु अधिकारी 'मौनता' | ९२ |
| ♦ मुक्तक | ✍ सानुराजा श्रेष्ठ 'अन्जान' | ९४ |
| ♦ मेरो बर्दी | ✍ प्र व ह तारा राम दयाल | ९७ |
| ♦ तालको किनारमा घण्टौं.... | ✍ प्रस ह गोबिन्द राज ओझा | १०३ |
| ♦ आमा तिमी नरोई बस है ! | ✍ शशीश्री आचार्य | १०९ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरु | संकलन : प्र व ना नि संगीता कार्की | १११ |
| ♦ रसबस | संकलन : प्र ज अभिन गुरुङ | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र व ना नि प्रमोद उपाध्याय पण्डित | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# बाल अधिकार संरक्षणमा नेपालका राजनीतिक दलहरूको भूमिका



✍ सुशील सिंह राठौर

**सारांश (Abstract)**

नेपालमा बालअधिकार संरक्षण संवैधानिक, कानुनी र अन्तर्राष्ट्रिय प्रतिबद्धताका आधारमा सुनिश्चित गरिएको विषय हो । नेपालको संविधान २०७२ ले बालबालिकालाई जीवन, संरक्षण, विकास, सहभागिता र सेवामा पहुँचको मौलिक अधिकार दिएको छ। यस सन्दर्भमा राजनीतिक दलहरूको भूमिका नीति निर्माण, कानुन निर्माण, बजेट विनियोजन र कार्यान्वयनमा निर्णायक हुन्छ। नेपालका राजनीतिक दलहरूले बालअधिकार संरक्षणमा निर्वाह गरेको भूमिकाको विश्लेषण गर्दै उनीहरूको प्रतिबद्धता, व्यवहारिक अवस्था, समस्या र चुनौतीहरू पहिचान गरिएको छ । अध्ययनबाट देखिन्छ कि राजनीतिक दलहरूले घोषणापत्र र नीतिगत दस्तावेजमा बालअधिकारलाई प्राथमिकता दिए पनि व्यवहारमा पर्याप्त कार्यान्वयन हुन सकेको छैन। चुनावी गतिविधिमा बालबालिकाको प्रयोग, कमजोर निगरानी, सीमित बजेट तथा संस्थागत क्षमताको अभाव प्रमुख समस्या र चुनौतीका रूपमा देखा परेका छन्। समाधानका रूपमा राजनीतिक इच्छाशक्ति सुदृढीकरण, कानुन कार्यान्वयन प्रभावकारी बनाउने, बालअधिकारका लागि पर्याप्त स्रोत सुनिश्चित गर्ने र नागरिक समाजसँग सहकार्य बढाउने सुझाव प्रस्तुत गरिएको छ । अन्तमा राजनीतिक दलहरूले नीतिगत प्रतिबद्धतासँगै व्यवहारिक कार्यान्वयनमा इमानदार प्रयास गरे मात्र नेपालमा बालअधिकारको दिगो संरक्षण सम्भव हुने देखिन्छ।

## १. पृष्ठभूमि (Background)

आजका बालबालिका भविष्यका कर्णधार हुन। उनीहरूसँगै राष्ट्रको भविष्य समेत जोडिएको हुन्छ। त्यसैले कुनै पनि बालबालिका त्यो देशका भविष्यका आधारस्तम्भ हुन् । उनीहरू शारीरिक र मानसिकरूपमा पूर्णतया परिपक्क हुँदैनन् त्यसैले उनीहरूलाई विशेष संरक्षणको आवश्यक हुन्छ । उनीहरूको अधिकार सुनिश्चित गर्नुपर्छ । उनीहरूको उचित शिक्षा, स्वास्थ, हेरचाह, विभिन्न खालका

हिंसा तथा शोषणबाट संरक्षण गर्नु राज्यको मात्र दायित्व होइन, बुवाआमा, अभिभावक समाज, संघसंस्था र राजनीतिक दलहरूको साझा दायित्व हो । बाल अधिकार भन्नाले बालबालिकाले जन्मसिद्ध रूपमा प्राप्त गर्ने अधिकार हो । जसमा बाँच्न पाउने, बाल संरक्षण, बाल विकास र बाल सहभागितासम्बन्धी अधिकारहरूलाई बुझिन्छ । नेपालको संविधान २०७२ र बालबालिका सम्बन्धी ऐन २०७५ अनुसार १८ वर्ष उमेर नपुगेका कुनै पनि व्यक्ति बालबालिका हुन भनि परिभाषा गरिएको छ भने अन्तर्राष्ट्रिय कानुनलाई हेर्ने हो भने संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि, १९८९ ले समेत स्पष्ट रूपमा १८ वर्ष भन्दा कम उमेरका व्यक्तिहरू बालबालिका हुन भनि परिभाषित गरेको छ। नेपालले सन् १९९० मा यस महासन्धिलाई अनुमोदन गरेपछि बाल अधिकार संरक्षणको अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको हो।

बालबालिका माथि हुने प्रमुख हिंसाहरू शारीरिक हिंसा अन्तर्गत कुटपिट, बाधेर राख्ने, यातना दिने, मानसिक हिंसा अन्तर्गत गालीगलौज, अपमान, डर धम्की, उपेक्षा गर्ने, यौन हिंसा तथा यौन शोषण अन्तर्गत बलात्कार, यौन हिंसा, अश्लील व्यवहार तथा अश्लील सामग्रीहरू देखाउने, बालबालिका ओसारपसार अन्तर्गत बेचबिखन, मानव अङ्ग तस्कर, वेश्यावृत्तिमा लगाउने, श्रम तथा यौन शोषण जस्ता कार्यमा लगाउने, श्रम शोषण अन्तर्गत जोखिमपूर्ण काममा लगाउने, पारिश्रमिक नदिने, बाल विवाह अन्तर्गत २० वर्ष उमेर नपुगी विवाह गर्ने गराउने, शिक्षाबाट वञ्चित गर्ने गराउने पोषण र स्वास्थ्यबाट वञ्चित गराउने, आमाबुबाले सडकमा छोड्ने, माग्न लगाउने, कानुनी प्रक्रियामा दुरूपयोग अन्तर्गत बालबालिकालाई हतकडी लगाउने, संरक्षण गृहमा नराखी हिरासत वा कारागारमा राख्ने, वयस्कलाई जस्तो व्यवहार गर्ने, पीडित बालबालिकाको गोपनीयता भङ्ग गर्ने, निर्वाचनमा बालबालिकाको प्रयोग गर्ने, Child Pornography, Cyber Bulling आदि जस्ता अपराधबाट जोगाउन बालबालिकाको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरू बनेका छन्। विभिन्न संघ संस्थाहरू छन् । विभिन्न सरकारी निकायहरू छन् तर पनि बालबालिका माथि यस्ता खालका हिंसा दिन प्रतिदिन बढिरहेका छन्। अतः बालबालिका माथि हुने बढ्दो हिंसा कम गरेर उनीहरूका अधिकार संरक्षण राजनीतिक दलहरूको समेत प्रतिबद्धता, सक्रियता, अनुगमन, निगरानी र कार्यान्वयन, अझै प्रभावकारी भूमिकाको आवश्यक रहेको छ।

नेपालको राजनीतिक प्रणाली संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा आधारित छ। जहाँ राजनीतिक

दलहरू नीति निर्माण, कानुन निर्माण र राज्य सञ्चालनका प्रमुख संवाहक हुन् । संविधान, नीति, ऐन-कानुन तथा कार्यक्रमहरूको निर्माण र कार्यान्वयनमा राजनीतिक दलहरूको भूमिका निर्णायक हुने भएकाले बाल अधिकार संरक्षणमा उनीहरूको प्रतिबद्धता, दृष्टिकोण र व्यवहार अत्यन्त महत्वपूर्ण हुन्छ । नेपालको संविधान २०७२ ले बाल अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको भए पनि व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण देखिन्छ । यस सन्दर्भमा, बाल अधिकार संरक्षणमा नेपालका राजनीतिक दलहरूको भूमिका, प्रतिबद्धता र व्यवहारको विश्लेषण गर्नु सान्दर्भिक र आवश्यक छ ।

## २. बाल अधिकार संरक्षणमा विद्यमान समस्या र चुनौतीहरू

नेपालमा बाल अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न कानुन, नीति, योजना तथा संस्थागत संरचनाहरूको व्यवस्था गरिएको छ । संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन तथा अन्य नीतिगत प्रावधानहरूले बालबालिकाको संरक्षण, विकास, सहभागिता र अस्तित्वका अधिकार सुनिश्चित गर्ने उद्देश्य राखेका छन् । बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकारी तथा गैरसरकारी निकायहरू पनि क्रियाशील रहेका छन् । तर पनि व्यापक कानुनी तथा संस्थागत संरचना हुँदाहुँदै पनि व्यवहारिक तहमा बाल अधिकारको पूर्ण रूपमा कार्यान्वयन हुन सकेको देखिँदैन । सामाजिक, आर्थिक, सांस्कृतिक तथा संरचनागत समस्याहरूका कारण बाल अधिकार उल्लङ्घनका घटनाहरू विभिन्न रूपमा निरन्तर भइरहेका छन् । गरिबी, अशिक्षा, बेरोजगारी, सामाजिक कुसंस्कार, चेतनाको कमी तथा कमजोर प्रशासनिक संयन्त्रले बाल अधिकार संरक्षणमा गम्भीर चुनौती सिर्जना गरेका छन् । यसका साथै, कानुन कार्यान्वयनमा देखिने कमजोरी, अनुगमन तथा मूल्याङ्कन प्रणालीको अभाव, संघीय संरचनामा जिम्मेवारीको स्पष्टता नहुनु तथा सरोकारवाला निकायबीच प्रभावकारी समन्वयको कमीले समस्या झनै जटिल बनेको छ ।

राजनीतिक दलले बालबालिका सम्बन्धी मुद्दालाई प्राथमिकतामा नराख्नु, पर्याप्त बजेट र स्रोतसाधनको अभाव तथा समुदाय स्तरमा बाल अधिकारप्रति सकारात्मक सोचको कमी पनि प्रमुख अवरोधका रूपमा देखिन्छन् । तसर्थ, ती समस्याहरूलाई पहिचान गरी प्रभावकारी समाधानका उपाय अवलम्बन गर्नु आवश्यक भएकाले निम्न बुँदाहरूमा प्रमुख चुनौतीहरू प्रस्तुत गरिएको छ ।

**२.१ बाल अधिकारका कुरा राजनीतिक प्राथमिकतामा कम पर्नु**

नेपालमा राजनीतिक दलहरूले बाल अधिकारलाई उनीहरूको चुनावी घोषणापत्र र दलका विधान तथा दस्तावेज, नीति तथा कार्यक्रममा औपचारिक रूपमा समावेश गरेका भए पनि व्यवहारमा यो प्रायः प्राथमिक राजनीतिक एजेन्डामा पर्दैन । दलहरूका ध्यानका केन्द्रबिन्दु प्रायः सत्ता प्राप्ति, शक्ति सन्तुलन, आर्थिक विकास र तत्कालीन राजनीतिक विवादमा केन्द्रित हुन्छन् । जसको परिणामस्वरूप बाल अधिकारसँग सम्बन्धित नीति, योजना र कार्यक्रमहरू कार्यान्वयनको अपेक्षित प्राथमिकतामा आउँदैनन् । उदाहरणका लागि, निर्वाचन घोषणापत्रमा बालबालिकाको शिक्षा, स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्ने नीति उल्लेख भए पनि चुनावपछि ती विषयहरू प्रभावकारी कार्यसूचीमा समावेश हुने अवस्था कम देखिन्छ । यसले स्पष्ट देखाउँछ कि राजनीतिक दलहरूको प्राथमिकता अल्पकालीन मतदाता आकर्षण र सत्ता स्थायित्वमा केन्द्रित हुने भएकाले दीर्घकालीन बाल अधिकार संरक्षणको पक्ष कमजोर रहन्छ । यसको परिणाम स्वरूप, बजेट विनियोजनमा कमी, नीति कार्यान्वयनको असमानता र अनुगमन तथा मूल्याङ्कन प्रणालीको कमजोर अवस्था उत्पन्न भएको छ । साथै, संघीय शासन प्रणाली लागु भए पनि केन्द्र, प्रदेश र स्थानीय तहबीच स्पष्ट समन्वय नहुनु राजनीतिक दलहरूको प्राथमिकता र व्यवहारबीचको अन्तरलाई अझ बढाएको छ । यसले नीति निर्माण स्तर र कार्यान्वयन स्तरबीचको दूरीलाई बढाउँछ र बाल अधिकारको प्रभावकारी संरक्षणमा बाधा पुऱ्याउँछ । राजनीतिक दलहरूले बाल अधिकारलाई प्राथमिकता नदिँदा बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा र समग्र विकासमा दीर्घकालीन नकारात्मक प्रभाव परेको देखिन्छ ।

**२.२ कानुन कार्यान्वयनमा अन्तर**

बालबालिकासम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नीति, ऐन, योजना, कार्ययोजनाहरू निर्माण भइसकेका भए पनि तिनको प्रभावकारी कार्यान्वयन अझै कमजोर रहेको छ । ऐन, नीति र रणनीति कागजमा स्पष्ट र समग्र देखिए पनि व्यवहारमा राजनीतिक नेतृत्वको प्रतिबद्धता अभाव, बजेट अभाव र कार्यान्वयन संयन्त्र कमजोर हुनु यसको मुख्य कारणहरू हुन् । उदाहरणका लागि, नेपाल प्रहरीको तथ्याङ्क अनुसार आ.व. २०८१/०८२ मा नेपालभर ४ सय ७७ जना बालबालिका पीडित भएको देखिन्छ । जस अन्तर्गत अप्राकृतिक मैथुनमा २१, बाल विवाहमा ६१, बाल यौन दुरूपयोगमा ३५५ र बालबालिका कसुरका घटनामा ४० वटा घटना दर्ता भएको छ । यसबाट के प्रष्ट हुन्छ भने

नेपालमा बालबालिका पीडितका घटनाहरू शून्यमा झार्न नसक्दा बाल अधिकारको पूर्ण प्रत्याभूति गराउन सकिएको छैन । बालबालिकासम्बन्धी राष्ट्रिय नीति र बाल संरक्षण ऐन भएका भए पनि स्थानीय तहमा बाल अधिकार संरक्षणका लागि आवश्यक पर्ने संसाधन, दक्ष जनशक्ति र अनुगमन प्रणाली पर्याप्त छैन । यसले नीति र कार्यान्वयनबीच तालमेल नमिलेको देखिन्छ । अनुगमन र मूल्याङ्कन प्रणाली कमजोर हुँदा बाल अधिकार उल्लङ्घनका घटनाहरू समयमै पत्ता नलाग्ने, सुधारात्मक कदम नचाल्ने र दोषीलाई दण्ड नदिइने अवस्था उत्पन्न हुन्छ । यसैगरी, राजनीतिक दलहरूले दीर्घकालीन दृष्टिकोणबाट नीति निर्माणको सट्टा अल्पकालीन राजनीतिक फाइदामा ध्यान केन्द्रित गर्नु पनि कार्यान्वयन कमजोर हुनुमा योगदान पुऱ्याउँछ । परिणामस्वरूप, कानुनी र नीतिगत संरचना भए पनि व्यवहारिक तहमा बाल अधिकार सुनिश्चित गर्न चुनौती रहन्छ ।

### २.३ राजनीतिक कार्यक्रममा बालबालिकाको दुरूपयोग

राजनीतिक दलहरूद्वारा बालबालिकालाई जुलुस, सभा, नारा-प्रदर्शन तथा पार्टीगत गतिविधिमा प्रयोग गर्ने प्रवृत्ति अझै पूर्ण रूपमा अन्त्य हुन सकेको छैन । यसले बालबालिकाको संरक्षण र विकासमा नकारात्मक प्रभाव पार्दछ । नेपालमा बालबालिकालाई राजनीतिक दल र उम्मेदवारहरूले निर्वाचन प्रचारमा प्रयोग गर्ने अभ्यास चुनावी आचार संहिताले स्पष्ट रूपमा निषेध गरे पनि निरन्तर रूपमा समस्या बनेको छ । सिजपले प्रकाशित गरेको एक प्रतिवेदन अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को क्रममा २१६ वटा घटनामा बालबालिकालाई राजनीतिक गतिविधिमा समावेश गरिएको पाइएको छ । जस अनुसार नेपाली कांग्रेस र माओवादीको गठबन्धनबाट ९८, नेकपा (एमाले) बाट ७१ वटा, अन्य सात राजनीतिक दलहरूबाट ३४ वटा र स्वतन्त्र उम्मेदवारबाट १३ वटा घटनामा बालबालिकालाई चुनावमा प्रयोग गरिएको थियो । जसमध्ये दुई सय १६ घटनामध्ये एक सय ४४ वटा प्रचार प्रसार ऱ्यालीको क्रममा प्रयोग गरिएको थियो भने २८ जनालाई कलाकारको रूपमा प्रयोग गरिएको थियो । यसरी बालबालिकालाई राजनीतिक स्वार्थमा प्रयोग गरिनुले नेपालका राजनीतिक दलहरू बाल अधिकारप्रति सचेत छैन भन्ने प्रष्ट देखिन्छ । त्यसैगरी विद्यालयलाई शान्ति क्षेत्र घोषण गरिएको छ तर राजनीतिक दलहरूले आफ्ना पार्टीका तथा निर्वाचनका कार्यक्रमहरू विद्यालयमा नै गर्ने गरेको पाइन्छ ।

### २.४ संघीय संरचनाहरूबीच समन्वयको अभाव

नेपालमा संघीय शासन प्रणाली लागु भएपछि केन्द्र, प्रदेश र स्थानीय

तहबीच अधिकार, जिम्मेवारी र नीति कार्यान्वयनको स्पष्ट विभाजन आवश्यक भएको छ । बाल अधिकार संरक्षणका सन्दर्भमा, संघीय संरचना लागु भए पनि तीन तहबीचको समन्वय अभावले नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याएको देखिन्छ। केन्द्रले राष्ट्रिय स्तरमा नीति र ऐन निर्माण गरे पनि, प्रदेश र स्थानीय तहमा तिनको कार्यान्वयनमा राजनीतिक प्राथमिकता, प्रशासनिक क्षमता र स्रोत साधनको कमीले ठोस परिणाम हासिल गर्न कठिनाई उत्पन्न गर्दछ । विशेष गरी राजनीतिक दलहरूबीचको धारणा फरक हुँदा र एक अर्कामा समन्वय नहुँदा, नीति-कार्यक्रमको दोहोरोपन, संसाधनको असमान वितरण र अनुगमनको कमजोर अवस्था देखिन्छ । उदाहरणका लागि, बाल संरक्षणसम्बन्धी कार्यक्रमहरू स्थानीय तहको जिम्मेवारीमा भए पनि प्रदेश सरकार तथा संघीय सरकारले नीति निर्देशिका उपलब्ध नगराउने वा बजेट विनियोजनमा ढिलाइ हुने अवस्थाले गर्दा कार्यान्वयन पक्ष कमजोर देखिएको छ। यसले बाल अधिकारको संरक्षणलाई केवल कागजी दस्तावेजमा सिमित राखि बालबालिकाले प्रत्यक्ष लाभ लिनबाट वञ्चित रहेका छन् । राज्यका संरचनाहरूबीचको समन्वयको अलावा बालबालिकासँग सम्बन्धित विभिन्न गैर सरकारी संघ संस्थाहरूबीच पनि निरन्तर समन्वय हुनु आवश्यक देखिन्छ।

**२.५ सामाजिक-सांस्कृतिक र आर्थिक चुनौती**

बाल अधिकार संरक्षणमा सामाजिक, सांस्कृतिक र आर्थिक संरचनागत चुनौतीहरू दीर्घकालीन र जटिल छन् । नेपालमा गरिबी, अशिक्षा, बाल श्रम, बाल विवाह, मानव बेचबिखन जस्ता समस्याहरूले बाल अधिकारको संरक्षणलाई थप कठिन बनाएका छन्। नेपालमा बालश्रम निवारण सम्बन्धी गुरूयोजना २०७५-०८५ ले वि.सं २०८२ सम्म सबै प्रकारका बाल श्रम अन्त्य गर्ने लक्ष्य लिएकोमा तत्कालीन केन्द्रिय तथ्याङ्क विभागको बाल श्रम प्रतिवेदन २०७८ अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १५.३ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको देखिएको छ । जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्क अनुसार १५ देखि १९ वर्षका १४ प्रतिशत किशोरीहरूले उमेर नपुगी गर्भधारण गरेको पाइएको उल्लेख गरेको छ भने जनगणना २०७८ अनुसार १० वर्ष वा सो भन्दा माथिका कुल ४६ लाख ६३ हजार ८ सय ७३ बालबालिका मध्ये ७४ हजार २ सय ५२ जनाको बालविवाह भएको देखिएको छ तसर्थ नेपालमा बाल विवाह रोकथाम गर्न सकिएको छैन भन्ने पुष्टि हुन्छ। साक्षरता दर (६ वर्ष माथिका) ७६.३% रहेको छ। त्यस्तै २०७३

साल वैशाख २७ देखि २०८२ असार मसान्तसम्म २ हजार ५ सय ५३ जना बालबालिकालाई सडकबाट उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको छ (बाल बालिका सम्बन्धी स्थिति प्रतिवेदन २०८२, पृ. १०१) । आर्थिक वर्ष २०८१/०८२ मा मानब बेचविखन तथा ओसारपसार कसुरमा नेपालभर १५१ वटा मुद्दा दर्ता भएको छ (मानव बेचबिखतन तथा अनुसन्धान ब्यूरो २०८२) । आ.व. २०८१/०८२ सम्म ७६ वटा जिल्ला पूर्ण खोपयुक्त जिल्ला घोषित भएका छन् भने पूर्णरूपमा सबै प्रकारका खोप लगाउने बालबालिकाहरू ९४ प्रतिशत पुगेको देखिन्छ।

उल्लेखित तथ्याङ्कलाई हेर्दा बालबालिकाको ठुलो संख्या बाल अधिकार बाट वञ्चित हुन परेको अवस्था छ। यस्ता समस्याहरू राजनीतिक दलहरूले नीतिगत र कार्यान्वयन तहमा दीर्घकालीन दृष्टिकोणबाट समाधान गर्न पर्याप्त ध्यान दिएको देखिँदैन । सांस्कृतिक अभ्यास र परम्परागत दृष्टिकोणले पनि बाल अधिकारको कार्यान्वयनमा अवरोध पुऱ्याउँछ । जस्तो छाउपडी प्रथा, कमैया प्रथा आदि। परिवार र समुदायले बालबालिकालाई आर्थिक उत्पादनको साधन वा विवाह सम्बन्धी सामाजिक दबाबमा राख्दा कानुनी प्रावधानको प्रभाव सीमित रहन्छ । यसैगरी गरिबी र अशिक्षाले बालबालिकाको पहुँच, अवसर र संरक्षणमा असमानता सिर्जना गरेको छ। राजनीतिक दलहरूले अल्पकालीन चुनावी वा लोकप्रिय नीतिमा ध्यान केन्द्रित गर्दा यी दीर्घकालीन चुनौतीहरू सम्बोधनमा कमजोर देखिन्छन्। सामाजिक-सांस्कृतिक र आर्थिक संरचनागत चुनौतीहरूले बाल अधिकारको संरक्षणलाई केवल कानुनी र नीतिगत स्तरमा सीमित राखेर व्यवहारिक रूपमा प्रभावकारी हुनबाट रोक्छन् । तसर्थ बाल अधिकारको संरक्षण केवल कानुन र नीति निर्माणमा मात्र सीमित नभई समाजिक चेतना, आर्थिक सुधार, शिक्षा पहुँच र राजनीतिक प्रतिबद्धतासहितको बहुआयामिक दृष्टिकोण आवश्यक छ।

**३.बाल अधिकार संरक्षणका लागि समाधानका उपायहरू**

**३.१ राजनीतिक प्रतिबद्धता**

नेपालमा बाल अधिकार संरक्षणलाई व्यवहारिक रूपमा प्रभावकारी बनाउन राजनीतिक दलहरूको स्पष्ट, दृढ र दीर्घकालीन राजनीतिक प्रतिबद्धता अपरिहार्य छ। राजनीतिक दलहरूले आफ्ना घोषणापत्र, दलहरूका दस्तावेज, नीति तथा कार्यक्रमहरूमा बाल अधिकारलाई केवल औपचारिक रूपमा मात्र नराखी राष्ट्रिय एजेन्डाका रूपमा स्वीकार गर्न आवश्यक छ । सत्ता सञ्चालनका क्रममा नीति निर्माण, कानुन संशोधन तथा विकास योजनाहरू तर्जुमा गर्दा बालबालिकाको

सर्वोत्तम हित (best interest of the child) लाई केन्द्रमा राखी अवलम्बन गरिनुपर्छ । बाल अधिकार उल्लङ्घनका घटनाप्रति राजनीतिक नेतृत्व जवाफदेही बन्ने र दोषीलाई संरक्षण गर्ने प्रवृत्तिको अन्त्य गर्न दलगत आचारसंहिता तथा आन्तरिक अनुशासन प्रणालीलाई प्रभावकारी रूपमा लागु गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**३.२ कानुनी तथा नीतिगत कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि**

नेपालमा बालबालिकासम्बन्धी ऐन, नीति र कार्ययोजनाहरूको अभाव नभए पनि तिनको कार्यान्वयन पक्ष कमजोर रहेको यथार्थलाई सम्बोधन गर्न राजनीतिक दलहरूले विशेष ध्यान दिनुपर्छ । विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन, दक्ष जनशक्ति व्यवस्थापन तथा स्पष्ट कार्यविधि आवश्यक छ । राजनीतिक दलहरूले सरकारमार्फत बाल अधिकारसँग सम्बन्धित कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन र सार्वजनिक प्रतिवेदन प्रणालीलाई सुदृढ गर्नुपर्छ, जसले नीति र व्यवहारबीचको अन्तर घटाउन सहयोग पुर्‍याउँछ । यसका साथै, कानुन उल्लङ्घनका घटनामा राजनीतिक हस्तक्षेपको प्रवृत्ति अन्त्य गरी स्वतन्त्र न्यायिक र प्रशासनिक संयन्त्रलाई सशक्त बनाइनु आवश्यक छ ।

**३.३ बालमैत्री शासन र संस्थागत समन्वयको प्रवर्द्धन**

संघीय शासन प्रणालीको सन्दर्भमा बाल अधिकार संरक्षणका लागि केन्द्र, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका विभाजन र प्रभावकारी समन्वय अपरिहार्य हुन्छ । राजनीतिक दलहरूले बालमैत्री शासनको अवधारणालाई व्यवहारमा उतार्दै नीति, योजना र कार्यक्रमहरू बालकेन्द्रित बनाउने पहल गर्नुपर्छ । विशेष गरी स्थानीय तहमा बाल संरक्षण समिति, बाल सहभागिता संयन्त्र तथा सेवा प्रदायक संस्थाहरूलाई सशक्त बनाएर संस्थागत समन्वय प्रवर्द्धन गर्न सकिन्छ । बाल मैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ले आ.व. २०८७/०८८ सम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने लक्ष्य लिएको छ । त्यस्तै आ.व. २०८२ असार मसान्त सम्म १३० वटा नगरपालिका, २०० वटा गाउँपालिका तथा २ हजार ९५५ वटा वडाहरू बालमैत्री घोषणा गर्ने लक्ष्य रहेकोमा २ वटा महानगरपालिका, १८ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी जम्मा २७ वटा स्थानीय तह र अन्य स्थानीय तहमा केही न्यून वडाहरू बालमैत्री घोषणा घोषणा भएका छन् तसर्थ लक्ष्य अनुसार काम नहुनुमा अस्थिर सरकार, राजनीतिक दलहरूबीचको अन्तरदल सहकार्य र साझा न्यूनतम कार्यक्रमले बाल अधिकार

संरक्षणलाई दलगत प्रतिस्पर्धाभन्दा माथि उठाएर राष्ट्रिय दायित्वका रूपमा स्थापित हुन नसक्नु हो ।

**३.४ बाल सहभागिता र सशक्तीकरणको सुनिश्चितता**

बाल अधिकार संरक्षणको प्रभावकारिता बालबालिकाको सक्रिय सहभागितासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । राजनीतिक दलहरूले बालबालिकालाई केवल संरक्षणको विषय मात्र नभई अधिकारयुक्त नागरिकका रूपमा स्वीकार गर्नुपर्छ । नीति निर्माण, कार्यक्रम तर्जुमा र स्थानीय शासन प्रक्रियामा बालबालिकाको विचार, अनुभव र सुझाव समेटिने वातावरण सिर्जना गर्न आवश्यक छ । यसका लागि बाल क्लब, बाल संसद, बाल परिषद् जस्ता संरचनाहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्दै सशक्त बनाइनु जरूरी देखिन्छ । यसले बालबालिकामा नागरिक चेतना विकास गर्नुका साथै लोकतान्त्रिक अभ्यासप्रति विश्वास अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

**३.५ सामाजिक–आर्थिक चुनौती सम्बोधनका लागि दीर्घकालीन रणनीति**

गरिबी, अशिक्षा, बाल श्रम, बाल विवाह तथा मानव बेचबिखनजस्ता सामाजिक-आर्थिक समस्याहरू बाल अधिकार संरक्षणका प्रमुख अवरोधका रूपमा रहेका छन् । यी समस्याहरूको समाधानका लागि राजनीतिक दलहरूले अल्पकालीन कार्यक्रमभन्दा दीर्घकालीन, समावेशी र अधिकारमा आधारित रणनीति अवलम्बन गर्न आवश्यक छ । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारीका अवसर विस्तारमार्फत परिवारको आर्थिक अवस्था सुदृढ गर्न सकेमा बाल अधिकार उल्लङ्घनका जोखिमहरू न्यूनीकरण गर्न सकिन्छ । साथै, गैरसरकारी संस्था, नागरिक समाज र अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग सहकार्य गर्दै राजनीतिक दलहरूले बहुआयामिक र दिगो समाधानतर्फ अग्रसर हुनुपर्ने देखिन्छ ।

**४. सुझावहरू (Suggestions)**

**४.१ बाल अधिकारलाई राष्ट्रिय राजनीतिक एजेन्डाका रूपमा संस्थागत गर्नु**

नेपालका राजनीतिक दलहरूले बालअधिकार संरक्षणलाई केवल सामाजिक वा कल्याणकारी विषयका रूपमा सीमित नराखी दीर्घकालीन राष्ट्रिय राजनीतिक एजेन्डाका रूपमा संस्थागत गर्न आवश्यक छ । यसका लागि दलगत घोषणापत्र, नीति दस्तावेज र रणनीतिक योजनाहरूमा बाल अधिकारलाई स्पष्ट प्राथमिकतासहित समावेश गर्नुपर्छ । सत्ता प्राप्ति पछिको कार्ययोजना निर्माणमा बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी नीति तथा कार्यक्रमहरू तर्जुमा गरिनुपर्छ, जसले राजनीतिक

प्रतिबद्धतालाई व्यवहारिक कार्यसूचीमा रूपान्तरण गर्न सहयोग पुऱ्याउँछ ।

**४.२ बाल अधिकार संरक्षणका लागि सुनिश्चित र पारदर्शी बजेट व्यवस्था**

बाल अधिकार संरक्षण प्रभावकारी बनाउन पर्याप्त, निरन्तर र पारदर्शी बजेट व्यवस्था अपरिहार्य हुन्छ । राजनीतिक दलहरूले सरकार मार्फत बालबालिकासम्बन्धी नीति तथा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन सुनिश्चित गर्नुपर्छ र बजेट खर्च प्रक्रियामा पारदर्शिता कायम गर्न विशेष ध्यान दिनुपर्छ । बजेट अभावका कारण कार्यक्रमहरू कागजी सीमामा सीमित हुने अवस्थाको अन्त्य गर्न दीर्घकालीन वित्तीय योजना आवश्यक देखिन्छ, जसले बाल अधिकार संरक्षणलाई दिगो बनाउँछ ।

**४.३ राजनीतिक गतिविधिमा बालबालिकाको दुरूपयोग पूर्ण रूपमा निषेध गर्नु**

राजनीतिक दलहरूले बालबालिकालाई जुलुस, सभा, प्रदर्शन तथा दलगत गतिविधिमा प्रयोग गर्ने प्रवृत्तिको पूर्ण अन्त्य गर्न कडाइका साथ दलगत आचारसंहिता लागु गर्नुपर्छ । बालबालिकाको राजनीतिक दुरूपयोग बाल अधिकारको प्रत्यक्ष उल्लङ्घन भएकाले यसप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनु आवश्यक छ । साथै, यस्ता गतिविधिमा संलग्न व्यक्तिहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउने स्पष्ट व्यवस्था लागु गर्न राजनीतिक दलहरूले अग्रसरता देखाउनुपर्छ ।

**४.४ अनुगमन, मूल्याङ्कन र जवाफदेहिता संयन्त्र सुदृढीकरण**

बाल अधिकार संरक्षण सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्न अनुगमन, मूल्याङ्कन र जवाफदेहिता संयन्त्रलाई सशक्त बनाइनु आवश्यक छ । राजनीतिक दलहरूले स्वतन्त्र अनुगमन संयन्त्रको सम्मान गर्दै तथ्यमा आधारित निर्णय प्रक्रिया अपनाउनुपर्छ । नियमित प्रतिवेदन प्रकाशन, सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण जस्ता अभ्यासले नीति कार्यान्वयनमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछन् ।

**४.५ सरोकारवालाबीच सहकार्य र समन्वय विस्तार**

बाल अधिकार संरक्षण बहुआयामिक विषय भएकाले राजनीतिक दलहरू, सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाज र अन्तर्राष्ट्रिय विकास साझेदारबीच प्रभावकारी सहकार्य आवश्यक छ । राजनीतिक दलहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्दै साझा उद्देश्यका आधारमा समन्वयको वातावरण सिर्जना गर्नुपर्छ । यसले कार्यक्रमहरूको दोहोरोपन घटाउनुका साथै स्रोत साधनको

प्रभावकारी उपयोग र दिगो परिणाम हासिल गर्न सहयोग पुऱ्याउँछ।

## ५. निष्कर्ष (Conclusion)

नेपालका दलहरूबाट विभिन्न समयमा बनेका सरकारहरूद्वारा बाल अधिकारको सम्मान, संरक्षण सम्बर्द्धनका लागि धेरै प्रयासहरू भएका छन् । बाल अधिकार संरक्षणका लागि संवैधानिक कानुनी र संस्थागत आधारहरू निर्माण भए तापनि यसको प्रभावकारी कार्यन्वयनमा सरकार र राजनीतिक दलहरूको भूमिका अझै सुदृढ हुन आवश्यक छ। राजनीतिक दलहरू नीति निर्माण र राज्य सञ्चालनका प्रमुख शक्ति भएकाले उनीहरूको प्रतिबद्धता, प्राथमिकता र व्यवहारले नै बाल अधिकारको वास्तविक अवस्था निर्धारण गर्दछ। बाल अधिकारलाई केवल नीतिगत घोषणामा मात्र नभई व्यवहारिक कार्यसूचीको रूपमा अंगिकार गर्न सकेमा मात्र नेपालमा बालमैत्री समाज र समावेशी भविष्य सम्भव हुनेछ।

त्यसैले बाल अधिकार संरक्षणमा नेपालका प्रमुख राजनीतिक दलहरूले उत्तरदायी, संवेदनशिल र दीर्घकालीन दृष्टिकोण सहितको सशक्त भूमिका निर्वाह गर्नु आजको अपरिहार्य आवश्यकता हो । तर राजनीतिक दलहरूको प्राथमिकतामा बाल अधिकार संरक्षणको सवाल पहिलो प्राथमिकतामा परेको छैन ।

## ६. सन्दर्भ सामग्री (References)


- नेपालको संविधान २०७२, नेपाल सरकार।
- बालबालिका सम्बन्धी ऐन, २०७५, नेपाल सरकार।
- बालबालिका सम्बन्धी नियमावली, २०७८, नेपाल सरकार।
- बालबालिका सम्बन्धी महासन्धी २०८९, संयुक्त राष्ट्र संघ।
- राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क विभाग।
- युनिसेफ नेपाल (२०१९), नेपालमा बाल अधिकारको विश्लेषण, युनिसेफ नेपाल।
- बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन २०८२, राष्ट्रिय बाल अधिकार परिषद्।
- केन्द्रिय तथ्याङ्क विभाग, बाल श्रम प्रतिवेदन २०७८।
- जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२, राष्ट्रिय तथ्याङ्क विभाग।
- बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (२०७९), प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य र स्थानीय निर्वाचन, २०७९ मा राजनीतिक दलहरूको घोषणापत्रमा समावेश भएका बालबालिका सम्बन्धी विषयहरू, सिजप।
- महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय, (२०८२) लैङ्गिक हिंसा सम्बन्धी वार्षिक तथ्यपत्र २०८२, नेपाल प्रहरी।

- ♦ अपराध अनुसन्धान विभाग (२०८२), सिआईडि म्याग्जिन २०८२, नेपाल प्रहरी।
- ♦ उज्यालो अनलाईन, (२०२२, नोभेम्बर २८), चुनावमा बालबालिका प्रयोगका २ सय १६ वटा घटना सार्वजनिक।
- ♦ https://ujyaaloonline.com/story/79720/2022/11/28/216-incidents-of-using-children-in-the-election.


♦♦♦

**लघुकथा**

# प्रमाण



✍ **गङ्गा कर्माचार्य पौडेल**

"हत्या हिंसा बन्द गर। अन्याय  गर्न पाइदैन। हाम्रो बाँच्ने अधिकार सुनिश्चित गर" भन्दै कराएको सुनेर रामचा छक्क पर्‍यो। सबै प्राणीका भाषा बुझ्न सक्ने शक्ति पाएको उसले पिठ्युमा गह्रौ भारी बोकेर भर्खर खेतमा पुगेको मात्रै थियो। रामचाले आलिमाथि थपक्क भारी राखेर आवाज आएतिर नियाल्यो। त्यहाँ त भ्यागुता, गडेउला, गोब्रे किरा, कमिला खेतमा पाइने सबै प्रजातीका किरा फट्याङ्ग्राको जुलुस रैछ। एउटा बूढो भ्यागुताले टवारट्वार गरि चिच्याउँदै नारा लाएर अगुवाई गर्दै थियो भने पछाडि बुरुक्क बुरुक्क उफ्रँदै उसका साखासन्तान लगायत गडेउला, गोब्रे किराहरूले टुर्र, किर्र, कुर्र, चिर्र आवाज निकालेर उसलाई साथ दिइरहेका थिए। रामचालाई अलि डर पनि लाग्यो। किनभने त्यो जुलुस उतिरै अघि बढिरहेको थियो। रामचाले आत्तिदै भन्यो "मैले कसैको हत्या गरेको छैन। म साकाहारी मान्छे। किन मार्थे र अरूलाई ? त्यसै आरोप लाउने बड.." ऊ अलि जङ्गीयो पनि ।

"जो चोर उसैको ठुलो स्वर ?" हाम्रा बाआमालाई मार्ने तिमी नै हौ। सम्झ त तिमी सानो छँदा यो खेतको कुलोमा कति माछा हुन्थे ? ऊ...त्यो कुनाको रुख पनि तिमीले काट्यौ। त्यसमा बकुल्ला, लामपुच्छ्रे जस्ता थुप्रै चरा आएर बस्थे। कोइलीले गीत गाउँदा कति रमाइलो हुन्थ्यो। अहिले शून्य भयो। तिम्रै कारणले मर्ने मरेर गए। बाँकी रहेका पनि रोगी छौं। तिमीले हामी साना जीवहरूको जीवन सङ्कटमा पार्‍यौ। यहाँको पर्यावरण खलबल्याउनुमा तिम्रै दोष छ"। त्यसरी आफूमाथि आरोपको वर्षा भएपछि रामचालाई खपि नसक्नु भएर च्याँठ्ठीदै भन्यो "के प्रमाण छ तिमीहरूसँग ?"

बूढो भ्यागुतो बुरुक्क उफ्रेर रामचाले बिसाएको भारी माथि चढेर भन्यो "प्रमाण ! यी...यो बोरा भित्र छ। तिमीले खेतमा छर्न ल्याएको रासायानिक मल। त्यही हो हामी साना जीवहरूको विनाश गर्ने विष।

# बाल यौन दुरूपयोग



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी[°]

बाल यौन दुरूपयोग गम्भीर आपराधिक कसुर र बाल हिंसा हो । यो एउटा गम्भीर सामाजिक कसुर हो । करणीका आशयले नाबालकलाई[1] गरिने शङ्कास्पद कार्यलाई बाल यौन दुरूपयोग भनिन्छ । यौन कार्य के हो ? भन्ने जानकारी नै हुने अवस्था नभएका स-साना बालबच्चालाई यौनजन्य कार्यमा लगाउने कार्य बाल यौन दुरूपयोग हो ।

नाबालक विरूद्ध हुने हिंसा, यौन दुराचार वा शोषण आदिका कारणमा गरिबी र सामाजिक विभेद लगायत प्रमुख मानिन्छ । बालबालिकाको कौमार्य, अज्ञानता र शारीरिक अपरिपक्कता आदि कारणले गर्दा उनीहरू यौन दुरूपयोगको लागि उच्च जोखिममा हुन्छन् । यसको अतिरिक्त सामाजिक विभेद र गरिबीबाट मुक्तिको लागि बालबालिकाहरूलाई विभिन्न काममा लगाउने वा लगाउन अनुमति दिने गर्दछन् । बालबालिकालाई उपयोग्य वस्तुको रूपमा लिने प्रवृत्तिले पनि बाल यौन दुरूपयोगको कसुरमा पीडित हुनेको संख्या बढेको पाइन्छ ।[2] बाल यौन दुरूपयोगका कारणहरूलाई बुँदागत रूपमा उल्लेख गर्न त्यति सहज हुँदैन तर यसका प्रमुख कारणहरूमा सशस्त्र द्वन्द्व र त्यसको कारणले हुने विस्थापन, लैङ्गिक विभेद, विद्युतीय माध्यमको दुरूपयोग आदि उल्लेख गर्न सकिन्छ । पीडित हुने बालबालिकामा अनाथ र असहाय, मानसिक र शारीरिक रूपमा दुर्बल, अल्पसंख्यक, सीमान्तकृत समुदायका बालबालिका र संरक्षकको संरक्षकत्वमा वा प्रत्यक्ष निगरानीमा नरहेका बालबालिकाहरू पर्दछन् । बालबालिका पीडित हुने कारणहरूमा सामाजिक तथा सांस्कृतिक कारण, पारिवारिक विश्रृङ्खलता र सम्बन्ध विच्छेदले

°एलएल. एम. (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता ।

१. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ (ञ) ले १८ वर्ष पूरा नगरेको व्यक्तिलाई बालबालिकाको रूपमा परिभाषित गरेको छ ।

२. प्रा.डा. रजितभक्त प्रधानाङ्ग, सोमकान्ता भण्डारी, "नेपालका बाल यौनसम्बन्धी अपाध र कानुनी व्यवस्थाः एक विश्लेषण," प्रतिपादन, वर्ष ६, अंक १, काठमाडौंः राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०७६, पृ. ३७ ।

पार्ने परिवारको विखण्डन, चेतनाको अभाव, आन्तरिक तथा अन्तर्राष्ट्रिय बसाइँसराइ आदि हुने देखिन्छ । यसैगरी बाल यौन दुरूपयोगका पीडकहरूमा सशस्त्र समूहका सदस्यहरू, धार्मिक वा शैक्षिक संस्थाका कर्मचारी वा व्यवस्थापक, बालसंरक्षक सम्बन्धी संस्थाका कर्मचारी र व्यवस्थापक, संरक्षक तथा विद्यालयका शिक्षकहरू, छिमेकी, अभिभावक, परिचित व्यक्ति तथा आफ्नै समुदायका सदस्यहरू, आदि रहेका हुन्छन् ।

भारतमा बाल यौन दुरूपयोग सम्बन्धी छुट्टै कानुनी व्यवस्था रहेको पाइँदैन । बेलायतमा Sexual Offence Act, 2003 को दफा ९ देखि १२ सम्म हेर्दा नाबालकहरू विरूद्धका यौनजन्य कसुरहरूको बारेमा व्यवस्था गरेको देखिन्छ ।

बाल यौन दुराचार वा दुरूपयोग (Sexual Abuse of Children) पछिल्लो समयमा देखिएको गम्भीर आपराधिक कसुर र बाल हिंसा हो । खासगरी नाबालकलाई प्रयोग गरी गरिने यौनजन्य कार्य बाल यौन दुरूपयोग हो । यौनजन्य कार्य वा यस सम्बन्धमा कुनै जानकारी नै हुने अवस्था नभएका स-साना बालबच्चालाई यौनजन्य कार्यमा प्रयोगमा ल्याउने वा लगाउने कार्यलाई बाल यौन दुरूपयोग भनिन्छ । बेलायतमा Sexual Offence Act, 2003 ले सोह्र वर्ष भन्दा कम उमेरका बालबालिका उपर यौनजन्य आशयले छुने, यौनजन्य कार्यका लागि उकास्ने, यौनजन्य कार्यमा लगाउने, यौनजन्य कार्य हेराउने, यौनजन्य चलचित्र देखाउने आदि जस्ता कार्यलाई बालबालिका विरूद्धका यौन अपराध मानेको छ। यसमा बालबालिकाको सहमति वा मञ्जुरीको कुनै गुन्जाइस रहँदैन। भारतमा बाल यौन दुरूपयोग सम्बन्धी छुट्टै कानुनी व्यवस्था रहेको पाइँदैन । नेपालमा बालबालिका सम्बन्धी ऐन, २०७५ ले यस सम्बन्धी कसुर र सजायको बारेमा समेत व्यवस्था गरेको छ।

नेपालमा सुरूमा मुलुकी ऐन जबरजस्ती करणीको महलको ९क नम्बरले कसैले कुनै नाबालकसँग बाल यौन दुराचार गरे गराएमा जबरजस्ती करणी गरेको मानी त्यस्तो कसुर बापत हुने सजायमा थप सजाय गरी अदालतले बाल यौन दुराचार गर्नेबाट पीडित नाबालकलाई मनासिब माफिकको क्षतिपूर्ति समेत भराई दिनुपर्ने व्यवस्था गरेको थियो । तर यस दफाले यस्तो अवस्थामा बाल यौन दुराचार हुन्छ भनी तोकेको थिएन।

मुलुकी अपराध संहिताको दफा २२५ को उपदफा (१) ले "कसैले बाल यौन दुरूपयोग गर्न वा गराउन हुँदैन" भनी बाल यौन दुरूपयोगलाई अपराधीकरण गरेको छ । उपदफा (२) ले "कसैले करणीका आशयले बालबालिकालाई

अस्वाभाविक रूपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वाभाविक व्यवहार गरेमा बाल यौन दुरूपयोग गरेको मानिनेछ" भनी परिभाषा गरेको छ।

फौजदारी कसुर/अपराध ठहर गर्दा अपराधका दुई वटा तत्वहरू आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) आवश्यक मानिन्छ। यी दुई तत्व बालबालिका विरूद्ध हुने यौनजन्य कसुर कायम हुन पनि आवश्यक हुन्छ। साथै बालबालिका विरूद्ध हुने वा गरिने यौनजन्य वा अन्य कसुमा पीडित बालबालिकाको सहमति थियो वा थिएन भन्ने प्रश्न नै उठ्दैन । उनीहरूले सहमति दिन सक्ने क्षमता राख्न सक्दैनन् । त्यसकारण बालबालिकाले सहमति दिएको भए पनि कानुनका दृष्टिका सो सहमतिलाई सहमति मानिँदैन।

विशेष ऐनको रूपमा रहेको बालबालिका सम्बन्धी ऐन, २०७५ ले पहिलो पल्ट बालबालिका विरूद्धको कसुरलाई परिच्छेद ८ दफा ६६ मा अलग्गै उल्लेख गरेको छ। बालबालिकाको विरूद्ध गरिने यौनजन्य कसुरको सम्बन्धमा बालबालिका विरूद्ध हिंसा (Violence Against Children) र बाल यौन दुर्व्यवहार (Sexual Misconduct Against Children) गरी दुई प्रकृतिका कसुर र सो अनुसार सजायको व्यवस्था गरेको छ। विशेष ऐनको गरिएको यो कानुनी व्यवस्था ज्यादै बृहत् र विस्तृत व्यवस्था समेत हो। यस कानुनी व्यवस्थाले बालबालिका विरूद्धको कसुरको परिभाषा गर्नका अलावा बालबालिका विरूद्धका कसुरको वर्गीकरण गरी तिनीहरूको परिभाषा समेत गरेको छ।

सो ऐनको दफा ६६ को उपदफा (३) मा कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बाल यौन दुर्व्यवहार गरेको मानिने उल्लेख छः

(**क**) अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,

(**ख**) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(**ग**) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(**घ**) अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(**ङ**) यौनजन्य मनसायले शरीरको संवेदनशील

अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(**च**) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(**छ**) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(**ज**) बाल यौन शोषण गर्ने वा गराउने,

(**झ**) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(**ञ**) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(**ट**) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने ।

तर सूचना तथा शिक्षा प्रदान गर्ने उद्देश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्बन्धी विषयमा शब्द, चित्र, श्रव्य, दृश्य साधन तथा वस्तु वा सामग्रीका बारेमा लेखेर, बोलेर, इशारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थोपचार वा बालबालिकाको हितका लागि दुर्घटना वा जोखिमबाट बचाउ गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई यौन दुर्व्यवहार गरेको नमानिने कानुनी व्यवस्था छ ।[३]

**बाल यौन दुरूपयोगमा सजाय**

मुलुकी अपराध संहिताको दफा २२५ को उपदफा (३) ले "बाल यौन दुरूपयोगको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ" भन्ने व्यवस्था गरेको छ । साथै बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिका विरूद्ध हुने कसुर गरेमा कसुरको मात्रा अनुसार देहाय बमोजिम सजाय हुने व्यवस्था गरिएको छः [४]

♦ दफा ६६ को उपदफा ३ को खण्ड (**क**), (**ख**) (**ग**), (**ङ**), (**च**) **वा** (**ञ**) बमोजिमको कार्य गरेमा पचहत्तर हजार रूपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद,

♦ दफा ६६ को उपदफा (३) को खण्ड (**घ**) बमोजिमको कार्य गरेमा असी हजार रूपैयाँसम्म जरिवाना र चार वर्षसम्म कैद,

♦ दफा ६६ को उपदफा (३) को खण्ड (**छ**) वा (**ज**) बमोजिमको कुनै कार्य गरेमा प्रचलित कानुन बमोजिम जबरजस्ती करणीको कसुरमा कसुरदारलाई हुने सजाय ।

♦ दफा ६६ को उपदफा (३) को खण्ड (**झ**) वा (**ट**) बमोजिमको कुनै कार्य गरेमा एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना र पन्ध्र वर्षसम्म कैद ।

♦ उपदफा (१), (२) र (३) मा उल्लिखित कार्य गर्न दुरूत्साहन गर्ने, उद्योग गर्ने वा

३. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (४) ।

४.बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७२ को उपदफा (३) ।

मतियार हुने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने जरिवाना र कैदको आधा सजाय हुने,

♦ कसैले यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा अनुसार पचास हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने,

♦ एक पटक सजाय पाएको व्यक्तिले पुनः त्यस्तो कार्य गरेमा निजलाई यस दफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय समेत हुने,

♦ उपदफा (३) बमोजिमको कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर मानिने रहेछ भने त्यस्तो कसुरमा सो कानुन बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न यस दफाको व्यवस्थाले कुनै बाधा पर्ने छैन र कसैले यस ऐन विपरीत कुनै कार्य गरे बापत निजलाई प्रचलित कानुन बमोजिम यस दफामा लेखिएभन्दा बढी सजाय हुने रहेछ भने सोही बमोजिमको सजाय हुने ।

**बाल यौन दुरूपयोगको पीडित नाबालकलाई क्षतिपूर्ति**

मुलुकी अपराध संहिताको दफा २२८ मा “बालयौन दुरूपयोगको कसुरबाट पीडित नाबालकलाई कसुरदारबाट क्षतिपूर्ति भराई दिनु पर्नेछ” भन्ने व्यवस्था गरिएको छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७३ ले बालबालिका विरूद्धको कसुरको कसुरदारलाई भएको जरिवानाको रकमभन्दा कम नहुने गरी पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानी समेतको विचार गरी मनासिब क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रूपमा कसुरदारबाट भराइ दिने, पीडित बालबालिकालाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा प्रचलित कानुन बमोजिम अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था गरिएको छ । ♦

## मुक्तक



**✍ हरिकृष्ण धिताल ‘एच.के’**


फुटेको नै जोडेको हो फुट्ला भन्ने के को डर हुन्छ
दुई दिशाबाट आएको नदिको खासै के भर हुन्छ
सकभर बेरेरै राख्ने हो अँगालोमा सुरक्षित साथ
बस्नै मान्दैन भने बेर्नेलाई मात्रै के को कर हुन्छ

बेइमानलाई पनि अन्तमा इमानदार चाहिँदो रैछ
यो पक्कै मरेको हो भन्न कुनै आधार चाहिँदो रैछ
यहाँ आफन्त छन् भनेर कसरी भन्न सकियो र खै
लास भइसकेपछि पनि गाड्न सरकार चाहिँदो रैछ

जति तौलिए पनि मेरो पट्टि मात्रै घट्छ तुलो किन ?
बलियो पारेर जति थुने पनि खोलिन्छ कुलो किन ?
कति सम्म निर्दयी बन्न सक्छस् ए भगवान प्रश्न छ
संसार हेर्ने मेरो नयन माथि पारिन्छ फुलो किन ?

निियात्रा

# चौतारोमा महाकवि



✍ **युवराज नयाँघरे**

पाइला खोज्दै छु म देवकोटाका !

बिहानभरि कोल्पुटारका अनेक पाखापखेरा चहारेपछि हामी आइपुगेथ्यौँ खड्का छाप । अघि बाटो मास्तिरको सल्लाघारीले अकासै हरियो बनाएको रमरमे स्वाद फेरि सम्झिदैछु । वरिपरि मकैबारीको हरियालीमा छरिएको उज्यालो नि हरियै ।

सारा कोल्पुटारलाई हरियालीले सिँगारेको छ, लिपपोत गरेको छ र कोरीबाटी गरेको छ । मध्ये बर्खाको चमक यो बेला छोइसक्नु छैन रुखबिरुवामा । पाउलिने, कोपिलिने, फुल्ने वा पाकेर फ्यात्तै झर्नेसम्मको लीला यै असार वरपरै हुन्छ । 'महाकवि देवकोटा यतैतिर बसेथे !'

मदन नेपाल बोलेको सुन्छु ।

मकैबारीको सानो गोरेटो छिचोलेर मास्तिरको पाखातिर लाग्यौँ । उत्तरतिरको टारमा ठुलठुला झ्याम्म-झ्याम्म बोटहरू लदाबदी थिए फलैफलले लच्किएका । लिची, आँपका बडेमान रुखहरू । उस्तै हरियाली, झ्याम्म-झ्याम्म पनि उत्तिकै । ओहो, कति सप्लाएका यी आँप-लिचीका बोट । तराईतिर लिचीका मझौला बोट देखे पनि यसरी हलहली अग्लिएको, घनघोर बराँठिएर बढेको त देख्या थिइनँ मैले ।

'दुई सय वर्ष पुराना होलान् यी ।'

केदार नेपाल बोले ।

'देवकोटाले छोइछाई गरेकैले यस्तरी सप्लाएका होलान् ।'

विनोद नेपालले थपे ।

हामी आँप, लिची बगैंचालाई तेर्पे पारेर धारामा उभियौँ– यस मास्तिर एउटा खण्डहर भएको घर थियो । त्यै खण्डहरमाथि अनेकौँ पोथ्रा, झासझुस र घाँसे जालोले रजगज गरेको देखिन्थ्यो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवन संसार गाँसिएको यो गाउँ, यी गोरेटा र यो पाखो । अहिले त्यही माट्टिएको घर– जहाँ उनका केही रचनाकर्म छङछडाएर सिर्जिएका थिए ।

मदन नेपालले भत्केको घर देखाएर भनेथे– 'अंशमा यो घर मेरा काकाको हुन गयो । निकै भव्य र कलात्मक थियो । २०७२ सालको भूकम्पले घर ढल्यो । घरका झ्याल र ढोका निकै

कारिगरी गरिएका थिए । तिनलाई मैले र भाइ मोहनले जोगाउन खोज्यौँ । घरधनीले नदिएपछि त्यतिकै सडे, गले ।'

खड्काछाप, नुवाकोटको उब्जाउ र रसिलो धर्ती । पहाडी कुनाको यो सुन्दर र घमाइलो संसारसँग महाकवि घनीभूत भएको इतिहास छ ।

देवकोटाले यो कोल्पुलाई नेपाली साहित्यमा सश्रद्धा पुज्यस्थल बनाउन पुगेका छन् । देवकोटाले जीवन डोऱ्याउँदै त्यहाँ पुऱ्याएकाले सोध्दै-खोज्दै झिल्टुङ पुगेका थियौँ हामी ।

१९९७ सालमा देवकोटा झिल्टुङ पुगेथे । त्यो बेला उनी काठमाडौंको पश्चिमी थुम्का स्वयम्भुनाथबाट भीमढुंगा भएर गएका थिए । रामकोट भएर नुवाकोटको झिल्टुङ, गल्छी वा गोरखा जाने धेरैका लागि प्रचलित बाटो नै थियो त्यो ।

कोल्पु खोला दक्षिणतिर लम्पसारिएको डाँडा माझमा दगुरेको गोरेटोलाई रुखबिरुवाले नि बाटो छोडेथे । त्यतै हामीलाई औँल्याए नारायणले ।

'त्यही भञ्ज्याङ काटेर देवकोटा कोल्पुटार आएथे । त्यसपछि यो पखेराको उकाली भएर उनी पुगेथे खड्काछाप ।'

कुरा थप्ने केदार नेपाल थिए ।

कोल्पुटारबाट उकालो, तेर्छो र निकै तर्पायापछि खड्काछाप पुगिन्छ । त्यहीँ पुगेथे महाकवि देवकोटा ।

मदनले थप कथा कहे– "मेरा हजुरबुबा तेजराजका उनी भान्जे ज्वाइँ हुन् । देवकोटा 'मामे ससुराली जान्छु' भनेर हाम्रो घरमा आइपुगेका थिए ।"

घरअगाडिको लामो पाटोमा बसेर उनी लेखिरहने गर्दा रहेछन् । नजिकै कुवा थियो । कुरा खेलाउँदै-खेलाउँदै महाकवि कुवा छेउमा उभिएर घन्टौं चिन्तामग्न हुन्थे रे । अहिले कुवा सुकेको डोब देखाए मदनले ।

देवकोटालाई पारिवारिक घात, पीडा, वेदना र संकटले सधैँ घेरिरह्यो । एकातिर उनको स्वतन्त्र चेतना अर्कोतिर परिवारसँगको माखेसाङ्लो– यी परस्पर बेमेल स्थितिका साक्षी भए । अनि उनलाई उकुसमुकुस रचनाकारिताको गन्जागोलले घचेट्न छोडेन जीवनभरि ।

प्रकाश र कृष्ण नाउँका दुई रहर लाग्दा छोराहरू हनहनी ज्वरोले तीन-चार दिनको अन्तरमा निधन हुँदा देवकोटा बेचैन भए, अत्तालिएर घोर पीडामा पिल्सिए । त्यही विपत्ति, छटपटी र उल्झनबाट निको हुन उनी पुगेथे मामे ससुराली ।

देवकोटालाई बेला-बेलामा रनाहा छुट्थ्यो । उनी भौँतारिदै खड्का छापका घर-घर पुग्थे । झिल्टुङका अनेक घर-पिँढी र पखेरातिर वेग मार्न पुग्थे । देवकोटा झिल्टुङ पुगेको प्रमाण 'पहाडी जीवन' मा मनग्गे पाइन्छ ।

उनले यो परिवेश उतारेका छन्–"झिल्टुङ शान्त छ, सोझो छ, लगरीझगरीबाट दूर छ, चाहिने कुरा फलाउँछ, शानरवाफमा विश्वास गर्दैन, सिधासाधा जीवन नै आर्यको आदर्श देख्तछ, सब विश्वास श्रद्धा, भक्ति र सनातन रीतिथितिमा अडेको छ । ब्राह्मणहरू यहाँ गोठाला र किसानहरूमा रहन्छन् । यिनीहरू अरू तलाशभन्दा पृथ्वीलाई कोर्नु, बाट्नु, सिँगार्नु नै निको मान्दछन् । गठिलो शरीर, तन्दुरुस्ती र ऋणमा नडुब्नु नै यिनलाई जीवन जस्तो लाग्छ । यिनीहरू आफ्नै हातले उमार्दछन्, गोड्दछन्, फलाउँछन् र खान्छन् । आफ्ना-आफ्ना टुक्रामा आफ्नो-आफ्नो किस्मत गर्नु नै मुख्य ध्येय छ । ढुङ्गिलो भिरालो पहाडको छातीबाट यिनीहरू आफ्ना चाहिँदा चीजहरू निकाल्दछन् र यिनीहरूलाई खरखुशामद र झुटा, बाङ्गा चालको जरुरत छैन । आफ्ना-आफ्ना टुक्रालाई सानो स्वर्गसमान बनाएका छन्, कोरी, बाटी, सिँगारी र यो आत्मसन्तोषी सौन्दर्यको उचाइमा उनीहरू दृढविश्वासी, सच्चा नेपाली पहाडका पुत्र बनेर आर्य-सभ्यताको नमुना देखाउँछन् । यहाँ सहरको झिलिमिलि छैन, न घर्घराहट जसले मानवताका कलपूर्जाहरू थर्थराउँदै घर्घराउँदै जीवनको प्राकृतिक आर्यपना खलबल्याउँछ, यहाँ कृत्रिमता छैन जसले मनुष्यआत्माउपर अत्याचार गर्दछ । जीवन प्राकृतिक छ, चाल रसिलो, फराकिलो । खानामा विष हालिँदैन, पहाडको दूध पोसिलो छ, यद्यपि दुहुन गाहारो होस् । आलस्यका निमित्त अवकाश छैन, काम नगरी खान कसैको बूता हुँदैन, पृथ्वीमाताको दूध दुहुनुभन्दा प्राकृतिक कार्यहरू केही बुझिन्न र यो उच्च हावामा त्रिशूलीको शान्त प्रवाहउपर बसेका यी ब्राह्मण जाति स्वर्गका देवताहरूको नमुनारुपमा देखिन्छन् ।"

देवकोटा मनोरोगको वेदनाले पिल्सिएर कोल्पु पुगेथे । त्यहाँ उनी बेला-बेलामा आवेगपूर्ण व्यवहार गर्थे रे । मदनले पनि सुनेका कुरा हामीलाई खरखरी बताए–'देवकोटा यहाँ आएर बस्दा बेलाबखत बौलाउनै खोज्थे । उनले गरेको व्यवहार अनौठै लाग्थ्यो रे हाम्रो बुबा, हजुर बालाई ।'

'म मर्न जान्छु !'

'देवकोटा मर्न भनेर तारेभिर गएछन् । हजुरबाले च्याप्प समातेर ल्याई घरमा राख्नु भएछ । टुप्पीको शिखा दऱ्होसँग कसिदिनुभएछ । अनि शान्त भएर देवकोटा बसेछन् ।'

मदनले अरू थपे– 'देवकोटाले मर्न खोजेको भिर त्यै हो !'

हामी सबैले उत्तरतिर रहेको छाँगाछुर तारेभिर हेऱ्यौँ । मनै सिरिङ्ग हुने भिरमा ढुंगा, रुख र सिरुपाते घाँस

लहलहाइरहेथे यतिबेला ।

देवकोटासँगै रचनाकर्ममा गाँसिन पुग्यो कोल्पुटार । यहीँ बस्दै गर्दा उनले 'कुञ्जिनी' पनि लेख्न पुगे– २००२ सालतिर । त्यसो त नेपाली भाषा प्रकाशिनी समितिमा 'मुनामदन' लेखेर बुझाएपछि पुष्कर शमशेर लगायतका विद्वत्‌जनले मनग्गे टिप्पणी गरेथे रे । त्यै दनकलाई उनको सनकले उत्तर दिएको लाग्छ- एकै रातमा कुञ्जिनी लेख्नु ।

झिल्टुङको गौरव– कुञ्जिनी । कुञ्जिनी, उनले यहीँ बसेर लेखेथे । कुञ्जिनीका कथाका पात्रहरू गोरे राउत, कुञ्जिनीहरू यही कोल्पुटारकै अमर आत्मा थिए । जसलाई देवकोटाले यताउता धागो चलाई, कुरुस घुमाई-घुमाई निकै सुन्दर जालीरुमाल बुन्न सकेथे ।

कुञ्जिनीमा छ नि झिल्टुङ चित्र–

"पहाडको दरबारमा वसन्त झिलमिल !
दक्षिणको मसालाले बन्छ सबै खिलखिल !
लङ्कापारिबाट परी बतास पङ्खी आए !
बादलका चाँदी भुवा सौगात भनी ल्याए !
झुम्के चरम रङ्गीचङ्गी डोली-डोली धाए
साइपाटाका फूलका किश्ती सारा झिल्मिलाए !
कोपिला भै बेह्रिएको लगन खोली हेर !
सुनका अक्षर सुनका कबुल पाइनेछन् धेर !
आज कोल्पु सुनसुन झल्की लहर बेली चली
आज शीतल छहराले जुहार बोली-बोली !"

देवकोटालाई चिन्न सकोस् आजको पुस्ताले । यो धाउन्न र एउटा उज्यालो चिन्ताले अचेल झिल्टुङका जममनमा छोएको छ । त्यसैले होला निर्माणको हतारोमा छ–कुञ्जिनी पार्क ।

हामी मक्किएको घर भएर एउटा ठुलो चौतारोमा पुग्यौँ ।

'चौतारो– यसको पुरानो नाम ।'

नारायण नेपालले चिनाए ।

हामी सबै चौतारोमा बस्यौँ र हृदयतः लक्ष्मीप्रसादका अतीतसँग भयौँ ध्यानस्थ । ढुंगा चिनेर बनेको यही चौतारोमा देवकोटा समेत धेरै पटक लेख्न आएका थिए । सुस्ताउन, कुरा गर्न र मनको तालमा पौडिन–चौतारोको शीतलताले उनलाई सघाउँदो हो पक्कै पनि ।

अहिले कोल्पुटार, कोटथोक भएर गुहे पिपलसम्म सडक बनेको छ– नाम रह्यो महाकवि देवकोटा मार्ग । कुनै बेला देवकोटा यही बाटो भएर खड्‌काछाप डुल्थे, घुम्थे वा बरालिन्थे । आज उनकै नामले कुदेको बाटोलाई धेरै उज्यालो गन्तव्यमा पुऱ्याइरहेछ ।

सानी पिपल र बूढो पिपलको चौतारोमा देवकोटाको सेरोफेरोमै कुरा भइरहेथ्यो । गणेश नेपाल, केदार नेपाल, मदन नेपाल, विनोद नेपाल, नारायण नेपाल, द्वारिका नेपाल छन् । यो अर्चले क्षेत्र नेपालहरूको बिर्ता । तर त्यहीँ सुरेश वैद्य, बद्री उप्रेतीसँगै छु म पनि । किनभने

देवकोटा सुन्न पुगेको छु– देवकोटालाई पर्गेल्ने यतिबेला छन् यिनै नेपालहरू ।

हजुरबा तेजराजले भनेका कुरा मदनले सम्झिए– 'ऊ बेलाँ तल्लाघरे बा छत्रबहादुर भुजेल र देवकोटा यै घ्याम्पे चौतारोमुनि कता-कताबाट आइपुगेछन् । नजिकै धँगेराको बोट रहेछ । म यो बोट उखेलिदिऊँ ? देवकोटाले भनेछन् । सक्नु होला र ? सोधेछन् भुजेलले । देवकोटाले जरैसहित बोट उखेले छन् । त्यो कुरा भुजेलले भनेथे मलाई ।'

मदनका कुरा सुन्यौँ हामीले । म त देवकोटाका पाइला खोजिरहेथेँ । अहिले उनका कुराले देवकोटाको बलशाली अनुहार पढ्न थालेँ । हृदयको जलन, वेदना र उहापोहसँगै देवकोटा यो संसारसँग पोखिन खोजिरहेथे सम्भवतः रुख उखेलेर ।

झ्याम्म चौतारोलाई पटक-पटक हेरेँ मैले ।

यो त्यहीँ ठाउँ जहाँ देवकोटाको एउटा आवेग र हुरीमय समयका केही पत्र कतै रहेका छन् । देवकोटाका अरू कुथुङ्ग्रीहरू झिल्टुङले बिस्तारै खोल्दै जाला ।

त्यसो त कुञ्जिनीमा देवकोटाले पहिलो विश्वयुद्धसँग जोडिएको नेपाली जनजीवन र शासकीय चरित्रको निर्बाध चर्चा गरेका छन् ।

एकातिर प्रेमकथा वा युद्ध– दुवै परस्पर नमिल्दा सौन्दर्य हुन् । एउटा जीवन, अर्को अवसान । मृत्युको अन्तिम धारमा प्रेमको उज्यालो पोख्न देवकोटाको उदात्त शैली यहाँ एक पटक फेरि भेट्न सकिन्छ ।

कुञ्जिनीमा झिल्टुङ उत्रिएको देखिन्छ–

"यो कोल्पु कलकल नीरकी
गुलाफ झाँगे तीरकी
जून बादल कोमल शिरकी
पहाड खोली खिड्की
कुञ्जिनी अप्सरा, हेर्छिन् नुहेर ।"

देवकोटाले फुटकर कविता केकति लेखे यहाँ ? कुमारबहादुर जोशीले खोजिपसेकै होलान् । 'महाकवि देवकोटा अनेकका आँखा' मा थोरबहुत छ भनेथे नारायणले ।

झिल्टुङ पुग्दा देवकोटाको क्यामेराले खिचेको 'पहाडी जीवन' किञ्चित भिन्न भएन । एकातिर 'छायाँ, घाम, सिमसिमे पानी, कुहिरो' देवकोटाले देखेको चित्र नेपालका पहाडतिरको । 'के नेपाल सानो छ' मा झिल्टुङको आत्मा भेटिरहेछु अहिले म–उही रूप, उही प्रतिरूपमा ।

यो भान पटक-पटक भइरहेको छ मलाई । झिल्टुङ-वरपर ऊ बेलाको देवकोटाका परेलीले पढेको रूप अझै यथावत छ । मसँग यतिबेला आइफोनले किलिक्क्याएको तस्विरको चाङ छ–कति

हो कति ! ग्यालरीमा जाम भएर कति त डिलिट नगरी नहुने हरहालत छ ।

अर्थ–एकै हो त्यो समय देवकोटा अक्षरका चित्रमा थामिनु पर्‍यो, यो बेला म मोबाइलमा उत्रिनु पर्‍यो । चरित्रमा असमानता छैन, दृष्टिमा केही भिन्नता छ ।

झिल्टुङका चमेरे गुफा वा डबलीसँग पनि देवकोटाका पैताला पुगे होलान् । तर समयको निष्ठुरता उही र उस्तै रहेछ– तारेभिरको सन्त्राशसँग मात्र देवकोटा बुझिए, पढिए र व्याख्या गरिए ।

चौतारो-मास्तिर थियो उज्यालो र फाँटिलो टार । तारबारले घेरिएको हरियो चौरमा एउटा ढुंगेनी स्तम्भ गाडिएथ्यो । हाम्रो टोलीले किलिक्क्याउन छोडेन– किलिक्क-किलिक्क ।

'पछि महाकविको शालिक यहाँ राखिन्छ !'

नारायणले बताए ।

'अहिले तपाईंहरू यहाँ फोटोमा खिचिइनु भयो !'

गोकर्ण नेपालले बोल्दा उनको जनप्रतिनिधिको स्वर ओर्लिएथ्यो ।

झिल्टुङसँग सात सय घरधुरीको कथा छ । इतिहासमा त्यो परिचय के-कति उम्दा भयो ।

तर देवकोटा आएर यो भुइँबारे बोलेपछि नेपाली साहित्यले एक मुटु ढुकढुकीसँगै लामो सास फेर्‍यो ।

मदनले आफ्नो कथा फेरि जोडे– 'मेरा बुबा चिरञ्जीवी, हजुरबा तेजराज । मेरा हजुरबाले देवकोटाको टुप्पी कति खेप गाँठो पार्नु भो होला, त्यो कुराले बेलाबखत घोत्लिन्छु ।'

यता तल राजा ओडार जाने सानो गोरेटामा उभिएका बद्री, सुरेश र विनोद तर्क गरिरहेथे ।

'रातो माटो- राजी !'

उप्रेतीको बोली ।

'कालो माटो- काजी ।'

बैद्यको तर्क ।

'फुस्रे माटो- पाजी ।'

नेपालको व्याख्या ।

यी तीनै जनाका आवाजसँग झिल्टुङ वृत्तान्त थियो । किनभने झिल्टुङको मलिलो माटोमा सबै गुण, रङ र उर्वरताले गम्लङ्ङ अँगालो हालेथ्यो । अनि जनप्रिय, राम्रो र महक फसल त 'कुञ्जिनी' बनेछ ।

देवकोटालाई प्रेम, जीवन र समयका ठुला-ठुला छालले हुत्याउन छोडेन । कोल्पु किनारकी कुञ्जिनी र गोरे राउतका हृदय छुन, छाम्न र निहाल्न उनको दृष्टि एक रातमा कति खेप झिम्किए होलान्– खड्काछापमा । कल्पन्छु र अत्तालिन्छु ।

झिल्टुङका राजा ओडार, रानी ओडार र चमेरे गुफाबाट बाहिरिएको अँध्यारोसँग लडे देवकोटा । तर महेश खोलाबाट मास्तिर वेग मारिरहेको बतासको फुइँकीले कति चोटि लक्ष्मीप्रसादको मुटु

कमायो होला । किनभने मनको घाउमा मल्हम लाउन उनी यता आएथे । शायद यही निको हुने घाउले फेरि प्रेमकथा लेखायो, युद्धकथा लेखायो, जीवनकथा लेखायो देवकोटालाई ।

हो नि गहत, बदाम, उखु, फुम्ले आलसका उब्जनीमा बाँचेको थियो भिल्टुङ । उखुको खुदोले गोरे राउत र कुञ्जिनी नजिकिन पाए कि पाएनन् ? यो तर्कसँग कृषि कार्य, पसिना र मूल्यको सिँढी देखिँदो हो । देवकोटाले त्यता नजर डुलाउन कत्तिको पाए– भिल्टुङे धर्तीमा ।

चौतारोमा उभिएर सबै कवि भए । देवकोटाका पृथ्वीराज चौहान, प्रमिथस, महाराणा प्रताप, वनकुसुम, शाकुन्तल, सुलोचनाकै पारामा ओर्लिए ।

कोही मुनामदन, सीताहरण र म्हेन्दु भएर गाउन थाले । कसैका आँखामा पहाडी पुकार र लुनी देखिन्थ्यो । म 'दाडिमको बोटनेर' प्वाँख लिएर घरी हर्रे, भस्मे, जिलिङतिर उडेँ । म 'लक्ष्मी निबन्ध संग्रह'का पखेटा लिएर भँगेरी, अर्चले, देउरालीतिर बेगिएँ ।

दुई छोराहरूको अकाल मृत्युले हिँक्का छोड्दै भिल्टुङ पुगेका महाकविले त्यहीँ लेखेथे–चिल्ला पातहरू । प्रकृतिका अन्तरकुन्तरमा केही ओखती थियो र आयु लम्बियो उनको ।

त्यसो त बयरका लागि भिल्टुङ निकै नामी हो नि । सती बयर, काँसी बयर र काँडे बयरका कुन थरी यता थिए–त्यो आज पनि कालोपाटी वरपरै बसेका केदार नेपालसँग उत्तर बाँचेकै होला । तर बाटो बढाउने विकास आयो भिल्टुङमा–अनि बाटोसँगै बयरघारी पनि मासिए सर्लक्कै ।

अर्जुनप्रसाद नेपालले कोल्पुटारमै भनेका थिए–'भाँक्री पाएर उपचार गर्न देवकोटा यता आएथे ।'

'साँच्चि, आज कुन भाँक्री भेटिएला–यो सरल नेपाली दुनियाँ हाँक्ने रोगी नेतृत्वको भारफुक गर्न ।'

म कुरा खेलाउँदै छु–देवकोटाको शालिक राखिएको फाँटनेर उभिएर । देशभित्र र बाहिर अनेक अडबाङ्गे, बेमेल र अनुहार नमिल्दा शालिक जतातते छन् महाकविका । कतै निधार तछारिएका, कतै नाक थेप्चिएका, कतै हात्तीकाने पाराका, कतै गुच्चे आँखा ढंगका, कतै बिछट्टै बौलाहा तालका ।

नारायण नेपालले एउटा चोखो झ्याउरे पस्के–जहाँ देवकोटेली कुञ्जिनीको भस्को मस्तले पाइन्थ्यो–

"त्रिशूली कोल्पु घुमेर बग्ने  
भिल्टुङ गाउँ छ ।  
कुञ्जिनीसँग गोरेले प्रीत यहीँ नै लाउँछ ।

हिजोका गोरे कार्गिल जान्थे  
आजका कतार  
बिरानो गाउँ प्राचीन ठाउँ लौ माया नमार

हजुर लौ माया नमार ।"

मैले कुञ्जिनीमा नाचेको 'शब्द नृत्य' का नायकको त्यही उमंगित, पुलकित र उल्लसित शालिक देखेको छैन । के कोल्पुटारको सरकारले यो आवाजसँग सही छाप लगाउला त ? आशाको एउटा कलिलो स्वरसँग उभिएर म गल्छीतिर झरेको थिएँ ।

साँझले त्यही रङ पोख्यो–जुन बिहान उपत्यका छोड्दा दिइरहेथ्यो । मैले ओरालीका ती अप्ठेरा पाइलामा विनोद नेपाललाई फेरि कृतज्ञ भएर सम्झिरहेथैँ– जो एकै वचनमा मेरा पाइलामा सार मिलाउन आइपुगेथे झिल्टुङ ।

सुन्नुस् त !

झिल्टुङ छोड्दा खुदो बोकेर जाने पुरानो चलन रैछ । हामीसँग देवकोटा पुगेको धर्तीको मगमगिँदो सुवास छातीमा सजियो । यही कोसेलीपात ठानेँ मैले झिल्टुङको । ◆◆◆

लघुकथा

# संस्कार



✍ **लीलाराज दाहाल**

"अब नेपालीमा बोल् त फेरि ? अङ्ग्रेजी मात्रै बोल् भनेर कतिपल्ट भनिसकें ? नेपालीमा बोलिस् कि पिटाइ खाइस् !" बुथुरी जैसीले छोरीलाई डर देखाउन हात उज्याई !

ऊ छोरीलाई पढाउँदै थिई ! उसले पतितर्फ हेरेर भनी, "हेरिस्यो न कालु ! अहिलेको स्कुलमा पनि नेपाली पढाउँदो रहेछ ! यसरी त हुँदै भएन ! छोरीलाई अर्को स्कुलमा सारौं न के !"

अब उसले छोरीलाई जोडतोडले राजसी भाषामा बोल्न सिकाइरहेकी थिई ! यस्तो भाषामा बोले मात्रै मानिस संस्कारित मानिन्छ भन्ने उसमा अटल विश्वास थियो ! तँ, तिमी, तपाईं जस्ता शब्द प्रयोग गर्ने वरिपरिका मान्छेहरूलाई ऊ पाखे भन्थी ! उनीहरूले सहरिया संस्कारको बर्को ओढ्न थाले पनि गाउँले मजेत्रोलाई पूर्णरूपले त्याग्न सकेका थिएनन् ! उनीहरू गाउँले परिवेश र सहरिया संस्कारको दोसाँधमा उभिएका थिए !

एकैछिनमा साइकलमा तरकारी बेच्दै आएको व्यापारीलाई आफू बस्ने छेउको गल्लीमा रोकेर हप्काउँदै सोधी,"ए भैया, आलु प्याज कति रूपैयाँ किलो दिन्छस् ?"

तरकारी किनेर फर्केपछि घरको कम्पाउण्डभित्र कुकुरको स्याहार गरिरहेका घरबेटीतिर हेर्दै उसले संस्कारजन्य भाषामा सोधी, "आज पनि यो ह्यान्सी डगले बिस्कुट, मिट खाइसेनछ दाइ ?"

# पूर्वीय शास्त्रमा नारीचेतना र आजको परिवेश



✍ **बद्रीप्रसाद ढकाल**

वर्तमान अवस्थामा चेतनशील समाजको निर्माण भइसकेकपछि नारीको अवस्थामा धेरथोर परिवर्तन हुँदै आएको पाइन्छ । हिजो शिक्षाबाट वञ्चित रहेका नारीहरू आज शिक्षित बन्दै शासन तथा प्रशासनको बागडोर सम्हाल्दै आएका छन्। हुन त वैदिककालीन समाजमा नारीको स्थान सम्मानित रहेको देख्न पाइन्छ।

**यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता**

भन्ने वैदिक वाक्य समाजमा नारीको महिमालाई छर्लंग्याउन पर्याप्त छ । जहाँ नारीको पूजा हुन्छ त्यहाँ ईश्वरको निवास हुन्छ । यहाँ रहेको पूजा शब्दले फूलपाती, भेटी, चन्दन, अक्षता, धूप आदिले नारीको पूजा गर्नु भन्ने होइन नारीप्रति आदर र सम्मान गर्नु भन्ने रहेको छ । यसको भाव नारीको सम्मान गर्नु, नारीलाई चोट-पीड़ा नदिनु, दुःख-सुख बुझेर साथ दिनु भन्ने कुरा बुझाउँछ। जहाँ नारीको महत्त्व बुझेर उसलाई सम्मान, आदर प्रदान गरिन्छ त्यस परिवारमा शान्ति, सुख, समृद्धिको बास हुन्छ । जहाँ शान्ति हुन्छ, त्यहाँ विकास हुन्छ । जहाँ विकास हुन्छ त्यहाँ समृद्धि हुन्छ। सुख समृद्धिको अर्को नाम नै देवता हो र यस्तो स्थानमा ईश्वरको बास भएको मानिन्छ।

यसरी वैदिक कालमा समाजमा उच्च, सम्माननीय र गौरवान्वित पदमा, पुराणकालमा आफू सचेत, गुणी, शिक्षिता भए तापनि पुरूष वर्चस्वाधीन अवस्थामा, कार्मकाण्डकाल वा ब्राह्मणग्रन्थ निर्माण कालमा पुरूष मुक्तिको बाधक, हेय, पापवाहिका, नर्कद्वार समान, पुरूषकी दासीको रूपमा, इतिहासकालमा प्रतापी राजा महाराजा एवं शक्ति सम्पन्न वीरहरूकी निजी सम्पत्ति, युद्ध, कलह र विनाशी साधनको रूपमा रहेको देखिन्छ । वर्तमान अवस्थामा आएर नवीन शिक्षा-दीक्षाले नारी प्रत्येक क्षेत्रमा आफ्नो झण्डा गाड्न सफल भएको त देखिन्छ तर समाजको सोच अहिले पनि सोचजस्तो बदलिई सकेको छैन। आज पनि नारीको स्वतन्त्रता समाजलाई पच्दैन । स्वतन्त्रतालाई स्वच्छन्दता र व्यभिचारको नाम दिएर कतिपयले नारीको कर्मलाई अपमानित गरेको देखिन्छ । कतै आफ्नै परिवारले

उसको अपमान गरिरहेको देखिन्छ भने कतै कैयौं बलात्कार जस्तो कुकृत्यको शिकार भइरहेका छन् ।

वास्तवमै नारीलाई शक्तिको आधारका रूपमा हेर्दा नारी सृष्टिको आधार हो । रचना कर्मको लागि प्रकृतिको सर्वश्रेष्ठ कृति हो । सृष्टिको परिकल्पनामा नारी सर्वशक्तिमान् शक्ति हो, जननी हो, अधिष्ठात्री हो । यसैले मानव शक्तिआर्जनका लागि शक्तिको उपासना गर्ने गर्दछ। देवी भागवतमा वर्णित कथाअनुसार ब्रह्मा, विष्णु र महेशको समन्वित रूप हो नारी शक्ति । पुरूष शक्तिले जब महिषासुर अघि घुँड़ा टेक्यो तब दुर्गा नारीशक्तिले त्यसको संहार गरी तीनै लोकको त्राण गऱ्यो । दुर्गाको अर्थ दुःख विनाश गर्ने हो । नारीको यति गौरवान्वित रूप सायदै विश्वका कुनै धर्म शास्त्रले स्वीकारेको छ होला । शक्तिलाई नौ दुर्गाको रूपमा पूजा गरिन्छ जसमा नारीशक्ति नौ दुर्गाका रूपमा ब्रह्मचारिणी, शैलपुत्री, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कालरात्रि, महागौरी र सिद्धीदात्री रहेका छन् । यी कर्मका स्वरूप हुन् । समस्त शक्तिको बेग्लाबेग्लै स्वरूप छ र नवरात्रमा यिनै नौ दुर्गाहरूको पूजा स्तवन गरिन्छ।

कन्याका रूपमा पुजिएकी नारीलाई पञ्चकन्या मानिन्छ। वैदिक काल तथा पौराणिक कालमै पञ्चकन्याको नामले विख्यात नारीहरूको स्थान तत्कालीन समाजमा यति उँचो थियो कि उनीहरू आजपर्यन्त समस्त नारी जातिका लागि प्रेरणास्रोत तथा व्यवहार अनुकरणीय रहेको छ। रामायणमा रामपत्नी सीता, रावणपत्नी मन्दोदरी, बालीपत्नी तारा, महाभारतमा पाण्डवपत्नी द्रौपदी, गौतम ऋषिकी पत्नी अहिल्या पूजनीया रहेका छन् र यिनीहरूको नाम प्रातःस्मरण गरिन्छ।

वेदमा नारीको स्थान निकै उँचो रहेको छ। वैदिक कालमा नारीको समाजमा सम्मान हुन्थ्यो भन्ने कुराको प्रमाण वेदले नै दिएको छ । यस कालमा नारीहरू धेरै शिक्षित रहेको र सामाजिक, धार्मिक तथा अन्य क्षेत्रमा अग्रगणी रहेका थिए भन्ने कुराको प्रमाण पाइन्छ। वैदिक कालमा सम्मानित नारीहरूमा मैत्रेयी, गार्गी, अपाला, घोषा आदिको नाउँ लिन सकिन्छ र यिनीहरू वेदका ज्ञात्री थिए भन्ने कुरा शास्त्रले जनाउँछन् । वेदमा नारी स्वरूप, नारी विवाह, नारी शिक्षा, परिवार वा समाजमा नारीको स्थान, नारी अधिकार अदिको उल्लेख निम्नलिखित सूक्तहरूमा पाइन्छ-

-कन्याहरू ब्रह्मचर्यमा रहेर विद्या ग्रहण गरेपछि मात्रै विवाह योग्य हुनेछन् । उनीहरू सम्पूर्ण रूपमा विदुषी भएपछि मात्रै विवाह गरून् (अथर्ववेद,सूक्त ११,५,१८) भनेर नारीका लागि शिक्षाका कुरा प्रस्तुत

गरिएको छ।

-आफ्नी छोरी विवाह भई पराइ घर जाँदा पिताले उसलाई बुद्धिमता र विद्याबलको दाइजो दिउन् अर्थात् उसलाई ज्ञानको दाइजो दिउन् (अथर्ववेद,सूक्त १४,१,६) भन्दै नारी सक्षमताको कुरामा जोड दिइएको छ।

-नारी शुद्ध, पवित्र र याज्ञीय अर्थात् यज्ञ समान पूजनीय छिन् (अथर्ववेद, सूक्त ११,१ १७) नारीको सद् कर्मले सद्व्यवहारले रहेको शुद्धता र पवित्राको प्रसङ्ग बताइएको छ।

-नारीहरू सभा र समितिमा भाग लिएर आफ्ना विचारहरू प्रकट गरून् (अथर्ववेद, सूक्त ७,३८,४ र १२, ३, ५३) भन्दै नारीको शास्त्रार्थ र ज्ञानबाट हुने छलफलमा सहभागिताको कुरा गरिएको पाइन्छ।

-स्त्री र पुरूष दुवैलाई शासक चुनिने समान अधिकार छ (यजुर्वेद, सूक्त २०,९) भन्दै नारी र पुरूष समानताको चर्चा गरिएको छ।

-स्त्रीहरूको पनि सेना हुनु पर्छ। उनीहरूलाई युद्धमा भाग लिन प्रोत्साहित गर्नुपर्छ (यजुर्वेद, सूक्त १७, ४५) भन्दै नारी पनि युद्धमा भाग लिन सक्छे, वीरङ्गना हो भन्ने कुरालाई प्रस्तुत गरिएको पाइन्छ।

-शासकवर्गका स्त्रीहरूले अन्य स्त्रीलाई राजनीतिको शिक्षा दिउन। जसरी राजाले न्याय गर्छन् त्यसरी नै रानीले पनि न्याय गरून् (यजुर्वेद, सूक्त १०,२६) भन्दै नारी  समानता र समान व्यवहारसँगै हक अधिकारका प्रसङ्गसमेत उल्लेख गरिएको पाइन्छ।

त्यसैले वैदिक साहित्यमा नारीलाई वीरप्रसूता, सुविज्ञ, यशस्वी, रथ सवार गर्ने, सम्पदाशाली, परिवार,  समाज र सृष्टि वाहिका, सेनामा जाने,  तेजोमयी, धनधान्य र वैभव दिने भनेर वर्णन गरिएको छ भने मनुस्मृतिमा नारीलाई विभिन्न रूप तथा स्वरूपमा विवेचना गरिएको पाइन्छ। मनुस्मृतिमा नारीलाई मानव सृष्टिकी जननी, घर उज्यालो पार्ने देवी, भाग्यदात्री र सम्पन्नताको प्रतीकको रूपमा स्वीकार गर्नका साथै नारी अधिकार, परिवार या समाजमा नारीको स्थान, नारीप्रति गरिने दुर्व्यवहार, निश्चित दण्डविधान अदिको चर्चा बृहत् रूपमा गरेको पाइन्छ।- नारी गृहलक्ष्मी हुन् (श्लोक २६) घरकी लक्ष्मी रूपमा मान्दै एकअर्काको परिपूरक मानिएको छ। -नारी र पुरूष एक अर्का बिना अपूर्ण हुन्छन् (श्लोक ९,९६) त्यसैले एकअर्काप्रति सम्मान गर्नु भनिएको पाइन्छ। त्यस्तै पिता, भाइ, पति, देवरले नारीप्रति सदैव मधुर व्यवहार गरेर उनीहरूलाई सुखी र खुसी राखुन। यदि पारिवारिक खुसी, शान्ति र समृद्धिको इच्छा कसैले राख्दछ भने परिवारकी माता या पत्नीलाई खुसी

राख्नु पर्दछ (श्लोक ३,५५ ) भनेको छ।

-जुन परिवारमा पुरूषले नारीलाई दुःखी तुल्याउछन् त्यो परिवार निश्चय नै पतन हुन्छ (श्लोक ३,५७) भन्दै सधैं सम्मान र सद्भावपूर्ण व्यवहार गर्नुपर्दछ भनेको छ। यदि कुनै पुरूषले आफ्नी पत्नी खुसी राख्न सक्दैन भने समस्त परिवार दुःखी रहने छ। पत्नी खुसी छन् भने परिवार खुसी रहन्छ (श्लोक ३,६२ )त्यस्तै घरगृहस्थीको व्यवस्थापकका रूपमा मान्दै-नारीलाई घरको प्रबन्धन, पौष्टिक तत्वको जोगाड़, आध्यात्मिक र धार्मिक क्रियाकलाप, स्वच्छता, अर्थ प्रबन्धन जस्ता कार्यमा नेतृत्व र स्वायत्ता प्रदान गरिनु पर्छ (श्लोक, ९,११) भन्ने भाव व्यक्त गरिएको पाइन्छ। नारीको खुसीविना घरमा समृद्धि प्राप्त हुँदैन भन्दै- पिता, भाइ, पति, देवरले सदैव नारीप्रति मधुर व्यवहार गरेर उनलाई खुसी राखुन । यदि पारिवारिक खुसी, शान्ति र समृद्धिको कसैले इच्छा राख्दछ भने परिवारकी माता या नारीलाई खुसी राख्न पर्दछ (श्लोक ३,५५) भन्ने भाव व्यक्त भएको छ। त्यस्तै नारीका सन्दर्भमा

- जुन परिवारमा पुरूषहरूले नारीलाई दुःखी तुल्याउँछन् त्यो परिवार निश्चयनै पतन हुन्छ (श्लोक ३,५७)। तथा नारी सुरक्षाका सवालमा मनुस्मृतिमै

- नारीलाई आत्मरक्षाको तालिम प्रदान गरिनु पर्छ (श्लोक ९,१२)

-नारीले सधैँ महसुस गर्न सकून कि ऊ सुरक्षित छिन् । पिता, पति, भाइ र छोराहरूले सदैव उसको सुरक्षा गरून् (श्लोक ५, १४९)।

-यदि कुनै नारीका सन्तान छैनन् भने या कुनै पुरूष उसका सुरक्षाका लागि छैन भने, या विधवा, या पति परदेश गएको छ भने, या रोगी छ भने त्यस नारीको सुरक्षाको जिम्मेदारी, समाज, राज्य वा सरकारको हुन्छ (श्लोक ८,२८,२९), जस्ता कुरालाई समेटिएको पाइन्छ।

सभ्य समाजको निर्माणमा एकनिष्ठ विवाहलाई उत्तम मान्दै नारी विवाहको उचित पक्षलाई यसरी समेटिएको छ :

-अयोग्य पुरूषसँग विवाह गर्नु भन्दा नारीहरू अविवाहित बसेकै असल हुन्छ (श्लोक ९,८९) ।

-वयस्क भए पश्चात कन्याले आफ्नो वर आफैं रोज्न सक्छिन् । यदि उसका बा-आमाले सुहाउँदो वर उसका लागि खोज्न असफल भए ऊ आफैं आफ्नो वर खोज्न सक्छिन् (श्लोक ९,९०-९१) ।

सीता, दौपदी, रूक्मिणी आदिले आफू पूर्ण वयस्क र शिक्षित भएर आफ्नो पति आफैं रोजेको कुरा हाम्रा धर्मग्रन्थमा लेखिएका छन् । यसले पनि आफू सक्षम भएपछि आफैंले रोजेको पुरूषसँग विवाह गर्नुपर्छ भन्दै योग्य वर चुन्ने अवसर प्रदान

गर्ने वा स्वयंवरको चाँजो मिलाउने कर्तव्य मात्र पालन गरेको र योग्य वर छान्ने अधिकार रहेको देखिन्छ, त्यस्तै सम्पत्तिको अधिकारमा पनि मनुस्मृतिमा नारी सम्बन्धी सम्पत्तिको अधिकारको वर्णन यसरी गरेको पाइन्छ-

-छोरा र छोरी दुवैलाई पिता-माताको सम्पत्तिको समान अधिकार छ। छोरीको सम्पत्ति अधिकार ऊबाट कसैले छिन्न सक्दैन (श्लोक ९,१,३०) ।

-यदि कुनै पुरूषका छोराछोरी छैनन् भने उसको सम्पत्ति उसका भाइ-बहिनीहरूमा बाँड़िनु पर्छ। यदि जेठोले आफ्ना भाइ-बैनीलाई बराबरी रूपमा सम्पत्ति बाँड्दैन भने उसले दण्ड पाउनु पर्छ श्लोक (९,२१२-१३ )।

पश्चिमी समाजमा महिलालाई पहिले भन्ने चलन हामीले मानव समाजको सुरुवातदेखि नै मान्दै र गर्दै आएका छौं। आधुनिक सभ्य समाजले पालन गर्दै आएको धारणा नारी प्रथमको विचार सर्वप्रथम पूर्वीय शास्त्रमा निम्न श्लोकको माध्यमबाट मनुस्मृतिले प्रदान गरेको पाइन्छ :

-पुरूषले नारी, राजा, ज्येष्ठ नागरिक, रोगी, भारवाहक, बेहुला र छात्रलाई बाटो दिनु पर्छ ( श्लोक २,१३८)।

-अतिथिलाई भोजन गराउनु भन्दा अघि नवविवाहिता, कन्या र गर्भिणी स्त्रीलाई भोजन गराउनु पर्छ (श्लोक ३,११४)।

यसरी वेद, पुराण, मनुस्मृतिजस्ता वैदिक साहित्यमा नारीका बारेमा असल र उदार भावनाको चित्रण गरेको हाम्रा पूर्वीय शास्त्रले महिला हक, अधिकार र समावेशीतालाई आत्मसात् गर्दै अघि बढेको छ । ♦♦♦

**गजल**



**✍ प्र.ज.मस्त पुन मगर**

धर्ती आकाश नाङ्गो किताब जस्तै लाग्छ
बुझ्न सके असल नत्र खराब जस्तै लाग्छ।

फरक पर्दैन तिमीले झारको उपमा दिँदैमा
मलाई आफू तुलसी र गुलाब जस्तै लाग्छ।

हुन्छ कहिले हाँसो कहिले रोदन बढ्ने घट्ने
एक तवरले जिन्दगानी हिसाब जस्तै लाग्छ।

पढेर भन्दा अझ धेरै भोको पेटले सिकायो
बाँच्नलाई गर्नै पर्ने संघर्ष दबाब जस्तै लाग्छ।

यो सरकारमा षड्यन्त्र गर्ने पक्कै कोही होला
यी सत्ताका मलिन मुहार नकाब जस्तै लाग्छ।

कथा

# बुबाको खोकी



✍ पूर्व प्र.व.उ. बिक्रम गुरुङ

बिहानको २ बजेको थियो होला। बाहिर बरन्डामा, कैलाशको बुबा सधैं जस्तै ठुलो स्वरले खोक्दै हुनुहुन्थ्यो। बुबाको रात यसरी खोक्दै बित्दथ्यो। कैलाशको बुबा भएकोले उसलाई खोकीले केही फरक पर्दैन, तर छिमेकीहरू र उसको श्रीमतीलाई खोकीको आवाजले सताउने गर्थ्यो। बुबाको खोकी धेरै बेरसम्म नरोकिए पछि, कैलाश उठेर पानी दिन गयो, किनभने अब खोकीले गर्दा बुबाको घाँटी पनि सुकेको जस्तो थियो।

कैलाश उठेको मात्र थियो, उसको श्रीमतीले गनगन गर्न थालिन्। "दिनभरि घरको काम गर्नुपर्छ र रातमा शान्तिसँग सुत्न पनि पाइदैन।"

कैलाशले एकपटक श्रीमतीलाई हेरेर चुपचाप बाहिर निस्कियो। उसलाई श्रीमतीको बानी थाहा थियो। ऊ केही समय यसरी नै गनगन गरिरहन्छे। कैलाश पानीको लोटा उठाएर बुबा कहाँ गयो।

"बुबा, अलिकति पानी पिउनुहोस्। आज फेरि तपाईँले औषधि खानुभएको छैन जस्तो लाग्छ।" बुबाले पानीको लोटा लिनुभयो र अलिकति पानी पिउनुभयो।

"छोरा, तिमी किन निन्द्रा बिगार्छौ ? खाटमुनि पानीको लोटा राखिदिने गर्नु नि।"

"होइन बुबा, मलाई कुनै समस्या छैन। म तपाईँको सेवा गर्न पाउँदा खुसी छु।"

"मलाई थाहा छ छोरा, मेरो कारणले सबैलाई समस्या भएको छ। न म आफै सुत्न सक्छु न अरूलाई सुत्न दिन्छु।"

"बुबा, भोलि बिहान मसँग अस्पताल हिँड्नुहोस्, तपाईँलाई राम्रो डाक्टर कहाँ लैजान्छु।"

"ए छोरा, यो उमेरमा अस्पताल जाने झन्झट किन ? अब जाने बेला पनि भयो, थाहा छैन भगवानको फोन कहिले आउँछ।"

"के भन्दै हुनुहुन्छ बुबा, बिमलाको विवाहमा तपाईँले आशीर्वाद दिनु हुनेछ।"

"जा छोरा, सुत्, बुहारीले पनि चिन्ता लिइराखेको होला। थाहा छैन मलाई कतिबेला निन्द्रा लाग्छ।"

"हुन्छ बुबा म सुत्न जान्छु, तपाईँ

पनि सुत्ने कोसिस गर्नुस् ।"

यसो भन्दै कैलाश गह्रौ पाइला चाल्दै आफ्नो कोठा भित्र पस्यो । उसको श्रीमती ओछ्यानमा कोल्टे फेर्दै थिइन् । कैलाश चुपचाप गएर उसको छेउमा पल्टियो । तुरुन्तै निन्द्रा आउन गाह्रो भयो । बाहिर बुबाको खोकी फेरि सुरु भएको थियो । आमा बित्नुभएको पनि तीन वर्ष भइसकेको थियो । त्यसपछि बुबा एक्लै हुनुहुन्थ्यो । कामको बोझले गर्दा कैलाशको श्रीमतीको स्वभाव अलि झर्को लाग्दो भएको थियो । अनि कलेज पढ्ने उसको छोरी बिमलासँग समय हुँदैनथ्यो । कैलाश पनि बिहान ८ बजे घरबाट निस्केर राति ९ बजे फर्कन्थ्यो ।

कसैलाई पनि बुबासँग दुई घण्टा पनि बस्न फुर्सद थिएन । त्यसैले आमाको मृत्यु पछि, बुबाले आफूलाई एक्लो महसुस गर्नुभएको कुरा कैलाशलाई थाहा थियो । बुबाले दिनमा दस पटक भगवानलाई लैजाउ भनेर प्रार्थना गर्नुहुन्थ्यो । सोच्दा सोच्दै जसोतसो कैलाश निदायो । सायद बुबा पनि निदाउनुभएको थियो । यता बिमलाको आमाले घुर्न शुरु गरेकी थिई, जुन बुबाको खोकी भन्दा खतरनाक थियो ।

भोलिपल्ट उठेपछि उस्तै दिनचर्या । भान्साबाट श्रीमतीले बिमलालाई कराएको आवाज आइरहेको थियो । काममा जाने हतारमा, कैलाशले बुबालाई राती अस्पताल लैजान भनेको कुरा बिर्सिसकेको थियो । कैलाश काममा निस्कियो । बुबाले कैलाशलाई गएको हेरिरहनु भएको थियो । बुबाले कैलाशलाई एक पटक पनि अस्पताल लैजाने बारेमा सोध्नु भएन ।

बेलुकी घर आउँदा बुबा बरन्डामा आफ्नो ओछ्यानमा पल्टिरहनु रहनुभएको थियो । कैलाशलाई देख्ने बित्तिकै बोलाउनुभयो ।

"छोरा कैलाश ।"

"हजुर बुबा ।"

"छोरा, कुनै वृद्धाश्रम थाहा छ भने, मलाई त्यहाँ लगेर छोडिदे ।" यो कुरा सुनेर कैलाशले बुबालाई निःशब्द भएर हेरिरह्यो ।

"किन बुबा, तपाईँलाई यहाँ कुनै समस्या छ ? किन यस्तो कुरा भनिरहनुभएको छ ?"

"होइन छोरा, कुनै समस्या छैन तर मेरो कारणले यहाँ सबैलाई दुःख भएको छ । म बूढो बिरामी ... रातभरि खोकिरहन्छु र तिमीहरू सुत्न पाउँदैनौं ।"

"बुबा, यो रोग भन्ने कुरा कसैको नियन्त्रणमा हुँदैन । यो सबैलाई हुन्छ । आज तपाईँलाई भएको छ, भोलि जो कोहीलाई पनि हुन सक्छ । "

कैलाशको कुरा सुनेर बुबा निरुत्तरित हुनुभयो ।

"बुबा, यो मेरो गल्ती हो कि मैले

तपाईँको राम्रोसँग उपचार गराउन सकिनँ, आज बिहान मैले तपाईँलाई अस्पताल लैजान बिर्सिएँ । भोलि बिहान तपाईँलाई अवश्य अस्पताल लैजान्छु । म भोलि कामबाट बिदा लिन्छु ।"

"हुन्छ छोरा, तिम्रो इच्छा... जाउ खाना खाउ, बिहानदेखि थाकेको छौ ।"

"हुन्छ बुबा ।"

कैलाश उठेर भान्सा कोठा भित्र गयो । उसको श्रीमतीले थालमा खाना पस्केर बिमलाको कोठामा गइन् । खाना खाएपछि कैलाश सुत्न गयो । त्यो रात पनि त्यसरी नै बित्यो । बुबाले रातभरि नै खोकी रहनु भयो । भोलिपल्ट बिहान कैलाशले बुबालाई अस्पताल लिएर गयो । केही परीक्षण गरेपछि, बुबालाई क्षयरोग भएको शंका गरेर अस्पतालमा भर्ना गर्न भनियो । बुबालाई अस्पतालमा भर्ना गरियो ।

अब समस्या यो थियो कि रातमा कैलाश अस्पतालमा बस्न सक्थ्यो तर दिनमा कुरुवा को बस्ने ? उसले घरमा फोन गरेर बुबाको भर्नाको बारेमा जानकारी गरायो । यो सुनेर उसको श्रीमतीले राहतको सास फेरिन् । बुबालाईवार्डमा सारियो। बुढेसकालका सबै रोगहरू दम, क्षयरोग, मधुमेह, रक्तचाप सबै कुरा परीक्षणमा देखिएको थियो ।

बुबालाई भनेर कैलाश खाना र केही आवश्यक सामान लिन घर गयो । उसलाई लाग्यो कि बुबालाई लामो समयसम्म अस्पतालमा भर्ना गर्नुपर्ने हुन सक्छ । घर, अस्पताल र कार्यालय तीन ठाउँमा आफूलाई कसरी समायोजन गर्ने भनेर सोच्दा सोच्दा कैलाशलाई चक्कर लाग्ला जस्तो भइरहेको थियो ।

कैलाशको बुबा अस्पताल भर्ना भएको एक हप्ता बितिसकेको थियो । तर उहाँलाई अझै पनि स्वास्थ्यमा सुधार भइरहेको थिएन । दमको कारण उहाँलाई सास फेर्न गाह्रो भइरहेको थियो । उहाँको खोकी अझै बाँकी नै थियो । कैलाश रातमा अस्पतालमा बस्थ्यो । बिमला र उसको श्रीमती घरको काम सकेर बुबाको लागि खाना लिएर दिउँसो आउने गर्दथे । हरेक दिन अफिस ढिलो पुग्दा हाकिम पनि सधैं रिसाउँथ्यो ।

त्यस दिन कैलाश अफिसमा केही फाइलहरूमा व्यस्त थियो । त्यतिकैमा अफिसको नम्बरमा फोन आयो । छोरी बिमला आत्तिएर बोलिरहेकी थिई । केही अप्रिय सुन्नु पर्ने डरले उसको मुटु काँपिरहेको थियो । उसले काँपिरहेको स्वरमा बिमलालाई सोध्यो "के भयो ?"

"बाबा, हजुरबा अस्पतालमा हुनुहुन्न । हामीले सम्पूर्ण अस्पतालमा खोज्यौं तर हजुरबा कतै भेटिनु भएन ।" बिमला धेरै चिन्तित थिइन ।

"यस्तो कसरी हुन सक्छ ? बुबा हिँड्न पनि सक्नु हुन्न । उहाँ धेरै कमजोर

भइसक्नु भएको थियो, त्यस्तो मान्छे कहाँ जान सक्नु हुन्छ ?"

"बाबा, म तपाईंलाई साच्चै भन्दैछु । हजुरबुबा अस्पतालमा हुनुहुन्न । तपाईं चाँडै यहाँ आउनुस् । आमा पनि धेरै चिन्तित हुनुहुन्छ ।"

"ठिक छ, म अस्पताल आउँदैछु । चिन्ता नगर्नु ।" कैलाशले बिमलालाई सान्त्वना दियो ।

कैलाशले हाकिमलाई सबै कुरा भन्यो, हाकिमले पनि उप्रति सहानुभूति देखायो र उसलाई केही पैसा दिँदै भने "यो राख्नुहोस्, काम लाग्नेछ ।" त्यही क्षणमा उसको हाकिमसँगको सबै गुनासो समाप्त भयो ।

ऊ अस्पताल जानको लागि अफिसबाट निस्कियो । ऊ अस्पताल पुग्दा, उसको श्रीमती टाउकोमा हात राखेर बसिरहेकी थिइन् । बिमला पनि दुःखी हुँदै ऊसँगै बसिरहेकी थिइन् ।

"के भयो, कहाँ जानुभयो, बुबा ?" ऊ अलमल्लमा परेर बिमलालाई सोधिरहेको थियो । "मलाई थाहा छैन बाबा । जब आमा र म केही समय अघि खाना लिएर आउँदा, हजुरबुवा ओछ्यानमा हुनुहुन्थेन । हामीले त्यहाँ केही समय पर्ख्यौं, तर जब हजुरबुवा आउनुभएन, त्यसपछि हामीले उहाँलाई खोज्न थाल्यौं, तर उहाँ कतै भेटिनु भएन ।"

बिमलाको कुरा सुनेर कैलाश झन् चिन्तित भयो । उसले नर्स, डाक्टरलाई सोधे, तर कुनै जानकारी भेटिएन । कैलाशलाई अनौठो लाग्यो कि कसैलाई नभनी बुबा अचानक अस्पतालबाट कसरी निस्किनु भयो, जबकी उहाँ धेरै बिरामी हुनुहुन्थ्यो, यस्तो अवस्थामा कसरी जान सक्नुहुन्छ । कैलाश चिन्तामा हराएको थियो ।

उसको श्रीमतीले गनगन गर्न थालिन् "अब हामीले आफन्तहरूलाई के जवाफ दिने, सबै आफन्तहरूले भन्नेछन् कि हामीले बुबालाई राम्ररी हेरचाह गर्न सकेनौ, उहाँ कसैलाई नभनी बेपत्ता हुनुभयो । हामीलाई बिना कारण दोष लाग्ने भयो ।"

कुरा ठिक थियो तर अहिले यो सबै सोच्ने समय थिएन ।

पहिला बुबालाई खोज्नु पर्ने थियो तर कैलाश दोधारमा थियो, के गर्ने भनेर सोच्न सकिरहेको थिएन । कैलाशले आफन्तहरूलाई फोन गर्न थाल्यो तर बुबा कतै पनि पुग्नु भएको थिएन । कैलाशलाई थाहा भएसम्म, बुबाको अवस्था यस्तो थिएन कि उहाँ कसैको घरमा हिँडेर जान सक्नुहोस । सायद उहाँ अस्पतालबाट निस्कनु भयो र बाटोमा उहाँलाई केही भयो कि ? यस्तो सोच्दै गर्दा उसको मन डरले काँप्यो । घर पुग्दा, कैलाशको बुबा अस्पतालबाट हराएको कुरा टोल छिमेकमा जंगलमा आगो

लागे जस्तै खबर फैलिएको रहेछ । मानिसहरूले अनेक कथाहरू बनाउन थाले । जति धेरै मानिसहरू, उति धेरै कथाहरू । भनिन्छ नि हिर्काउने व्यक्तिको हात समात्न सकिन्छ तर कसैको जिब्रो समात्न सकिदैन । कैलाश राति फेरि एकपटक बुबालाई खोज्न अस्पताल पुग्यो तर कुनै पत्ता लागेन । ऊ थकित भएर घर फर्कियो ।

भोलिपल्ट देखि आफन्तहरू आउन थाले । कैलाश केही आफन्तहरूसँग फेरि बुबालाई खोज्न निस्कियो । त्यस दिन उनीहरूले नजिकैका लगभग सबै अस्पतालहरूमा खोजे तर बुबा कतै भेटिनु भएन । कैलाशले अस्पताल नजिकैको प्रहरी चौकीमा बुबा हराएको रिपोर्ट पनि दर्ता गराएको थियो तर अहिलेसम्म यी सबै प्रयासहरूले कुनै नतिजा निकाल्न सकेन । यसरी एक हप्ता बित्यो र अब आफन्तहरू पनि आउन छोडेका थिए । कैलाश पनि केही समयको लागि अफिस जान छोडेको थियो ।

एकदिन कैलाश काकाको छोरासँगै विर अस्पतालमा बुबालाई खोजिरहेको थियो । उनीहरूले एक प्रहरीलाई भेटे जसले बेवारिसे शवहरूको अन्तिम संस्कारको हेरचाह गर्दथे । गह्रौं मनले कैलाशले उसलाई बुबाको फोटो देखायो । फोटो हेरेपछि उसले भनेको कुराले कैलाशलाई जमिन भासिए जस्तो बनायो ।

बुबाको मृत शरीर एक हप्ता अघिनै यस अस्पतालको पार्कको रेलिङ नजिकै फेला परेको थियो । एक हप्तासम्म कोही पनि उनको बारेमा सोधपुछ गर्न नआएपछि, आज उनको शव एक घण्टा अघि मात्र दाहसंस्कारको लागि आर्यघाटस्थित विद्युतीय शवदाह गृहमा पठाइएको कुरा प्रहरीले जानकारी दिएको थियो ।

बुबा बित्नुभएको एक हप्ता भइसकेको थियो । उनीहरू दुवै दाजुभाइ आर्यघाट हतार हतार पुगे । सायद बुबाको अन्तिम संस्कार उसको हातबाट हुने लेखिएको थियो, त्यसैले अन्तिम क्षणमा उहाँको मृत्युको खबर कैलाशले पायो । उनीहरू आर्यघाट विद्युतीय दाहगृह पुगेर त्यहाँका इन्चार्जलाई भेटे ।

सम्पूर्ण कुराको बारेमा जानकारी गराए । दाहगृहका इन्चार्ज असल मन भएका व्यक्ति रहेछन् । कैलाशले घर परिवार बच्चाहरूले आफ्नो हजुरबुबालाई अन्तिम पटक हेर्न पाउन अनुरोध गर्दा शव लैजान अनुमति दिए । उसले घरमा फोन गरेर सबै कुरा भन्यो । यो सुनेर घरमा कोलाहल मच्चियो । कैलाशले बुबाको मृत शरीरलाई शववाहनमा राखेर घर लग्यो । अब सबै शान्त भएको थियो, अब बुबाको खोकीले कसैलाई सताएको थिएन । कैलाश एकटक

मौन भएर बुबालाई हेरिरहेको थियो । बुबाको एक मृत्युले धेरै मानिसहरूलाई शान्ति दिएको थियो । ♦♦♦

कविता

# नर्बिसूँ म आफ्नो कथा जन्म-गाउँ



✍ पदम दाहाल

नजन्मूँ म काहीँ छ यै देश प्यारो
म हो भाग्यमानी हुँदै लाग्छ प्यारो ।
दिगो कर्मशाला युगौँ गर्वको यो
यतै जन्मदाता दिऊन् जन्म मेरो ! ।१।

नजन्मूँ म टाढा कुनै अन्त ठाउँ
थलो दिव्यको शान्त नेपाल पाऊँ !
बनोस् बास बस्ती सकल्लो उपल्लो
यहीँ जन्मियौँ जो जुनी चित्त बुझ्दो । ।२।

मभित्रै बहेको स्वदेशै पवित्र
म जन्मे कहीँ अन्त जन्मिन्न सञ्च ।
छ यो स्वर्गजस्तो तपोधाम यौटा
जहाँ ज्ञान भर्छन् घुमी देव द्यौता । ।३।

लुकेको छ विश्वास मैँभित्र मूर्ति
परापूर्वको आस आस्था धरौटी ।
नर्बिसूँ म आफ्नो कथा जन्म-गाउँ
पराया पराई पिरोलो जनाउ । ।४।

नलेऊ म इच्छा कतै अन्त जन्मूँ
हिमाली धरा यै छ नेपाल सिन्धु ।
हियामा उनेको छु माटो छहारी
पुनर्जन्म पाऊँ बनूँ भाग्यशाली ! ।५।

# दामोदर कुण्डको महिमा



✍ पूर्व प्र.ना.उ. भोजराज पाण्डेय

हामीले नेपालको हिमालको बारेमा कुरा गर्दा संसारको छानोको नामले परिचित समुन्द्र सतहदेखि ८,८४८ मिटर अर्थात् (२९०३१ फिट) उचाईको विश्वको सर्वोच्च शिखर सगरमाथा नै हाम्रो मानसपटलमा आउने गर्दछ । हुन त हाम्रो देशमा माछापुच्छ्रे अन्नपूर्ण, धवलागिरि लगायतका अन्य रमणीय हिमालहरू नभएका पनि होइनन् । तर सगरमाथा हुनुको पछाडि देशको अस्तित्व जोडिएको छ । नेपाललाई विश्वसामु चिनाएको पनि यही शिखरले गर्दा नै हो । संसारमा राष्ट्रको चिनारी बनाई राख्न पहिचान योग्य कुनै न कुनै कुराहरू हुनै पर्दछ । त्यसकारण हाम्रो पहिचानको पर्यायको रूपमा रहेका यी लगायत विविध प्रकारका धरोहरहरू रहेका छन् र तिनको संरक्षण, संबर्द्धन र प्रचार प्रसार गर्नु हाम्रो कर्तव्य हुन आउछ ।

नेपालको उत्तरी सीमा हिमालले नै ढाकिएको छ भन्दा हुन्छ । हिमालको खौंच पार गरेर काली गण्डकी नदीको तीरैतिर जानु पर्ने हिमाल पारिको मुस्ताङ जिल्लाको उत्तरमा पनि हिमाल र उच्च हिमाली श्रृङ्खला नै पर्दछन् । यस्तै हिमालहरूमध्ये निलगिरि र धवलागिरि हिमालको संगमको रूपमा रहेको मुस्ताङ जिल्ला यहाँका अन्य धार्मिक, भौगोलिक, जैविक र सांस्कृतिक सम्पदाहरूको कारण पनि परिचित छ । यस जिल्ला अन्तर्गत उपल्लो मुस्ताङमा पर्ने साबिक सुर्खाङ गाविस र अहिले लो-घेकर दामोदर कुण्ड गाउँपालिकाको वार्ड नं ४ मा पर्ने दामोदर कुण्ड एउटा धार्मिक तथा पौराणिक एवं उच्च हिमाली भूगोलमा रहेको पवित्र कुण्ड हो । जनै पूर्णिमाका दिन विशेष पूजापाठ हुने भएकाले तुलनात्मक रूपमा त्यसबेला बढी भक्तजनहरू त्यहाँ पुग्ने गर्दछन् । नेपालको रसुवा जिल्लामा रहेको गोसाइकुण्ड र मुस्ताङ जिल्लामा रहेको दामोदर कुण्डमा हिन्दू धर्मावलम्बीहरूको चाड जनै पूर्णिमामा विशेष पूजा अर्चनाको लागि नेपालको विभिन्न जिल्लाहरू र मित्र राष्ट्र भारतको विभिन्न स्थानहरूबाट श्रद्धालु भक्तजनहरू त्यहाँ पुग्ने गर्दछन् । राजधानी काठमाडौंबाट नजिक दूरीमा रहेको कारण गोसाइँकुण्डमा मानिसहरू सहज तरिकाले

पुग्ने गरेका छन् भने अत्यन्त कठिन भूगोल भएको कारण दामोदर कुण्डमा मानिसहरूमा पुग्ने चाहना हुँदाहुँदै पनि कम मात्र दर्शनार्थीहरू पुग्ने गरेका छन् । कुण्ड रहेको स्थान उच्च हिमाली भूभाग भएको कारण हिउँ तथा पानी परिरहने भएकोले जतिसुकै बेला दामोदर कुण्डमा पुग्न सम्भव नै हुँदैन । असारदेखि असोज महिनासम्म दामोदर कुण्डमा पुग्नको लागि उपयुक्त मानिन्छ । हिमाली भूगोलमा छिनमै बादल जम्मा हुने र पानी तथा हिउँ पर्ने हुन्छ । अर्कोतिर यो सिजन वर्षा ऋतु भएको हुँदा पानी पर्ने सम्भावना पनि उत्तिकै रहन्छ । कठिन भूगोल, अफठ्यारो गेर्ग्यान सहितको उकालो बाटो त्यसमा पनि पानी परेको खण्डमा कतिपय अवस्थामा यात्रुहरू यात्रा अगाडि बढाउने की त्याग्ने भन्ने अवस्थामा पुग्ने गर्दछन् । यस समयमा नेपाली तथा विदेशी भक्तजन तथा पर्यटकहरू हिँडेर र केही हेलिकप्टर मार्फत पनि दामोदर कुण्डको दर्शन तथा स्नान गर्न पुग्ने गरेका छन् । तर दुबै यात्रा कम जोखिमपूर्ण भने छैनन् । काठमाडौँ पोखरा लगायतका स्थानहरूबाट हेलिकप्टरको प्रयोग गरेर जोमसोम हुँदै दामोदर कुण्डमा स्वदेशी तथा विदेशी पर्यटकहरू जाने गरेका छन् । तर मौसम जतिबेला पनि बदली भइरहने हुँदा एयर यात्राको लागि हप्तौं र कहिलेकाहीँ महिनौ पनि कुर्नु पर्ने हुन्छ ।

कठिन भूगोल तथा उच्च हिमाली भूभाग भएको दामोदर कुण्डमा स्नान गर्नाले मानिसमा आध्यात्मिक सन्तुष्टि प्राप्त हुनुका साथै साथै मनोकांक्षा (मनले चिताएको कुरा) पूरा हुने जनविश्वास रहि आएको छ । हिमाली भेगमा रहेका तीर्थ स्थलहरूमा पुग्न प्राय जसो गाह्रो नै हुने गरेको छ । दामोदर कुण्डमा स्नानका लागि जाने भक्तजनहरूमा नेपाली भन्दा छिमेकी मुलुक भारतबाट आउने दर्शानार्थीहरू बढि हुन्छन् । भारतको उत्तराखण्ड, हिमाञ्चल, गुजरात र विहार लगायतका राज्यबाट बढी संख्यामा दामोदर कुण्डमा जाने गर्दछन् । न्यून समुन्द्री सतहमा बसोबास गर्ने भारतीय दर्शनार्थीहरूको लागि हिँडेर दामोदर कुण्डमा पुग्नु फलामको चिउरा चपाउनु सरह हुन्छ । तर धेरै जसो हेलिकप्टरको प्रयोग गरेर उनीहरू त्यहाँ पुग्ने गरेका छन् ।

जिल्ला सदरमुकाम जोमसोमबाट कम्तिमा तीन दिनको यात्रापछि दामोदर कुण्ड पुग्न सकिन्छ । पहिले जोमसोमबाट पैदल नै हिँडेर मानिसहरू हप्ता दिनमा दामोदर कुण्ड पुग्ने गर्दथे । अहिले यातायातको सुविधाले गर्दा यात्रा पनि छोटिएको र धेरै सहज भएको छ । काली गण्डकी नदीमाथि ठाउँठाउँमा पुल बनेको कारणले पनि यात्राको क्रममा कतै रुकावट महसुस गर्नु पर्दैन । जोमसोमबाट बिहानै गाडीमा हिँड्नु उत्तम हुन्छ । यसो गर्दा बाटो

पर्ने कागबेनी तीर्थस्थलमा पुग्न छुटाउनु हुँदैन । मुक्तिनाथको शिर भएर आउने कागखोला र दामोदर कुण्डको शिर भएर आउने काली गण्डकी नदीको संगम स्थल कागबेनीको बेग्लै महत्व छ। यहाँ स्नान गरि पितृहरूको सम्झनामा तर्पण दिँदा पुण्य प्राप्त हुन्छ भन्ने विश्वास छ ।

कागबेनीबाट अगाडि ताङ्वे, छुसाङ चैले, स्यांबोचे, घिलिङ र घमी हुँदै चराङसम्मको यात्रामा अनेकन शौन्दर्ययुक्त वातावरण र यदाकदा घोरल लगायतका वन्यजन्तुको अवलोकन समेत गर्न पाइन्छ। जोमसोमदेखि चराङसम्म काली गण्डकी करिडोर सडक अन्तर्गत ग्राभेल सडकमा अं.साढे तीन घण्टामा चराङ पुग्न सकिन्छ। यहाँसम्म पुग्न करिब ८५ कि.मि सडक यात्रा पार गर्नु पर्दछ। चराङदेखि दामोदर कुण्ड जान पूर्वतर्फ मुख्य सडक छाडेर कच्चि साँघुरो सडक हिँड्नु पर्दछ । एक्ले भट्टी, सुर्खाङ, घारा, लुरिगुम्बा हुँदै घिमिढाँटीसम्म पुग्न करिब ५२ कि.मि. सडक यात्रा पार गर्नु पर्दछ। यदी चराङबाटै पैदल हिँड्ने हो भने छोटो बाटो समात्दा करिब १५ घण्टामा घिमिढाँटी पुगिन्छ। तर सडक सुविधा भइसकेको कारण पैदल हिँड्नु भनेको शरीरलाई थप थकानयुक्त बनाउनु मात्र हो। घिमिढाँटीमा गुम्बा रहेको छ, जहाँ दामोदर कुण्ड दर्शन तथा स्नान गर्नको लागि जाने भक्तजनहरू बस्नको लागि टिनको छानो सहितको टहरो बनाइएको छ। त्यहाँ रहेको समिति मार्फत उक्त गुम्बामा बसोबास गर्ने ५ जना बौद्धमार्गी लामाहरूले दर्शनार्थीहरूको लागि खाने बस्ने तथा ओड्ने ओछ्याउने समेतको प्रबन्ध मिलाउने गर्नु भएको छ । त्यस बापत कुनै सेवा शुल्क तिर्नु त पर्दैन। तर आफ्नो इच्छाले मन लागेको रकम दान गर्न सकिन्छ।

गाडी घिमिढाँटी सम्म पुग्दैन । अलि तल रोकिन्छ। गाडीबाट झरे पछि करिब आधा घण्टा पैदल हिँड्नु पर्दछ घिमिढाँटीसम्म पुग्न । घोडा समेत तयारी अवस्थामा हुन्छ, घोडामा घिमिढाँटीसम्म जान्छु भन्दा पनि सकिन्छ। तर सो बापत शुल्क भने तिर्नु पर्दछ । समुन्द्र सतह देखि करिब ४००० मिटर उचाईमा रहेको घिमिढाँटीमा बेलुकी बास बस्दा दुईवटा फाइदा हुन्छ। दामोदर कुण्ड उच्च हिमाली भूभागमा रहेको हुँदा उचाईमा गई बस्दा आफू थप उचाईमा रहेको यात्राको लागि अभ्यस्त भइने । अर्को त्यहाँ देखि बिहान सबेरै तीन बजे दामोदर कुण्डको लागि यात्रा आरम्भ गर्दा मुख्य उकालो बाटो अँध्यारोमै कटिने भएकोले मनमा चिन्ता पनि कम हुने।

घिमिढाँटीबाट करिब ५० कि.मि. को हाराहारीमा दामोदर कुण्ड पर्दछ । बिहान ३ बजे यात्रा सुरू गर्ने हो भने २ बजेसम्ममा सजिलै दामोदर कुण्ड पुग्न

सकिन्छ । घोडामा जाँदा करिब १ घण्टा जति छिटो पुगिन्छ । तर बाटो साँघुरो र उकालो ओरालो हिँड्नु पर्ने भएको कारण ओरालोमा घोडा डोर्याएर हिँड्नु पर्ने हुन्छ। दामोदर कुण्ड उच्च हिमाली भूभाग ४९०० मिटर हाराहारीमा रहेको र त्यहाँ सम्म पुग्न बिचमा ५३०० मिटर अग्लो उच्च हिमाली भू-भागमा पुगि तल झर्नु पर्ने हुन्छ । दामोदर कुण्ड पुगे पछि सबै थकान त्यहाँको अलौकिक र रमणीय दृश्य देखेर हराउँछ।

समुद्र सतहदेखि ५३०० मिटर भन्दा अग्ला दुई वटा भन्ज्याङ पार गरे पछि मात्र दामोदर कुण्डमा पुग्नु पर्दछ । त्यसकारण उच्च हिमाली भुगोलमा हिँड्ने अभ्यास नभएको मानिसलाई यहाँ यात्रा कष्टकर नै हुन्छ। बाटोमा होटलको व्यवस्था नभएको, उकालो, ओरालो र भिरको बाटो हिँड्नु पर्ने, बाटोमा बिरामी पनि पर्न सक्ने हुँदा औषधी र दामोदर कुण्डमा रात बिताउनु पर्ने अवस्था भएमा कपडाको व्यवस्था गरी यात्रा सुरू गर्नुपर्ने भएकोले उकालो साँघुरो बाटोमा झोलाको भारिले यात्रा थप कष्टकर हुन सक्छ । उत्तर, पूर्व र दक्षिण तीन दिशामा हिमालहरू रहेको भए तापनि दामोदरकुण्ड भएको स्थल भने समथर र हेर्दा पाटन जस्तो देखिन्छ। यहाँ थरिथरिका फूलहरू र विभिन्न प्रकारका जीवन उपयोगी जडिबुटीहरू पनि पाइन्छन् । वर्षाको समयमा घाराका किसानले भेडा च्याङ्ग्रा चराउन आफ्नो गोठ कुण्डसम्म ल्याउने र तिब्बततिरबाट पनि यहाँ चौरी र याक चराउन कुण्ड आसपास आउने हुँदा यहाँ चरनको विषय कहिलेकाहीँ विवादमय पनि बन्ने गरेको छ।

दामोदर कुण्डको पूर्वमा दामोदर हिमालका चुचुराहरू र मनाङको फु गाउँ पर्दछ । पश्चिममा घारा, सुर्खाङ, चराङ र ल्होमान्थाङ पर्दछन्। यसको उत्तरमा दामोदर हिमाल, दामोदर डाँडा र तिब्बतको पठार रहेको छ भने दक्षिणमा दामोदर हिमालका ४० भन्दा बढी हिमचुचुरा र मुक्तिनाथ हिमाल पर्दछन् । समुद्र सतहदेखि ४ हजार ८ सय ९० मिटरको उचाइमा हिमनदी र दामोदर हिमाल अन्तर्गतका थुप्रै हिमचुचुराले घेरिएको पाटनसहितको उपत्यमामा अवस्थित दामोदरकुण्ड साँच्चै नै रमणीय र आनन्ददायी छ।

वरिपरिको हिमालको शौन्दर्यताले पनि कुण्डलाई हेर्न लायक बनाएको हो। दामोदर कुण्डको आकार गोसाइकुण्ड जस्तो विशाल प्रकृतिको छैन। न त वरिपरि पर्खाल लगाइएको छ न त व्यवस्थित नै छ ? यसको अनुमानित लम्बाइ २५० देखि ३०० फिट र चौडाइ सयदेखि १५० फिटसम्म फैलिएको छ । यसको गहिराइ भने बढिमा पाँच फिट हुनु पर्दछ । मुख्य कुण्डको छेउमा निर्मित विष्णु भगवानको मूर्ति सहितको मन्दिरले कुण्डको महिमा

झल्काउँछ। अत्यन्त चिसो र हावा समेत चल्ने हुँदा यहाँ धेरै बेर बसेर स्नान गर्न तथा पूजा गर्न सकिदैन । मन्दिरमा बत्ति बाल्न पनि गार्हो हुने गर्दछ। दामोदर कुण्डमा गोलो पहेँलो आकारको सुदर्शन चक्र देख्न सकिन्छ भन्ने भनाई पनि रहेको छ । जसलाई विष्णु भगवानको चक्र पनि भन्ने गरिएको छ । तर म आफै दामोदर कुण्डको दर्शन तथा स्नान गर्ने क्रममा मैले कुण्डमा हेर्ने प्रयास पनि गरेको थिएँ, तर त्यस्तो अनुभूति गर्न सकिन् । कुण्डबाट निस्केको पानीले सुन र चाँदी नामका अन्य दुई कुण्ड निर्माण गरी पश्चिम-दक्षिणतिर बग्दछन् । दामोदर कुण्डबाट बग्ने पानी तल पुग्दा धेच्याङ खोलाको नामले परिचित हुन्छ । यो खोला काली गण्डकी नदीको प्रमुख स्रोतहरूमध्ये सबैभन्दा महत्वपूर्ण स्रोत हो । यो खोला तल सुर्खाङ पुगे पछि नाम्जा दोभानभन्दा माथि मुस्ताङबाट आएको काली गण्डकीको उत्तरी शाखामा मिसिन्छ।

दामोदर कुण्ड शालिग्रामको लागि पनि प्रसिद्ध मानिन्छ । कुण्ड आसपास तथा नजिकको उच्च श्रृङ्खलामा चक्र आकारका शालिग्रामहरू पाइन्छन् । दामोदर कुण्डमा पनि शालिग्राम पाउन सकिन्छ । वर्षायाममा माथि हिमालमा हिउँ पग्लिएर बग्ने खहरेले यस क्षेत्र आसपासमा रहेका शालिग्रामहरू बगाउँदै तल काली गण्डकी नदीमा पुऱ्याउने गरेको र ती शालिग्रामहरू खहरे र भेलसँगै बग्दै जोमसोम, बेनी, रिडि हुँदै देवघाटसम्म पनि पुर्याउने हुँदा काली गण्डकी नदीलाई शालिग्रामको लागि प्रख्यात नदी भनिएको हो।

नेपालको सबैभन्दा ठुलो क्षेत्रमा फैलिएको र धेरै चुचुरा भएको हिमाल दामोदर हिमाल हो । दामोदर कुण्ड ती हिमालको बीचमा रहेको छ । त्यसैले, धार्मिक जस्तै यसको भौगोलिक महत्व पनि उत्तिकै छ । दामोदर कुण्डमा पुग्नुभन्दा पहिले कुण्डसँगै सुन र चाँदी नाम गरेका दुई साना कुण्ड छन् । दामोदरकुण्ड सिरानमा रहेको छ । सुन कुण्ड आकारमा सानो भए पनि कुण्डमुनी देखिने सुनौलो पहेँलो रङको लेउले सुनको तलाउ जस्तै देखिन्छ भने माथि शिरमा रहेको हिमालको छायाँ घामसँगै कुण्डमा पर्ने हुँदा चाँदी कुण्ड साच्चिकै चाँदीको लकिर जस्तै चम्किलो प्रतीत हुन्छ।

दामोदर कुण्ड रहेको स्थान पाटन जस्तै पठार वा उपत्यका भएकोले यो क्षेत्रमा हिउँचितुवा, नाउरलगायतका संरक्षित जङ्गली जनावरहरू यहाँ पाइन्छन् । हिमाली काग, हिमाली ठुलो परेवा, गिद्ध, ठुलो च्याखुरा र अन्य ससाना चराहरू यहाँ पाइन्छन् । प्राकृतिक रूपमा यो जति सुन्दर र अलौकिक छ, धार्मिक महत्व र विश्वासका हिसाबले पनि उत्तिकै महत्वपूर्ण छ । कैलाश पर्वत, मानसरोवर, गोसाइँकुण्ड, पाँच पोखरी जस्तै दामोदरकुण्ड हिन्दु र बौद्ध धर्मावलम्बीको पवित्र तीर्थस्थल हो । यसको पूर्वी ढिस्कोमा बौद्ध स्तुपा

रहेको छ भने पश्चिम ढिस्कोमा मन्दिर छ।

धार्मिक ग्रन्थमा उल्लेख भए बमोजिम मुक्तिनाथ, शालिग्राम, गण्डकी नदी र दामोदर कुण्ड सबै भगवान् विष्णुका अति प्रिय क्षेत्रहरू हुन् । विष्णु भगवानले मुक्तिक्षेत्र (शालिग्राम, दामोदर क्षेत्र) मा कठोर तपस्या गरेको कुरा शिवले ब्रह्मा लगायत सबै देवतालाई बताएका थिए। त्यसवेलादेखि त्यो क्षेत्रमा शिव, ब्रह्मा, विष्णु, देवता, ऋषि, यक्ष बास बस्न थालेको कुरा वराह पुराणमा छ।

बाल्यकालमा कृष्णले दुःख दिएको कारण यशोधाले कृष्णलाई ओखलमा बाँधेर छोडेकी थिइन । तर पछि भगवान कृष्णले ओखलसहित वनतिर जाँदा दुई खरीको रुखमा ओखल अड्कियो। उनले बल गर्दा दुवै रुख ढले त्यसबाट नल र कुँवर मानव रूपमा देखा परे। कृष्णले उनीहरूलाई पापबाट मुक्ति पाउन हिमालय पर्वतको शिरमा रहेको दामोदर कुण्डमा गएर स्नान र तपस्या गर्न भनेका थिए। जो आज्ञा भन्दै ती दुबैले हिमाल पार गरी दामोदर कुण्डमा गएर स्नान गरी तपस्या गरे। त्यो कुण्डमा स्नान गरेपछि उनीहरूले दिव्य शरीर प्राप्त गरी सुख-भोग गरे भन्ने कथा वराह पुराणमा छ। आम मानिसमा दामोदर कुण्डमा स्नान गर्दा रोगले छुन सक्दैन, विष्णुको प्रत्यक्ष दर्शन मिल्छ, पाप नाश हुन्छ र अर्को जन्ममा सुख प्राप्त हुन्छ, भन्ने विश्वास छ। शालिग्रामलाई भगवान् विष्णुको बासस्थानको रूपमा लिइन्छ । भगवान विष्णुलाई जालन्धरकी श्रीमतीले सराप दिँदा शिला हुनु भनेर भनेको र शिलाको रूपमा रहेको शालिग्राम दामोदर कुण्ड तथा आसपासमा मात्र पाइने हुँदा यस क्षेत्रलाई भगवान बिष्णुको आधार क्षेत्रको रूपमा मान्ने गरिन्छ।

कैलाश र मानसरोवरलाई हिन्दू धर्मावलम्बीले भगवान् शिव र हिमालयकी पुत्री पार्वतीको बासस्थान मानेका छन् । मुस्ताङ जिल्लाको उत्तरी नाकाको रूपमा रहेको कोरोला नाकालाई व्यवस्थित गर्न सकेको खण्डमा दामोदर कुण्ड र कैलाश पर्वतलाई धार्मिक पर्यटनको हिसाबले पनि जोड्न सकिन्छ । कोरोलाबाट कैलाश पर्वत रहेको मानसरोवरको यात्रा करिब ५ घन्टा मात्र हो । मुक्तिनाथ मन्दिर तथा दामोदर कुण्डलाई कैलास मानसरोवरसँग सडक सञ्जालले सहज रुपमा जोड्न सकेमा हिन्दू बौद्ध धर्मावलम्बीहरूको लागि एउटा महत्वपूर्ण तीर्ताटन हुने कुरामा शंका छैन । त्यसकारण पनि यी दुबै क्षेत्रको सर्किटलाई जोड्ने गरि नेपाल र चीन सरकारबाट विशेष योजनाका साथ अगाडि बढाउदै कोरोला नाकामा रहेको अध्यागमन कार्यालयलाई समयानुकूल व्यवस्थित गरि दुबै देशका नागरिकको आवतजावतलाई सहज बनाएको खण्डमा हिन्दू र बौद्ध धर्मावलम्बी तीर्थ यात्रीहरूको लागि एउटा महत्वपूर्ण कोशे ढुङ्गा साबित हुन सक्दछ। ♦♦♦

# नागरिक जागरणमा प्रहरीको भूमिका



✍ प्र.नि.मन्दिप चौहान

**विषय प्रवेशः**

सभ्य, समुन्नत र सुरक्षित समाजको निर्माण केवल कानुन र कानुन कार्यान्वयन गर्ने संरचनाहरूबाट मात्र सम्भव हुँदैन । त्यसका लागि समाजका प्रत्येक सदस्यमा नैतिकता, जिम्मेवारी र परिपक्व चेतनाको विकास हुनु आवश्यक मानिन्छ। यही चेतनालाई नागरिक चेतना भनेर बुझ्न सकिन्छ, जसले प्रत्येक नागरिकले आफ्नो कर्तव्यप्रति देखाउने उत्तरदायित्व र अरूको हक, सुविधा र भलाइप्रति देखाउने संवेदनशीलतालाई जनाउँछ । सामूहिक रूपमा सह-अस्तित्वको लागि आवश्यक व्यवहार, नियम कानुनहरूको पालना र सामाजिक मूल्यहरूको सम्मान नागरिक चेतनाको उदाहरण हो । त्यसैले यसले कानुनी विषयमा मात्र सीमित नभई मानव व्यवहार, सामाजिक अनुशासन र समृद्ध समाज निर्माणमा गर्ने योगदानलाई समेत समेट्छ।

प्रभावकारी कानुन कार्यान्वयन, सेवाग्राहीसँगको दैनिक सम्पर्क र समुदायमा आधारित समुदाय प्रहरी साझेदारी कार्यक्रम जस्ता प्रहरी कार्यबाट नागरिकहरूको व्यवहार निर्माणमा प्रहरीले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । अपराध अनुसन्धान विभाग, सामुदायिक शाखाको अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मात्र १ लाख ९ सय ३५ वटा समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत ३६ लाख ७९ जना सहभागीहरू विभिन्न समसामयिक विषयहरूमा सचेतनामूलक प्रशिक्षणबाट लाभान्वित भएको देखिन्छ।

यसैगरी सोही आर्थिक वर्षमा प्रहरीको हटलाईन १०० मा आएको ४७ लाख २९ हजार ८ सय १ वटा कललाई प्रहरीले रेस्पोन्स गरेको देखिन्छ। नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका अनुसार कुल ५८ हजार ४ सय ७२ वटा कसुर दर्ता भएको र कसुरमा संलग्न ४० हजार ३ सय ९४ जना मानिस पक्राउ गरी कानुनी दायरामा ल्याएको र फौजदारी कसुर दर्ताको अलवा देशभरका प्रहरी एकाइहरूमा १ लाख ५ हजार ८ सय ४९ वटा शान्ति सुरक्षाको लागि प्राप्त

भएको निवेदनको समेत सम्बोधन भएको थियो। यसबाट प्रहरीको सक्रियता र भूमिका सम्बन्धमा केही दृष्टान्त बुझ्न सकिन्छ।

**१.प्रक्रियागत न्याय र नागरिक अनुपालन**

नागरिकहरूले स्वेच्छिक रूपमा नियम-कानुनको पालना गर्ने प्रवृत्ति प्रहरी काम कारबाहीको वैधता (legitimacy) मा निर्भर रहन्छ । प्रहरी कर्मचारीहरूले सेवाग्राहीहरूलाई सम्मान र निष्पक्ष व्यवहारका साथ कार्यसम्पादन गर्दा नागरिकहरू दण्डको डरले नभई प्रहरीप्रति विश्वास र मान्यताको आधारमा कानुनको पालना गर्न बढी तयार हुन्छन् । Tankebe (२०१३) को अध्ययन अनुसार प्रहरीको नागरिकप्रति व्यवहारले प्रक्रियागत न्याय (procedural justice) लाई सहयोग पुऱ्याउँदछ। न्याय प्रक्रिया सम्मानित र निष्पक्ष लागेमा नागरिकहरू न्यायिक प्रक्रियामा सहभागी भई स्वाभाविक रूपमा कानुन पालना गर्ने नागरिक बन्ने सम्भावना बढ्छ । प्रक्रियागत न्यायको अभ्यासले प्रहरी र समुदायबीच विश्वासको सेतु निर्माण गर्छ, जसले नागरिक चेतना र सामाजिक जिम्मेवारीलाई थप सुदृढ बनाउँछ।

यस्तो भरोसामा आधारित सम्बन्धले प्रहरीलाई केवल कानुन कार्यान्वयन गर्ने निकाय नभई नागरिक हितका संरक्षकका रूपमा समेत प्रस्तुत गर्दछ। (Tankebe, २०१३)

२. **समुदाय प्रहरी साझेदारी र जनसहयोग**

नेपाल प्रहरीमा समुदायमा आधारित विभिन्न अभियानहरू वि.सं २०३९ सालमा सुरू भएको छिमेकी प्रहरी (घर दैलो) कार्यक्रम, २०५१ सालबाट सञ्चालनमा रहेको सामुदायिक प्रहरी सेवा केन्द्र , २०७३ सालमा सुरू भएको प्रहरी मेरो साथी अवधारणा, २०७४ सालमा सुरू भएको टोल टोलमा प्रहरी, मुस्कान सहितको प्रहरी सेवा लगायत विगतका राम्रा अभ्यासहरूलाई समष्टिगत रूपमा सम्बोधन गर्ने अवधारणा सहित मुख्यतः समुदाय र विद्यालयहरूसँग साझेदारी गर्ने उद्देश्य सहित समुदाय प्रहरी साझेदारी (Community Police Partnership) को अवधारणामा समावेश गरी वि.स. २०७५ सालदेखि निरन्तर कार्यान्वयनमा रहेको छ।

अमेरिकी न्याय विभागद्वारा सन् २०१४ मा प्रकाशित प्रतिवेदनका अनुसार सहभागितामूलक प्रहरी कार्यले प्रहरी र समुदायबीचको पारस्परिक विश्वास बढाउने र नागरिकहरू प्रहरीप्रति सहयोगी, पहुँचयोग्य र प्रहरीलाई आफ्नै समुदायको हिस्साको रूपमा स्विकार गर्ने अवस्था सिर्जना हुन्छ जसबाट आपराधिक गतिविधिको रोकथाममा सहयोग पुग्दछ (U.S Department of Justice, २०१४) । यसैगरी United Nations Office on

Drugs and Crime ले हालै प्रकाशित गरेको प्रतिवेदनले प्रहरीका विविध पहलकदमीहरूले नागरिक व्यवहारमा सकारात्मक प्रभाव पारेको देखाएको छ। सडकमा फोहर नगर्न सचेतना अभियानदेखि लिएर ट्राफिक नियमको कार्यान्वयन र ध्वनि प्रदूषण नियन्त्रणका कार्यक्रमहरूले नागरिक व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन उल्लेखनीय योगदान दिएका छन्। उदाहरणका लागि सिंगापुरले कठोर कानुन कार्यान्वयन र निरन्तर रूपमा जनचेतना अभियानमार्फत एक दशकभित्र सार्वजनिक अनुशासन उल्लङ्घनका घटना ३०% ले घटाउन सफल भएको देखिएको छ। त्यसैले प्रहरी सक्रिय भएर नागरिक केन्द्रित क्रियाकलापहरू अघि बढाउँदा समाजमा अनुशासन र जिम्मेवारीको भावना स्वतःस्फुर्त रूपमा विकास हुने देखिन्छ (UNODC, २०२०)।

यसैगरी सन् १९८३ मा अमेरिकाको लस एन्जलस पुलिस डिपार्टमेन्टबाट सुरू भएको Drug Abuse Resistance Education (D.A.R.E.) कार्यक्रम पछि विश्वभर विस्तार भएको थियो। सिन्थिया गिल लगायतका अनुसन्धानकर्ताहरूले सन् २०१४ मा २४ देशका प्रहरी-समुदाय सहकार्य (Community–Oriented Policing) को प्रभावकारिता समीक्षा गरेको अध्ययनले प्रहरी-विद्यालय सहकार्य कार्यक्रमहरूले सार्वजनिक सम्पत्तिमा तोडफोडका घटना घटाउने र सार्वजनिक सम्पत्ति प्रति सम्मानजनक व्यवहार प्रवर्द्धन गर्न उल्लेखनीय प्रभाव पर्ने देखाएका छन् (Gill, २०१४)। अर्को सन्दर्भमा विश्व बैंकले सन् २०१८ मा प्रकाशित गरेको अध्ययन अनुसार सार्वजनिक स्थलहरू जस्तै बजार, पार्किङ स्थल र भिडभाड भएका ठाउँहरूमा प्रहरीको सक्रिय उपस्थितिले अशिष्ट व्यवहारहरू (जस्तैः सार्वजनिक स्थानमा पिसाब गर्नु, अवैध पार्किङ) मा उल्लेखनीय कमी ल्याएको पाइएको छ। यस्ता उपस्थितिले नागरिक अनुशासनको भावना बलियो बनाउने र नागरिकहरूलाई सार्वजनिक स्थानमा मर्यादित व्यवहार गर्न उत्प्रेरित गर्ने देखिएको छ। यसबाट प्रहरीको उपस्थिति मात्रले पनि सामाजिक व्यवहारमा सकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ (Bank, २०१८)।

माथिका विभिन्न अध्ययन र अनुभवजन्य प्रमाणहरूले न्यायपूर्ण कानुनी कार्यान्वयन, समुदायसँगको सक्रिय सहभागिता र जनचेतनामूलक अभियानहरू मार्फत प्रहरीले नागरिक चेतना विकासमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने देखिन्छ। दण्डात्मक उपाय मात्र नभई न्यायपूर्ण प्रक्रिया र सहकार्यमा आधारित प्रहरी प्रणाली अपनाउँदा अझ

प्रभावकारी परिणाम ल्याउन सकिन्छ । त्यसैले दीर्घकालीन रूपमा नागरिक उत्तर दायित्व कायम राख्नका लागि प्रहरी प्रतिको भरोसा सिर्जना गर्ने नीतिहरूलाई प्राथमिकता दिनु आवश्यक छ । प्रहरी र नागरिकबीचको आपसी समझदारी, पारदर्शिता र सहकार्यले मात्र व्यवहारमा आधारित सामाजिक अनुशासन सम्भव हुने देखिन्छ।

हाम्रो जस्तो सामाजिक विविधता भएको देशमा समुदायमा आधारित प्रहरी अभ्यासले दिगो शान्ति र स्थायीत्वको मार्ग प्रशस्त गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । त्यसैले कानुन कार्यान्वयन मात्र नभई सामाजिक अनुशासन र नागरिक उत्तरदायित्वलाई अभिप्रेतित गर्न र अपराध नियन्त्रण, सडक सुरक्षादेखि लिएर सार्वजनिक स्थानको मर्यादा कायम राख्ने कामसम्म नागरिकको सक्रिय सहभागिता भएमा प्रहरीको नागरिक केन्द्रित योजनाहरूलाई थप प्रभावकारी बनाउन सक्ने देखिन्छ।

**३. ट्राफिक सचेतनाका कार्यक्रम**

नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभागका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मात्र ४३,१६५ वटा सवारी साधन दुर्घटना भएकोमा २५४९ जना मानिस मृत्यु, ६९७६ जना गम्भीर घाइते र ३७,२८६ जना साधारण घाइते भएको तथ्याङ्क देखिन्छ। अधिकांश ट्राफिक दुर्घटनाहरू मुख्यतः मानवीय त्रुटीका कारण भएको पाइन्छ। ट्राफिक नियम उल्लङ्घन, मादक पदार्थ, लागु औषध सेवन गरेर सवारी चलाउने, सीट बेल्ट नबाँध्ने र दुई पाङ्ग्रे सवारी चलाउँदा हेलमेट नलगाउने जस्ता कार्यहरूबाट समेत सडक दुर्घटनाका घटना घटेको देखिएको र यस्ता विषय मुख्यतः नागरिकको नैतिक चेतनासँग जोडिएको हुने हुँदा नेपालमा बढ्दो सवारी दुर्घटनाको एउटा कारण सामाजिक नैतिकताको अभावलाई लिन सकिन्छ। सवारी दुर्घटना न्यूनीकरणका लागि नेपाल प्रहरीले नियमित सचेतनामूलक कार्यक्रम, विद्यालयहरूमा ट्राफिक शिक्षा, ट्राफिक सचेतना सप्ताह तथा सडक नाटकमार्फत सचेतनामूलक कार्यक्रमहरू गर्दै आइरहे तापनि सामाजिक नैतिकता र कानुन कार्यान्वयनमा नागरिकको कर्तव्य सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिन्छ।

**४.सामाजिक नैतिकताको विश्वव्यापी परिवेश**

विश्वव्यापी परिवेशलाई हेर्दा विकसित राष्ट्रहरूमा सामाजिक नैतिकतामा उच्च स्तरको विकास भएको देखिन्छ । एसियाली मुलुक सिंगापुरमा कडा कानुनी प्रावधान र प्रभावकारी कार्यान्वयनले सामाजिक अनुशासनको उच्च स्तर कायम गरेको देखिन्छ। सार्वजनिक स्थानमा फोहोर फाल्ने, च्युइंगम चपाउने र थुक्ने जस्ता साना

कार्यहरूका लागि समेत धेरै जरिवानाको व्यवस्था गरिएको छ । यस्तो कडाइको परिणामस्वरूप सिंगापुरमा उच्च सामाजिक नैतिकता विकास भएको देखिन्छ र सँगै नागरिक सन्तुष्टिको दर समेत ९५% भन्दा बढी रहेको देखिन्छ (Environmental Public Health, १९८७) । यसैगरी जापानी समाजमा सामाजिक नैतिकता र अनुशासन बाल्यकालदेखि सिकाइने हुँदा बालबालिकाहरूले विद्यालयमा कक्षाकोठा सफा गर्ने, खुसीदेखि दुःखसम्मका भावनाहरूलाई नियन्त्रणमा राख्ने र सामूहिक जिम्मेवारीको भावनालाई आत्मसात गर्ने व्यवहार सिक्छन् । जापानी संस्कृतिमा व्यक्तिगत सम्मानभन्दा सामाजिक सम्मानलाई बढी महत्व दिइने हुँदा मानिसहरू समाजविरोधी काम गर्न लज्जा महसुस गर्छन् । यसबाट जापानमा अपराधदर विश्वकै सबैभन्दा कम रहेको देखिन्छ (Doi, १९७१)।

नेपालको सन्दर्भमा सार्वजनिक स्थानहरूको दुरूपयोग, ट्राफिक नियम उल्लङ्घन र फोहोर व्यवस्थापनमा लापरबाही जस्ता समस्याहरूले सामाजिक अनुशासनको कमी रहेको देखिन्छ। तथापि पछिल्लो केही वर्षहरूमा सामाजिक सञ्जालको बढ्दो प्रयोगले युवाहरूमा सामाजिक मुद्दाहरू प्रति चेतना बढाएको देखिन्छ।

**५.सामाजिक नैतिकता सिकाउन नेपाल प्रहरीले चाल्नुपर्ने थप कदमहरू**

सामाजिक नैतिकताको विकासका लागि नेपाल प्रहरीले बहुआयामिक र दूरगामी तवरबाट रणनीतिहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत नियमित रूपमा सञ्चालन हुने विद्यालय सम्पर्क कार्यक्रममा बालबालिकाहरूलाई कानुनी चेतना र सामाजिक दायित्वको बारेमा शिक्षा दिन थप प्रशिक्षित जनशक्ति परिचालन गर्दा उपयुक्त हुने देखिन्छ । बाल्यकाल र किशोरावस्था (formative years) का विद्यार्थीहरू लक्षित विद्यालय स्तरमा नैतिक शिक्षालाई औपचारिक पाठ्यक्रममा समावेश गर्न पहल गर्नुपर्ने र विभिन्न सांस्कृतिक कार्यक्रमहरूमार्फत प्रभावकारी तरिकाले सामाजिक नैतिकता सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ ।

यसैगरी डिजिटल युगमा प्रविधिको प्रयोग अपरिहार्य बनेको हुँदा डिजिटल माध्यमहरूको उपयोग गरी सामाजिक सञ्जालहरूमार्फत व्यापक रूपमा जनचेतना फैलाउने, नेपाल प्रहरीको मोबाइल एप्सलाई नागरिकहरूका लागि सहज र प्रयोगकर्ता मैत्री बनाई सूचना सम्प्रेषण गर्ने र आवश्यकता अनुसार अनलाइन शिक्षा कार्यक्रमहरू सञ्चालन तथा भर्चुअल

रियालिटी प्रविधिको प्रयोग गरी ट्राफिक दुर्घटनाका नकारात्मक प्रभावहरू देखाउने वा अपराधका परिणामहरू बुझाउने जस्ता कार्य थप प्रभावकारी हुने देखिन्छ।

हाल सञ्चालनमा रहेका नागरिक केन्द्रित कार्यक्रमहरूको प्रभावकारिता मापनका लागि नियमित सर्वेक्षण र अध्ययन गरी आवश्यकताअनुसार सुधारका उपायहरू पहिचान गर्नुपर्ने देखिन्छ। साथै संस्थागत क्षमता विकासका लागि प्रहरी कर्मचारीहरूलाई आधुनिक सामाजिक मनोविज्ञान, सामुदायिक सम्पर्क र व्यवहार परिवर्तनका विधिहरूमा प्रशिक्षण प्रदान गर्दा उपयुक्त हुने देखिन्छ । सामाजिक नैतिकताका क्षेत्रमा अनुसन्धान र अध्ययनलाई प्रवर्धन गर्दै अन्तर्राष्ट्रिय स्तरमा सफल भएका मोडलहरूको अध्ययन र अनुभव आदानप्रदान मार्फत प्रभावकारी नीतिको अवलम्बन गर्दा उपयुक्त हुने देखिन्छ।

सामुदायिक नेतृत्व विकासमा महिला र सीमान्तकृत समुदायका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिई नैतिकता प्रवर्धनका कार्यक्रमहरूमा सहभागी गराउँदा उपयुक्त हुने देखिन्छ । यसका अतिरिक्त पुनर्स्थापनामूलक न्यायको अवधारणालाई व्यवहारिक रूप दिँदै अपराधीहरूलाई कारागार सजायको विकल्पमा सामुदायिक सेवामा संलग्न गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न सकेमा अपराधीहरूमा पश्चाताप र सुधारको भावना जगाउनुका साथै समुदायको विकासमा समेत योगदान पुग्ने देखिन्छ।

अतः नागरिक चेतना र सामाजिक नैतिकताको विकासमा नेपाल प्रहरीको भूमिका केवल कानुन कार्यान्वयनमा मात्र सीमित रहेको देखिँदैन । समुदायसँगको सहकार्य, जनचेतनामूलक कार्यक्रम र प्रक्रियागत न्यायमा आधारित सेवाबाट प्रहरीले नागरिकको बानी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सक्ने देखिन्छ। प्रहरी र समुदायको साझेदारीमा आधारित सहकार्य मार्फत सुरक्षित, सभ्य र जिम्मेवार समाजको परिकल्पना साकार गर्न सकिने भएकोले प्रविधिको उचित प्रयोग, शिक्षा र सहभागितामूलक कार्यक्रमहरू मार्फत सामाजिक अनुशासनलाई प्रवर्द्धन गरी समुदाय प्रहरी साझेदारीको वर्तमान अभ्यासमा निरन्तर सुधार र नागरिकको प्रहरी प्रति विश्वासलाई प्राथमिकतामा राख्दै प्रहरी सेवालाई अझ व्यावसायिक र उत्तरदायी बनाउनुपर्ने देखिन्छ।

**सन्दर्भ सामग्रीः**

Bank, W. (2018). The role of law enforcement in urban governance.

Doi, T. (1971). The anatomy of dependence. Kodansha International. Environmental

Public Health. (1987).

Gill, C.W. (2014). Community-oriented policing to reduce crime, disorder, and fear and increase satisfaction and legitimacy among citizens: A systematic review. Journal of Experimental Criminology, 399-428.

Tankebe, J. (2013). In Search of Moral Recognition? Policing and Eudaemonic Legitimacy in Ghana. ResearchGate.

U.S. Department of Justice, O. o. (2014). Community policing defined.

UNODC. (2020). Police-public partnerships in crime prevention. ♦♦♦

कविता

# तिमी निदाएको बेला



✍ सिजन श्रेष्ठ

अघिल्लो रात
तिमी निदाएको बेला
तिमी एउटा यात्रामा थियौ ।

त्यो बेला
निन्द्रादेवीले
पहाडको शिरमा लगेर कतै
तिम्रो टाउको ठोक्काइदेलिन् कि भन्ने पीर थियो
यात्रामा उड्दाउड्दै तिमीलाई
कतै आकाशबाट खसालिदेलिन् कि भन्ने पीर थियो
जाँदाजाँदै कतै गुजुमुज्ज काला बादलहरूको भिडमा लगेर
छाडिदेलिन् कि भन्ने पीर थियो ।

बिहानीपख ब्युँझेर हेर्दा
तिमी आफ्नै ओछ्यानमा
मन्द मुस्कान सहित निस्फिक्री निदाइरहेकी देखेँ
तिम्रो पीरले "हजार रात बराबर लागेको त्यो एक रात" पनि
स्वर्णिम लाग्यो मलाई
निन्द्रादेवीको काखबाट
तिमीलाई सकुशल अवतरण भएको देखेपछि ।

नियात्रा

# जमघट खाना खानको, चिन्तन जन्मभूमिको



✍ **घनबहादुर थापा**

वि.सं. २०७१ कात्तिकमा पहिलो पटक म अमेरिकाको बोष्टन पुगेको थिएँ। बोष्टनमा पाइला टेकेको पहिलो हप्तामै नजिकैको शहर केपकोड यात्रामा जाने अवसर पाइयो । अवसर पाएपछि के चाहियो र ! बोष्टन निवासी अर्जुन गिरी, उहाँकी धर्मपत्नी सुभद्रा गिरी र म यात्रामा निस्कियौं । दुई दिनको रमाइलो केपकोड बसाइँपछि कात्तिक ७ गते साँझ सवा ४ बजे बोष्टन फर्कियौं ।

तुलनात्मक रूपमा बोष्टनका अन्य शहरभन्दा केपकोड कम जनघनत्व भएको शहर मानिँदो रहेछ । बोष्टनको सोमरभिल शहरमा हाम्रो बसोबास थियो । केपकोडबाट फर्केपछि करिब एक घण्टा आराम गरियो । त्यस बिचमा अर्जुनजीले आफ्नो स्टोर (सुपर मार्केट)को रेखदेख गर्नुभयो। जहाँ पुगे पनि जे गरे पनि कामको सम्मान हुने गर्छ अमेरिकामा। एकछिनको समय पनि सदुपयोग गर्न सकियो भने व्यक्ति, व्यवस्थापन र व्यवसायलाई प्रत्यक्ष टेवा पुग्छ र कालान्तरमा राष्ट्रको समृद्धिमा इँटा थपिन्छ । यस शिक्षालाई अमेरिकीहरूले पल पल ख्याल राख्छन् र स्वतस्फूर्त रूपमा व्यवहारमा उतार्छन् । अर्जुनजीले पनि त्यही गर्नुभयो। मैले पनि सिकेँ तर नेपाल फर्किएपछि त्यो शिक्षा सम्झेर पनि व्यवहारमा लागु गर्न नसकेको तथ्य स्वीकार्नै पर्छ !

स्टोरबाट फर्किएपछि अर्जुनजीले भन्नुभयो, 'आज साँझ चितवनकै मित्र भूमीजीकोमा खाना खान जानुपर्छ। निम्तो छ, हामी सबैलाई ।' विगत दुई दिन पनि चितवनकै मित्रको घरमा बिताएका थियौं। चितवनका अमेरिकाबासीहरूले आज पनि साथ दिने भए। यो गजबको संयोग पनि हो। यस्तै सोच्दै केही क्षणमा हामी त्यतै लाग्यौं।

सोमरभिलबाट भूमीजीको घरमा पुग्दा बाटोभरि गाडीका लस्कर देखिए । सबैले आ-आफ्नो लाइनमा गन्तव्य ताकिरहेका थिए। वरिपरी घरहरूको भिड नै थियो । अत्याधुनिक भवनहरू बसोबास र विविध प्रयोजनमा उपयोग भएका थिए। गाडीभित्र बसेर सडक र वरिपरको परिवेश नियाल्दा सबै उस्तै

उस्तै लाग्थे, सबै आ-आफ्नै विशेषता बोकेर उभिएझैँ लाग्थे । मैले आँखा झिम्म नगरी यो सबै दृश्यहरूलाई एक एक गरी रिट्ठो नबिराई अवलोकन गरिरहेँ ।

भर्खर नेपालबाट आएको मान्छे। सबै भौतिक चिजवस्तु अनौठा लागे, लाग्ने नै भए। के-के प्रयोजनका लगि निर्मित थिए, कुनै ठोस रूपमा भेउ पाउन सकेको थिइन। मुख्य सडकबाहेक अन्य शाखा सडकका घरमा कम्पाउण्डमा पर्खाल लगाइएका थिएनन् । चोरी डकैतीको कुनै डर नभएरै होला घर अगाडि खुल्लै छोडेका । घर अगाडिका चौडा सडक किनारमै गाडी पार्किङ गरिएका थिए । तर पार्किङ अति व्यवस्थित देखिन्थ्यो । यस्तै दृश्य हेर्दै हाम्रो यात्रा जारी रह्यो ।

केही क्षणको यात्रापछि एउटा अत्याधुनिक भवन अगाडि पार्किङ्मा गाडी रोकियो । भूमिजीका पिता हामीलाई स्वागत गर्न तलै आउनुभयो । 'दुई महिना भयो, नेपालबाट आएको', उहाँले भन्नुभयो 'छोरा बुहारी, नाती नातिना के गर्दै होलान् भन्ने पीरले यता आ'को ।' उहाँले अमेरिका आउनुको रहस्य खोल्नुभयो ।

नेपालमा यस्तो भैसक्यो कि आर्थिक रूपमा सम्पन्न र क्षमताले भ्याउन सक्ने जति जो कोहीका छोराछोरी शहर पस्छन् । कसैका विदेशिन्छन् । परिवारबाट टाढा भएपछि आमाबाबाको मायाबाटै टाढिन्छन् । बिहेपछि उनीहरूकै सन्तानका पछि लाग्छन् । मातापिता बिर्सन्छन् वा सम्झन मन लागे पनि बिर्सन बाध्य हुन्छन् । यो हाम्रो अवस्था र बाध्यता पनि हो । तर मातापिता आफ्ना सन्ततिलाई बिर्सदैनन् । झन् नाति नातिनाप्रति अझै बढी हुरुक्कै हुन्छन् । टाढा भएपछि उनीहरूकै सम्झनामा तड्पिन्छन् । भन्छन्, 'सावाँ भन्दा ब्याजको माया' यो हाम्रो समाजको यथार्थ हो । अमेरिकामा जति पनि मातापिता सन्तति भेट्न गएका थिए, ती सबैमा यही रोग देखियो । हिजो केपकोडमा पनि धेरै आमाबाबा नेपाली परिवेशमै भेटिएका थिए । 'सन्ततिको मायाले यहाँसम्म ल्यायो' उनीहरू निर्धक्क भएर भन्थे ।

सन्तति भेट्न सात समुद्र पारी आएका आमाबाबा निकै प्रशन्न देखिन्थे । आफूले जन्माएका सन्ततिका कारण अमेरिका जस्तो आर्थिक रूपमा सम्पन्न र वैभवयुक्त नागरिक भएको देश देख्न पाएकोमा गर्व गर्थे । अझ त्यहाँको नागरिक बनेर आफ्ना सन्ततिले हासिल गरेको उन्नति र प्रगति देखेर मख्ख पर्थे । आधुनिक गाडीमा सररर बग्दै काम गर्न हिँडेका आफ्नै सन्तान देख्दा कसको मन खुसीले गद्गद् नहोला ! जता गए पनि जुत्ता चप्पलबिना खाली खुट्टा पैदल

हिँड्ने आफ्नो बाल्यकालको सम्झना आउँदा यतिखेर अचम्म लाग्दो हो । अत्याधुनिक परिवेशमा रमाउन पाउँदा कसले भाग्यमानी नठान्ला आफूलाई । सबै आगन्तुक आमाबाबाको मुहारमा यही विम्ब झल्किएको र खुसी छचल्किएको पाएँ मैले ।

यस्तै सोचाईमा हराउँदै थिएँ म । उता पाहुना सत्कार शुरू भइसकेछ । चिसो/तातो पेय पदार्थबाट शुरू भएको हाम्रो सत्कार बढ्दै दारूपानीमा पुग्यो । विशेष परिकारको व्यवस्था थियो । अन्य पाहुना पनि थिए । नेपाली अनुहार भएर हो कि जसलाई देखे पनि यसअघि कहीँकतै देखेजस्तै लाग्थ्यो । कहाँ भेटे हुँला भन्ने भ्रममा पर्थें म । परिचय हुँदा पहिलो पटक मात्र भेट भएको सत्य खुल्थ्यो । आज पनि त्यस्तै भयो ।

नेपालबाट अमेरिका पुगेकाहरूका लागि समय कटाउने प्रमुख दुई कुरा रहेछन्- काम र आपसी जमघट । बिहान सबेरैदेखि काममै दौडिरहेको देखिन्थ्यो । भनिन्छ, अमेरिका एउटा राष्ट्रको रूपमा जन्म भएको पहिलो दिनदेखि नै जनताले उक्त मुलुकको स्वामित्व ग्रहण गरे । मलाई लाग्यो, नेपालीहरू वा अन्य मुलुकबाट अमेरिका आएकाहरू प्रवेश गरेकै क्षणबाट कामको स्वामित्व ग्रहण गर्न तम्तयार भए । नेटिभ नागरिक र आप्रवासी सबैको सामूहिक उर्जा, विश्वास र क्षमताको एकताबद्ध सामञ्जस्य मिल्यो । उनीहरूले यसलाई उन्नत र प्रभावकारी ढंगले परिचालन गरे र सफलता पाए । यही सफलताकै कारण अमेरिका विश्वको राजनीतिक, आर्थिक र सामाजिक नेतृत्व लिन सफल भयो । फलतः अमेरिका लामो समयसम्म विश्वको शक्ति, सामर्थ्य र समृद्धिको शिखर बनिरहेको छ । यही मूलभूत तथ्यलाई कामको उचित कदर गरेर अहिले पनि सबैले आत्मसात गरेका छन् । काम पछि उनीहरू जमघटलाई प्राथमिकता दिन्छन् । खानपानलाई उच्च महत्व दिन्छन् । स्वास्थ्यलाई शिरमा राखेर स्वास्थ्यप्रति सदैव सचेत हुन्छन् । यसपछि घुमफिरलाई महत्वको लाइनमा राख्छन् । यो यहाँको अघोषित संस्कृति नै बनेको पाइयो ।

आजको जमघट नियमित प्रक्रिया जस्तै लाग्यो मलाई । यस्ता जमघटले नेपालीत्व जगाउँछ, आत्मियता बढाउँछ, आफन्तपनको बिऊ उमार्छ जस्तो लाग्यो । निकै नयाँ परिवेशमा म थिएँ । तर अन्य पाहुनाहरूको अनुभव पुरानै अवस्था हो । खानपीनको साथ कुरा हुन्थे, नेपालकै । राजनीतिक अवस्था कस्तो छ ? आगामी दिनमा राजनीतिले कुन मोड लेला ? कसले के भन्यो ? उद्योगधन्दा के भइरहेका छन् । अब के होला देशमा ? यस्तै विमर्श हुन्थे, आज पनि चर्चा त्यस्तै भए । म भर्खर

नेपालबाट आएकोले चासो राखेर म प्रति जिज्ञासा राख्थे ।

मबाट केही नयाँ कुरा सुन्न पाइन्छ कि, भन्ने पनि लाग्दो हो । तर अवस्था त्यस्तो थिएन । मान्छेबाट भन्दा अनलाइन, सामाजिक सञ्जाल र सञ्चार माध्यमबाटै नेपालबारे धेरै कुरा थाहा भैहाल्छ आजकल । नेपालमा साँझ आठ बजेको समाचार आउँदा यहाँ बिहानको चिया पिउने समय हुने रहेछ । चिया पिउँदै समाचार सुन्ने, हेर्ने जमात निकै ठुलो रहेछ । इन्टरनेटमार्फत ठुलो स्क्रिनको टिभीमा समाचार लगायतका कार्यक्रम हेर्न पाइने रहेछ । इन्टरनेट, अनलाइनबाट पनि तत्काल समाचार थाहा हुने नै भयो । जसको कारण नेपालको गतिविधि सबैले छिट्टै थाहा पाएकै हुने रहेछन् । यसबाट जमघटमा वहस गर्न सजिलो पर्ने रहेछ ।

जमघटमा निकै रमाइला कुरा भए । जतिसुकै वैभवयुक्त जीवनस्तर भए पनि आफ्नो जन्मथलो र नेपालीपनको सम्झना त्यति नै गाढा हुने रहेछ । सोमरसमा झुमेपछि मनभित्रको वास्तविक कुरा फुत्त फुत्त बाहिर निस्किने रहेछ । कुनै नेपाली मित्रहरू आपसमा कुराकानी गर्दै फुसफुसाउँथे, 'के गर्ने अब हामी यहाँबाट जति पैसा लिएर नेपाल गई लगानी गऱ्यो भने पनि सफल हुन कठिन छ । बाल्यकालका साथीहरू हेर न माथिल्लो स्तरमा छन् । हामी जिरो लेभलबाट शुरू गर्दा पछाडि नै परिन्छ । जे छ यतै छ, अब नेपाललाई माया मार्नेबाहेक अर्को विकल्प देखिँदैन ।' जमघटका भाव, व्यक्त विचार र आपसी कुराकानीलाई मिहिन विश्लेषण गर्दा लाग्थ्यो खाना खाने जमघट भए पनि चिन्तन भने बढी जन्मभूमि/मातृभूमिकै हुने रहेछ, नेपालकै हुने रहेछ ।

जमघटमा चिरपरिचत धेरै थिए तर मेरा लागि म एक्लो वृहस्पति थिएँ । तै पनि मनका विरहहरू खुल्दै बन्द हुँदै गरे । आ-आफ्ना कुण्ठा, असन्तोषलाई रमाइलोको घामले सेक्दै, स्वादिष्ट परिकारले सन्तोष दिँदै सबैका मन उज्याला हुँदै थिए । लाग्थ्यो, त्यहाँ कुनै चिन्ता र दुःख छैन खुसी नै खुसी छ । वातावरण रमणीय र मन मनमा खुसीका तरङ्गहरू मुहारसम्म खुलेका थिए । बस्न त मन थियो तर रातको १० बजिसकेछ । 'अब जानुपर्छ' भन्दै अर्जुनजी उठेर बिदा माग्नुभयो । त्यसपछि हामी सोमरभिलस्थित फ्ल्याटतिर फर्कियौं । ◆◆◆

रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमवार र बिहिवार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट WWW.nepalpolice.gov.np मा समेत सुन्न सकिने छ ।

निबन्ध

# सुन्दर संसारको मन्त्रः 'वसुधैव कुटुम्बकम्'



✍ इन्द्रकुमार श्रेष्ठ

यस अनन्त ब्रह्माण्डको एउटा सानो निलो ग्रह, जसलाई हामी धर्ती भन्छौँ, यो केवल माटो र ढुङ्गाको भौतिक थुप्रो मात्र होइन । यो त अरबौँ जीवनहरूको ढुकढुकी, अनगिन्ती सपनाहरूको रङ्गमञ्च र प्रकृतिको एउटा अद्वितीय कलाकृति हो । प्रकृतिले हामीलाई एउटा सुन्दर 'साझा फूलबारी' उपहार दिएकी छिन्, जहाँ प्रत्येक प्राणीलाई आफ्नै लयमा बाँच्ने र रमाउने नैसर्गिक अधिकार छ । धर्तीले हामीलाई भेदभाव नगरी जन्माएकी छिन्, हुर्काएकी छिन् र आफ्नै काखमा आश्रय दिएकी छिन् । तर, विडम्बना ! विवेकशील भनिएको मानव जातिले जब यो धर्तीलाई आफ्नो व्यक्तिगत पेवा र शक्तिको प्रदर्शन गर्ने अखडा ठान्न थाल्यो, तबदेखि नै यहाँ अशान्तिको बीउ रोपिन थाल्यो । हामीले बिर्सियौँ कि हामी यो फूलबारीका माली मात्र हौँ, यसका निरङ्कुश मालिक होइनौँ । मालिक बन्ने होडमा हामीले प्रकृतिको लय बिगाऱ्यौँ र मानवताको मूल मर्मलाई नै तिलाञ्जली दियौँ ।

इतिहासका काला पानाहरू पल्टाउँदा मानिसको विवेक र दानवता बीचको द्वन्द्व छर्लङ्ग देखिन्छ। संसारमा शान्ति स्थापनाका लागि अहिंसाको आवश्यकता पर्छ भन्ने सत्य सर्वविदितै छ, तर मानवीय स्वभावको एउटा अँध्यारो पाटो हिंसासँग गहिरो गरी जोडिएको छ । यो हिंसा कुनै प्राकृतिक आवश्यकता होइन, बरु यो त मानिसभित्र लुकेको 'अहम्' को कुरूप र विषाक्त प्रतिफल हो । जब मानिसको अहङ्कारले सीमा नाघ्छ, तब उसलाई अरूको अस्तित्व केवल आफ्नो स्वार्थपूर्तिको साधन मात्र लाग्न थाल्छ । आफ्नै अहम्को तुष्टिका लागि र सत्ताको शिखरमा पुग्नका लागि लाखौँ निर्दोषको रगत बगाउन नहिचकिचाउने हिंसकहरूले इतिहासलाई पटक-पटक कलङ्कित तुल्याएका छन् । हामीले मध्ययुगीन बर्बरतादेखि हिटलरको नाजीवादसम्म आइपुग्दा के देख्यौँ भने, हिंसकहरू कहिल्यै एक्लै हुँदैनन् । उनीहरूलाई साथ दिने, उनीहरूको उन्मादलाई 'राष्ट्रियता' वा 'धर्म' को छद्म आवरण ओढाएर जयजयकार गर्ने एउटा जमात सधैँ तयार भइदिन्छ । यही सामूहिक

चेतनाको स्खलन र विवेकको अन्धकार नै आजको विश्वको सबैभन्दा ठुलो त्रासदी बनेको छ।

वास्तवमा, इतिहासका धेरैजसो भीषण युद्धहरू आफ्नो क्षेत्रफल वा राज्य ठुलो बनाउने र आफ्नो भूमि जोगाउने नाममा भएका छन् । मानिसले आफ्नो धर्म जोगाउने नाममा पनि हतियार उठाएका छन्, तर ती हतियारले अन्ततः 'धर्म' कै अपमान गरेका छन् । एउटा गम्भीर प्रश्न सधैँ अनुत्तरित रहन्छ– के यो जमिन कसैको निजी सम्पत्ति हो ? यो जमिन त प्रकृतिले दिएको साझा उपहार थियो, जो यहाँका सम्पूर्ण मानिसकै कल्याणका लागि सृजना गरिएको हो । मानिस त यहाँ केही समयका लागि आएको पाहुना मात्र हो, तर उसले आफूलाई धर्तीको शाश्वत मालिक सम्झने भुल गऱ्यो ।

अनि धर्मको वास्तविक उद्देश्य पनि त मानिसलाई अनुशासित बनाउनु, दयालु तुल्याउनु र समस्त जगतको कल्याण गर्नु नै हो । तर विडम्बना, जुन धर्मले प्रेम सिकाउनुपर्ने थियो, त्यही धर्म आज विभाजनको रेखा बनेको छ । बुझ्झकी भएर पनि यो कुरा बुझ्न नचाहेर वा नखोजेर आज यो संसारको कतिपय भाग यातना, पीडा र हाहाकारले भरिएका छन् । हामीले सिमानाका रेखाहरू त कोऱ्यौँ, तर ती रेखाहरू शङ्काको भारी, त्रासको घर र असुरक्षाका कारण पनि बन्न पुगेका छन् ।

संसारको कुनै भागमा जब हिंसाको डढेलो सल्कन्छ, तब त्यसले एउटा भयानक र निसासलाग्दो चक्रव्यूह निर्माण गर्छ । हिंसकको अत्याचारबाट मुक्ति पाउन कहिलेकाहीँ उनीहरूमाथि नै जाइलाग्नु मानवीय बाध्यता बन्न पुग्छ । महाभारतको युद्ध मैदानमा अर्जुनले उठाएको प्रश्न होस् वा आधुनिक युगका मुक्ति सङ्ग्रामहरू– यिनले एउटै कुराको सङ्केत गर्छन् कि कहिलेकाहीँ अधर्मलाई रोक्न हतियार उठाउनु धर्म ठहरिन्छ। तर, यहीँनेर मानवता एउटा यस्तो भुमरीमा फस्छ, जहाँबाट निस्कन प्रायः असम्भव देखिन्छ। हिंसालाई दबाउन प्रयोग गरिएको प्रतिहिंसाले अन्ततः झन् ठुलो हिंसालाई नै भ्रूणका रूपमा हुर्काइरहेको हुन्छ । रगतले लतपतिएको हातले अर्को रगत सफा गर्न खोज्दा दागहरू झन् गहिरा र कुरुप भएर बस्छन् । यो प्रतिहिंसाको चक्रव्यूह यस्तो छ, जहाँ पस्न त सजिलो छ, तर निस्कने बाटो कसैलाई थाहा छैन। एउटा युद्धको अन्त्य अर्को प्रतिशोधको पृष्ठभूमि बनेर आउँछ। यसरी कतिपय अवस्थामा मानिसले आफ्नै हातले आफ्नै सभ्यताको चिहान खनिरहेको हुन्छ।

हाम्रो गौरवशाली पूर्वीय दर्शनले "वसुधैव कुटुम्बकम्" को महान् आदर्श अगाडि सारेको छ। यो केवल दुई शब्दको

मोहक नारा मात्र होइन, यो त सम्पूर्ण विश्वलाई एउटै परिवार मान्ने विराट चेतना र संवेदनात्मक एकता हो । उपनिषद्का यी ऋचाहरूले हामीलाई सिकाउँछन् कि यो विशाल पृथ्वी नै हाम्रो घर हो र यहाँका हरेक जीव हाम्रा दाजुभाइ-दिदीबहिनी हुन् । यदि हामी एउटै परिवार हौँ भने, एउटा सदस्यको आँखाबाट आँसु खस्दा अर्को सदस्यको ओठमा मुस्कान कसरी सम्भव छ ? तर आधुनिक मानवले यो विराट चेतनालाई बिर्सिएर आफूलाई भूगोलको साँध-सिमाना, भाषाको बार र धर्मको सानो घेरामा कैद गरेको छ । विवेकशील मानिसले विवेक गुमाउँदा संसार कति भयावह हुन सक्छ भन्ने कुरा बितेका दुईवटा विश्वयुद्धहरूले प्रमाणित गरिसकेका छन् । ती युद्धहरूले छोडेका घाउहरू अझै निको भएका छैनन्, तर पनि मानिसले फेरि अर्को विनाशको तयारी गर्न छाडेको छैन । आणविक अस्त्रको आडमा शान्तिको खेती गर्नेहरूले किन यो कुरा बुझ्दैनन् कि-बारुदको थुप्रोमा बसेर शान्तिको सपना देख्न सकिँदैन ।

आजको विश्वको अर्को गम्भीर पक्ष भनेको विश्वासको सङ्कट हो । राष्ट्र-राष्ट्रबीच थुप्रै शान्ति सन्धिहरू भएका छन्, सह-अस्तित्वका दस्तावेजहरूमा सुनौला अक्षरले हस्ताक्षर गरिएका छन् । संयुक्त राष्ट्र संघ जस्ता संस्थाहरूले विश्व व्यवस्थालाई सन्तुलनमा राख्न खोजेका छन् । तर, के ती हस्ताक्षरहरूले मानिसको त्रसित मनलाई शान्त पार्न सकेका छन् त ? वास्तवमा, यी सम्झौता र सन्धिहरू केवल बाहिरी आवरण मात्र हुन् । भित्रभित्रै मानिसले साँचो अर्थमा एक-अर्कालाई विश्वास गर्न सकेको देखिँदैन । अविश्वासको यो अभेद्य पर्खाल यति अग्लो र बलियो भइसकेको छ कि यसले छिमेकीको अनुहारमा शत्रुको छाया देखाइदिन्छ । शान्तिको माला जप्ने हातहरूले नै सुटुक्क विनाशकारी अस्त्रको स्विचमा औँला राखेका छन् । यो कस्तो विडम्बना हो जहाँ हामी ओठले शान्तिको कामना गर्छौं तर मुटुभित्र युद्धको तयारीमा तल्लीन रहन्छौँ ? मानवीय चिन्ताको मूल जड नै यही दोधारे र धोकेबाज चरित्र हो ।

मानिस विवेकशील प्राणी हो । विवेकको अर्थ केवल गणितीय हिसाब-किताब जान्नु, उच्च शिक्षा हासिल गर्नु वा प्रविधिको विकास गर्नु मात्र होइन । विवेक त त्यो हो, जसले हामीलाई अर्काको पीडामा रुन र अरूको खुसीमा रमाउन सिकाउँछ, सही र गलत छुट्याउन सिकाउँछ । तर आजको मानिसले आफ्नो त्यही नैसर्गिक विवेक गुमाउँदै गएको छ । प्रविधिले संसारलाई एउटा 'ग्लोबल भिलेज' त बनायो, तर मानिसको हृदयलाई

भने झन् सङ्कुचित पारिदियो । हामीसँग चन्द्रमासम्म पुग्ने रकेट त छ, तर छिमेकीको ढोकासम्म पुग्ने समय र संवेदना छैन । हामी इन्टरनेटमार्फत हजारौँ माइल टाढाका मानिससँग जोडिएका छौँ, तर आफ्नै घर भित्रको मानिससँग हाम्रो मन जोडिन सकेको छैन । जब विवेक हराउँछ, तब मानिस जङ्गली जनावरभन्दा पनि घातक बन्छ । किनकि जनावरले त भोक मेटाउन मात्र शिकार गर्छ, तर मानिसले त आफ्नो तृष्णा, अहङ्कार र मनोरञ्जनका लागि पूरै सभ्यतालाई दाउमा लगाइदिन्छ ।

यो संसार यहाँका सबै मानिसको साझा र सुन्दर घर हो । यसले हामीलाई अक्सिजन दिँदा हाम्रो जात सोध्दैन, यसले हामीलाई तिर्खा लाग्दा पानी दिँदा हाम्रो राष्ट्रियता सोध्दैन । सूर्यको प्रकाशले सबैलाई समान रूपमा स्पर्श गर्छ र वर्षाको थोपाले सबैको प्यास मेटाउँछ । प्रकृतिको यो अगाध र निःस्वार्थ प्रेमलाई बिर्सेर हामी किन एक-अर्काको रगतको प्यासी बनिरहेका छौँ ? संसाररुपी यो साझा फूलबारीमा प्रत्येक फूललाई आफ्नै सुगन्ध छर्ने अधिकार छ । कोही गुलाफ भएर फुलून्, कोही सयपत्री भएर, कोही मखमली भएर त कोही बेलीचमेली भएर । तर ती सबैको जरा त यही धर्तीको माटोमा छ । यदि हामीले यो साझा धरातललाई नै नष्ट गर्‍यौँ भने ती सुन्दर सुन्दर फूल कहाँ फुल्लान् ? हामी कहाँ उभिएर आफ्नो श्रेष्ठताको ढोल पिटौँला ? यो धर्तीको विनाश हुनु भनेको हाम्रो आफ्नै अस्तित्वको अन्त्य हुनु होइन र !

आधुनिक युगमा विकासका नाममा भएका विनाशहरू अझ डरलाग्दा छन् । हामीले प्राकृतिक स्रोत र साधनको दोहन मात्र गरेनौँ, मानवीय सम्बन्धहरूको पनि दोहन गर्‍यौँ । पूँजीवाद र उपभोक्तावादको दौडमा मानिस यति व्यस्त भयो कि उसले जीवनको वास्तविक उद्देश्य नै भुल्न पुग्यो । मानिसले भौतिक सुख त पायो, तर मानसिक शान्ति गुमायो । आजको विश्वमा डिप्रेसन, एक्लोपन र निराशा बढ्दै जानुको मुख्य कारण हामीले 'वसुधैव कुटुम्बकम्' को भावनालाई बिर्सनु नै हो । हामीले संसारलाई सोध्यौँ– "मेरो लागि के दिन सक्छौ ?" तर कहिल्यै सोधेनौँ– "मैले संसारका लागि के दिन सक्छु ?" यही स्वार्थी सोचले गर्दा आज समाज टुक्रिएको छ, परिवार विभाजित भएका छन् र शक्तिराष्ट्रहरू युद्धको सङ्घारमा उभिएका छन् ।

अबको बाटो गम्भीर आत्म समीक्षाको बाटो हो । हामीले हाम्रा सन्ततिलाई कस्तो संसार हस्तान्तरण गर्दैछौँ ? के हामी उनीहरूलाई बन्दुकको नाल, घृणाको विरासत र बारुदले भरिएको आकाश छोडेर जान चाहन्छौँ ? पक्कै पनि होइन । हामी चाहन्छौँ कि हाम्रा छोराछोरीहरूले खुला आकाशमा स्वच्छ

हावा लिन पाऊन्, उनीहरूले कुनै पनि प्रकारको डरबिना खेल्न पाऊन् र उनीहरूको मनमा सदैव अर्को मानिसप्रति प्रेम र सम्मान होस् । त्यसैले, संसार शान्त र सुखी नबनी अब हामीसँग अर्को कुनै विकल्प छैन । हामीले शस्त्रको अन्धो दौडलाई त्यागेर शास्त्र र सत्यको उज्यालो मार्ग रोज्नुपर्छ । हिंसा र प्रतिहिंसाको यो अन्तहीन दुष्चक्रलाई तोड्नका लागि बुद्धको करुणा, गान्धीको अहिंसा र मण्डेलाको क्षमाभावलाई पुनः जीवनमा उतार्नु आवश्यक छ ।

यो संसारमा वास्तविक शान्ति कुनै औपचारिक हस्ताक्षरबाट होइन, बरु प्रत्येक व्यक्तिको हृदयको रूपान्तरणबाट सुरु हुन्छ । जब हामी आफ्नो सङ्कुचित 'म' बाट माथि उठेर 'हामी' को विराटतामा विलीन हुन्छौँ, तब मात्र यो धर्ती साँचो अर्थमा साझा घर बन्नेछ । हामीले हाम्रा बालबालिकाहरूलाई विद्यालयदेखि नै 'विश्व नागरिक' बन्न सिकाउनुपर्छ । उनीहरूलाई भूगोलको सिमानाभन्दा माथि उठेर सोच्न प्रेरित गर्नुपर्छ । विवेकशील प्राणीले आफ्नो विवेकलाई कहिल्यै बन्धक राख्नु हुँदैन । संसारका भीषण युद्धहरूले हामीलाई एउटै पाठ सिकाएका छन्–'युद्धमा कसैले जित्दैन, केवल मानवता हार्छ' । युद्धको मैदानमा ढलेका लासहरूले कुनै राष्ट्र वा धर्मको जितको घोषणा गर्दैनन्, बरु ती लासहरू त मानवीय संवेदनाको पराजयका साक्षी हुन् ।

त्यसैले, यो साझा फूलबारीलाई जोगाउन, 'वसुधैव कुटुम्बकम्' को प्राचीन तर शाश्वत भावनालाई साकार पार्न र मानिस-मानिस बीचको विश्वासको पुल बनाउन अब ढिला गर्नु हुँदैन । हामीले एक-अर्काको अस्तित्वलाई स्वीकार गर्न सिक्नुपर्छ । विविधता नै यो संसारको सुन्दरता हो । फरक मत, फरक संस्कृति र फरक जीवनशैलीलाई सम्मान गर्नु नै सच्चा मानवता हो । जबसम्म हामी अरूको अस्तित्वमा आफ्नो अस्तित्व देख्दैनौँ, तबसम्म साँचो शान्ति सम्भव छैन । हामीले शस्त्रमा लगानी गर्नुको साटो शिक्षा, स्वास्थ्य र भोकमरी निवारणमा लगानी गर्नुपर्छ । विनाशकारी आणविक बम बनाउने बुद्धिले यदि भोकाहरूको पेट भर्ने उपाय खोजेको भए आज संसारको स्वरूप अर्कै हुने थियो ।

अन्त्यमा, यो धर्ती हामी सबैकी साझा आमा हुन् । आमाको काखमा बसेर एक-अर्काको गला रेट्ने र रगतको होली खेल्ने कुकर्म अब सधैँका लागि बन्द हुनुपर्छ । शान्ति कुनै टाढाको गन्तव्य होइन, यो त हामीसँगै हिँड्ने एउटा सुन्दर प्रक्रिया हो । यो हाम्रा साना-साना कार्यहरूबाट सुरु हुन्छ– एउटा मुस्कान, एउटा सहयोगको हात, र एक अर्काप्रतिको

सम्मान । जबसम्म संसारको एक जना पनि मानिसको आँखामा अन्याय र हिंसाजन्य आँसु टिल्पिलाउँछ, तबसम्म हाम्रो सभ्यता अपूरो रहन्छ । हामीले चन्द्रमामा बस्ती बसाउने कुरा गरिरहँदा यो धर्तीलाई मरुभूमि बनाउनु हुँदैन ।

आउनुहोस्, हामी सबै मिलेर यो साझा र सुन्दर घरलाई अझ बढी सुन्दर, शान्त र सुरक्षित बनाउन आफ्ना साना-साना अहमूहरूलाई यो धर्तीको पाउमा विसर्जन गरौँ। घृणाको साटो प्रेमको बिरुवा रोपौँ, हतियारको साटो हातहरू मिलाऔँ र युद्धको साटो बुद्धको बाटो रोजौँ। किनकि, संसार सुखी भयो भने मात्र हामी सुखी हुनेछौँ र हाम्रो अस्तित्वले सार्थकता पाउनेछ। विवेकको दीप बलिरहोस्, शान्तिको जल बगिरहोस्, र मानवताको फूल यो धर्तीको आँगनमा सदा सर्वदा मुस्कुराइरहोस् । ◆◆

लघुकथा

## दुर्भाग्य



✍ **उर्मिला पन्त पाण्डेय**

समयको गतिलाई कसैले बुझ्नै सक्दैनन् । कतिवेला सुख आउँछ कतिवेला दुःख र आपत् विपद् आईलाग्छ कसैले भन्नु त कता हो कता अनुमान गर्न पनि सक्दैन ! अहिलेको जमानामा छोराछोरीको बिहे गर्न पनि त्यत्ति सजिलो त छैन तापनि आशाबहादुरले छोरीको कन्यादान गरेर धर्म हुन्छ भन्ने आशमा आँट गरेका रहेछन् !

आजकलको समयमा उमेर पुगेका छोराछोरीलाई चित्त बुझाउनै गाह्रो बल्ल तल्ल केटा र केटीलाई सम्झाई बुझाई भेट गराएर बिहे गर्न राजी गराईयो !

"अब त छोरीको कन्यादान गरेर हाम्रो धार्मिक ईच्छा पूरा हुन लाग्यो" भनेर आशाबहादुर र उनकी श्रीमती जुनुमाया दङ्ग परेर बिहेका लागि सबै चाहिँदा सरसामान ठिक्क पारेर खुसीसाथ आफन्त परिवार ईष्टमित्रहरूमा निमन्त्रणा पत्र समेत बाँडेर ढुक्कसँग अब जन्तिको स्वागत गरेर छोरी बिदा गर्न पाउने भईयो भन्ने खुसीले गद्गद् भएर बसेका थिए ।

अचानक बेहुलाका आफ्नै बुबाका कान्छा भाई अर्थात् बेहुलाका सबैभन्दा कान्छा काका बितेर जूठो पर्‍यो अरे...! भन्ने दुःखपूर्ण खबर पो आयो...!!!

# सुडान हबुबको साम्राज्य

सुडान नर्थ सेक्टरको कोर्मा टिम साइटमा एक दिन अफिसको काम सकेर बल्ल म आफ्नो रुम जाने बेला भएको थियो। बाहिर प्रचण्ड गर्मी र टन्टलापुर घाम लागिरहेको थियो। आकाशतिर कतै गड्याङ-गुड्युङको ध्वनी सुनिन थाल्यो। एकैछिनमा आकाशभरि अन्धकार मडारियो। आकाशमा काला बादलहरू छिटो-छिटो कुद्दै, एक आपसमा जोडिँदै, हुरी, बतास र आँधीबेरीको भयावह स्वरूप देखियो।

सुडानको आँधीबेरी र हुरी, बतासलाई हबुब भनिँदो रहेछ। हबुब मुख्य रूपमा सुडानको उत्तरी भागमा आउने धुलो वा बालुवाको आँधीको नाम हो, जुन प्रायः मे र सेप्टेम्बरको दिउँसो र साँझमा देखिन्थ्यो। यो "हबुब" नाम अरबी शब्द 'हब' बाट आएको हो, जसको अर्थ 'फुक्नु' हो। बेला-बखत सोझा, निमुखा सुडानी जनतालाई यो हबुबले फुकिरहन्छ, सेकिरहन्छ।

सुडान लगायत अन्यत्र गर्मीमा चल्ने यस्तो हिंस्रक, त्रासयुक्त, भययुक्त र दमनकारी हावाको झोकाले मरुभूमिबाट बालुवाका कण र धुलो प्रशस्तै ल्याउँदछ। यसले जन-जीवन अस्तव्यस्त र कष्टकर बनाउँछ। मैले नेपालमा देखेको सामान्य हुरी-बतास जस्तो थिएन त्यो हावाको



✍ **श्रीहरि के.सी.**

झोक्का अर्थात् हबुब।

धुलाका पहाडले ढाकिएको आकाश, हावाको गर्जन थियो। सुडानको बलौटे बालुवा र धुलो सोरिएर ठुलो पहाड सरह टाढाबाट म भएको दिशा तिर आउँदै थियो। कालो धुलोको बाक्लो पर्खाल बनेर आँधीबेरीले पूरै गाउँ, बस्ती पुरिँदै आएको देखेँ मैले। म अफिसबाट युएनको गाडीभित्र चढेर रुमतर्फ जाने तरखरमा थिएँ। अफिस र म बस्ने रुमको दूरी केही टाढा थियो।

बेस क्याम्प बाहिर र भित्र कम्पाउण्डमा देखिएका केही मानिसहरू पनि भागदौड गर्दै सुरक्षित स्थानतर्फ हतार-हतार भाग्दै थिए। मनभरि अनेक प्रकार का डर उत्पन्न हुन थाले। मनमा शंका-उपशंका उठ्न थाले– अब यही आँधीमा पो म घाइते हुन्छु कि ? मरिन्छ कि कसो ? म र गाडी पूरै पुरिन्छ कि ? मानवनिर्मित भवन र भौतिक संरचना नै ध्वस्त हुने हो कि ?

यस्तै यस्तै विचलनहरू मनमा

उत्पन्न भए । देखिएका केही मानिसहरू "हबुब-हबुब" भन्दै चिच्याउँदै, कराउँदै आश्रय खोज्दै भागिरहेका थिए। मानिसहरूभित्र त्रास मात्र देखिन्थ्यो । रुखबिरुवाका हाँगाहरू भुइँतर्फ लच्किएका थिए, धेरै वनस्पतिहरू भाँचिएका थिए । विद्युतका खम्बाहरू ढलेका थिए । पूरै जनजीवन अस्तव्यस्त देखिन्थ्यो । सम्पूर्ण एरिया त्रासपूर्ण थियो । चारैतिर सन्नाटा छाएको थियो ।

हामी बस्ने ठाउँ धुलोको समुद्र र हबुबको साम्राज्यमा हराएको थियो । डर र भयले काँप्दै-काँप्दै मोबाइलको क्यामेरा झिकेर त्यो डरलाग्दो क्षणलाई कैद गरेँ मैले। ठुलै जोखिम उठाएँ मैले, अनि अदम्य साहस पनि गरेँ त्यो पल, त्यो क्षण । केही थान फोटो पनि लिन भ्याएँ । मैले प्रत्यक्ष देखेको, भोगेको र महसुस गरेको त्यो हबुब जसले धकेलेको धुलो र बालुवाको पर्खाल अघि-अघि बढ्दै थियो ।

त्यो मौसमी मोर्चा हबुबले अगाडि धकेलिएको धुलो र बालुवा ठुलो उचाइको पर्खाल बनेको थियो, जुन द्रुत गतिमा अगाडि आइरहेको देखेँ । त्यो पर्खाल बनेर आएको हबुब आकाशमा कहिले सुन्तला रंग, कहिले खैरो रंगमा देखिन्थ्यो । जीवन र मृत्युको सीमामा पुगेको जस्तो लाग्दा पनि स्मृतिको एउटा फ्रेम सुरक्षित गर्न मन लाग्ने रहेछ ।

मैले हतार-हतार गाडी हाँकेँ र सुरक्षित दिशातर्फ लागेँ। तुरुन्तै रुम पुगेँ । सम्पूर्ण ढोका र झ्याल बन्द गरेर भगवान र अल्लाहलाई सम्झेँ । प्रि-फाइभ ब्लकको सिसाको झ्यालबाट हबुबको सम्पूर्ण गतिविधिको सूक्ष्म निरीक्षण गरेँ । म बसेको ब्लकलाई पनि हबुबले स्पर्श गर्दै, पूरै भवनलाई बलौटे बालुवा र धुलोले ढाँक्दै अर्को दिशातर्फ गयो ।

मैले बल्ल आनन्दको सास फेरेँ । हबुब गएपछि वातावरण खुला भयो र मौसम सफा भयो । केहीबेरपछि हल्का वर्षा भएपछि मानिसहरू बाहिर निस्किएर रमाउन थाले । अनि हबुबको सन्दर्भमा एक-अर्काबीच भलाकुसारी हुन थाल्यो ।

आकाशबाट भएको जलवृष्टिका कारण प्रचण्ड गर्मी केही क्षणमै शीतलतामा परिवर्तन भयो । एकैछिनमा उत्साह र उमंग छायो । हबुबका कारण कोठाभित्र पसेका धुलो र बालुवाका कणले फोहोर भएको मेरो सुन्दर सुडानको कोठा र आसपास सफा गरेँ मैले । आफूलाई पनि नुहाएर ताजगी दिलाएँ ।

सुडानको मरुभूमिमा यस्ता प्राकृतिक विपद् र मानवीय बर्बरता साथै जालझेल पनि झेल्नु पऱ्यो समय-समयमा । त्यसैले, जिन्दगीमा कहिले हावा, पानी, हुरी, बतास, हबुब जस्ता प्राकृतिक विपत्ति आउँछ, पत्तो नै नहुने रहेछ । अनि मानिसको जीवनमा पनि सुख र दुःखको भेल-बाढी कहिले आउँछ भन्ने अनुमान गर्न गाह्रो हुँदो रहेछ ।

साच्चिकै, ईश्वर, अल्लाह वा परमेश्वर भन्नु नै हाम्रो आस्थाको केन्द्र हो। यस्तो आस्था सम्पूर्ण मानव जातिमा हुन्छ। मानव चेतनशील प्राणी भएकै कारणले उसले आफ्नो विवेक प्रयोग गरेर असल र खराबबीचको भिन्नता सजिलै छुट्याउन सक्छ । ईश्वरको रूप नै चेतना हो, चेतना नै विवेक हो । हामीले आफ्नो विवेकी हृदयलाई कहिल्यै विचलित हुन दिनु हुँदैन ।

त्यसैले, प्रकृतिका विभिन्न रूप र रंग हुन्छन् । मैले देखेको त्यो प्रकृतिको रूप–हबुब र हबुब हटे पछिको वातावरण र मौसम–मेरो स्मृतिमा आज पनि ताजा छ । त्यो प्रकृतिको अवतार र दृश्यलाई सुरक्षित रूपमा, सम्झनायोग्य ढंगले, मन, मस्तिष्क र मानसपटलमा फोटोसहित कैद गरेँ मैले।

साँच्चिकै हो– प्रकृतिले सधैँ हृदय वा आत्माको रंग लगाउँछ जिन्दगीमा। अनि प्रकृतिको अध्ययन, माया-मोह र सामीप्यताले जो-कोहीलाई सफल बनाउँछ । मैले अनुभव गरेँ–अनि आफैंमा महसुस गरेँ–जिन्दगी केवल सुखको सागर मात्र होइन, दुःख, कष्ट र अभावको मरुभूमि पनि हो ! ♦♦

**कविता**

# फिक्री छ दालभातको



✍ **बेनी थापा**

भारी बोकी तिमी ती साहुहरूको, पुग्छौ कैयन् घरघर ।
घर्का ती परिवार जोजति सबै, तिम्रै हुने निर्भर ॥
खेतबारीहरूमा त काम गर्दै, मेला अनि पातको ।
दिन्भर काम गरेर साँझ घरमा, फिक्री छ दालभातको ॥

यस्तो हाल यहाँ श्रमिकहरूमा, समवृद्धि कहाँ छ र ।
मैनावारि गरेर खाँन पुग्ने, ग्यारेन्टी त्यस्तो गर ॥
एक्काइसौं शताब्दी हो तर पनि, कुरा छ जातभातको ।
दिनभर काम गरेर साँझ घरमा, फिक्री छ दालभातको ॥

त्रिशुली नदिका किनारहरूमा, ती गिटी कुट्नेहरू ।
मलेखु र चरौंदिका तिरमा, बालुवा झिक्नेहरू ॥
शिक्षा स्वास्थ्य सबै अभाव बिचरा, निद छैन दिनरातको ।
दिनभर काम गरेर साँझ घरमा, फिक्री छ दालभातको ॥

दिनभर्को पसिना कमाइ घरमा, खाँनै छ धौधौ हुने ।
यस्तो हाल छ लौ विपन्नहरूमा,कहाँ गई ती रुने ॥
यो कसले देख्ने र बुझ्ने हो, कुरा छ बात बातको ।
दिनभर काम गरेर साँझ घरमा, फिक्री छ दालभातको ॥

आङ्मा भारी बोकेर साहुहरूको, घर घर पुग्ने पनि ।
केही कारणले त काम नभए, के हाल होला अनि ।
नाम्लोलाई ती भारी थाप्लोहरूमा, खाली कपाल माथको ।
दिनभर काम गरेर साँझ घरमा, फिक्री छ दालभातको ॥

निबन्ध

# हु आर यु ?



✍ डा. प्रेमराज सिलवाल

दशकअघि काठमाडौँको चावहिल स्थित चुच्चेपाटीको एउटा पानी जमेको खेतको गरामा एउटा 'नाग' देखियो । नाग हेर्ने र दक्षिणा भेटी चढाएर 'पूजा' गर्नेहरूको घुइँचो भयो । एक सातामा नै त्यहाँ हजारौँले पूजा गरे । लाखौँ लाख पैसा दान गरे । खेतमा पानी गहिरो थियो । त्यो पानीको बिचमा एउटा प्लाष्टिकको सर्प कसैले ल्याएर धागोले बाँधेर टाढाबाट हल्लाउने खेल खेलाएको रहेछ । लाखौँ भेटी र दानपैसा उठाएर त्यो 'चटके' भाग्यो । 'नागराजा' र नाग भगवानको नाममा मानिसले चढाएको भेटी, पैसा र दान खान बनाइएको जालमा मानिसहरू नराम्रोसँग फसे । त्यसमा कसैलाई कुनै कारबाही भएन । कसैको खोजीनीति र जाँचपडताल भएन । पैसो उठाएर 'हिन्दीभाषी' एकजना 'भैया' भाग्यो भनियो । मानिसहरू हिस्स परे । सबै तैँ चुप मैँ चुम मात्र बने ।

बजारमा दुग्ध विकास संस्थानद्वारा वितरित पोकाको दुधको हाहाकार भएको देखेर मैँले छिमेकी दिदीलाई सोधेँ-'दिदी किन के भएर सबै दुध खोज्न बजारमा दौडिएका छन् ?' दिदी हस्याङ्फस्याङ्ग गर्दै भन्दै थिइन-'काठमाडौँका गणेश मन्दिरहरूका 'भगवान गणेश'हरूले दुध खाए रे ।' 'म पनि गणेशलाई दुध खुवाउन दुध किन्न बजारमा जान लागेकी !' उनी भन्दै थिइन-'भगवानको सात्क्षात्कार दर्शन हुने भयो ।' 'मनकामना पूरा हुने भयो ।' म काठमाडौँ गणेशस्थान नजिकै बस्ने भएकाले तत्कालै गणेशस्थान गएर हेर्दा देखि नसक्नुको भिड थियो । 'सबै गणेशलाई दुध खुवाउन लामबद्ध थिए ।' एकजना बहिनी भन्दै थिइन-'गणेशले दुध खायो भनेर बजारमा दुध किन्न गएको थिएँ, दुध पाइएन, आफ्नै बच्चालाई खुवाउन भनेर राखेको दुध बोकेर आएँ ।' कसैले तर्क गरेन । 'ढुङ्गाले दुध खाँदैन' भनेर । 'होहोहो हो'ले बजार खायो । चौबिस घन्टा गणेशले दुध खाएको चर्चाले बजार पिटेपछि दुधको हाहाकारले बजार तात्यो । त्यसपछि सरकारी निकायका मान्छेहरू परीक्षण, अनुसन्धान र अवस्था बुझ्न गणेश स्थानहरूमा हानिए । अनुसन्धानको नतिजाले भन्यो-

सुख्खा मौसम भएको र गणेश स्थानहरूमा मूर्ति (ढुङ्गा) चर्किएका स्थानहरूबाट भित्रभित्रै दुध जमिनले सोसेको पाइयो ।' आफ्ना बच्चाको लागि भनेर राखेको दुधको पोका लिएर गणेश स्थान दौड्दै गरेका दिदीबहिनीहरू सरकारी प्रतिवेदन सुनेर 'हेरेको हेऱ्यै' भए ।

कवि भूपि शेरचनले उहिल्यै लेखेका थिए-'यो हल्लै हल्लाको देश' भनेर । काठमाडौँमा रहेका शहरीया, धनाढ्य 'बाबुसाहेब' र 'साहेबनीहरू'का अनगिन्ती हर्कत, कार्य, क्रिया, व्यवहार, सोच र संस्कृति देख्दा मैँले भने-'हल्लै हल्लाको काठमाडौँ ।' केही दिन अघि टोखा नगरपालिकामा रहेको ग्रान्डी हस्पिटलको आडैँमा रहेको घरधनीकी श्रीमती ग्यास्टिक भएर फतकफतक परिछन् । घरधनीले चाहिँ टोखा बजारमाथिको झोर गाउँमा गएर एकजना झाँक्रीलाई बोलाएर ल्याएर भनेछन्-'जे गरेपनि श्रीमतीलाई निको भएन । केही लगान हुनुपर्दछ । झारफुक गर्दिनु पऱ्यो ।' झाँक्रीले रातो भाले मगाएर ढ्याङ्ग्रो ठोकेर पूजा गर्दै भनेछन्-'काँचो वायु र पिचास लागेको रहेछ । अब ठिक हुन्छ ।' अझैँ रोग निको नभएपछि छिकेकीले भनेछन्-'अम्बाको पात तातोपानीमा पकाएर खानु निको हुन्छ ।' अर्का आफन्तको सुझाव रहेछ- 'तातोपानीमा जिरा र बेसार हालेर राती सुत्नेबेलामा पिउनु ।' यस्ता स्वघोषित 'डाक्टर, विज्ञ, ज्ञाता र सुझावदाता' टोलै पिच्छे देखिन्छन् । तपाईँलाई कस्तो चाहिन्छ त्यस्तै मिल्दछ । रोगदेखि भोगसम्मका सुझाव दिनेहरू छन् । एउटाले भन्यो-'यस्तो हो रे ।' अर्काले भन्यो-'त्यो चाहिँ हुँदै न रे ।' अर्काले भन्यो-'यसो गर्दा यसो हुने रे ।' अनि अर्कोले फेरि भन्यो-'होइन यस्तो पो हो रे ।' भुसको आगोभन्दा चाँडो 'हल्लाखल्ला फैलने' भएकाले नै हल्लै हल्लाको काठमाडौँ भनेको हो । 'कोरोना काल'मा यस्ता हल्लाखल्लाको बजारले 'सुनको भाउ बढेको जस्तो' अवस्था बनाएको देखिन्थ्यो । 'योयो खानु ।' 'योयो नखानु ।' 'योयो गर्नु ।' 'योयो नगर्नु ।'

कोरोना भनेको के हो ? कसरी कोरोना हुन्छ ? यसले कसरी मान्छे मार्दछ ? कसरी कोरोना निको हुन्छ ? प्रश्नहरू दर्जनौँ हुन्थ्यो । सुझाव चाहिँ हजारौँ हजार । मान्छे पिच्छेका सुझाव देखिन्थ्ये । घरपिच्छे 'डाक्डर' भए । जस्तोसुकै बिरामी हुने बित्तिकै 'कोर्ना' भनियो । मान्छेलाई खान, बस्न, बोल्न दिइएन । आइसोलेसनमा राख्ने भनियो । कसैलाई बोल्न, छुन र हेर्नसम्म नदिएर मान्छे मार्ने काम भयो । करोडौँको औषधीजन्य सामग्रीको 'व्यापार' भएपछि कोरोना सकियो । आइसोलेसन खुल्यो । कहाँबाट कसले फैल्यायो यस्तो हल्लाखल्ला ? किन फिजाइयो त्रास ?

आखिर के रहेछ त कोरोना ? खै कसले केही जवाफ दिँदैनन् । अनेकौँ वस्तुको व्यापार र खानपिनको हल्लाले काठमाडौँलाई भूकम्पले जस्तो गरी हल्लाएको थियो । उसै त हल्लैहल्लाको देशको हल्लैहल्लामा बाँचेको काठमाडौँ ! त्यसमा कोरोना भएपछि के चाहियो ?

गुर्जो नामको लहरा कोरोनाको अचुक औषधी हुने भनियो । सुगर र प्रेसरलाई पनि गज्जब हुने हल्ला आयो । प्रत्येक घरमा गुर्जोको डाँठ काटेर रोपिए । दैनिक पानी हालियो । बुढाभएका 'बाबु आमालाई भन्दा बढी स्याहार-सुसार गुर्जोले पायो' । केही महिनामा नै शहरबजार भरि गुर्जोको लहरैलहरा देखियो । कोठामा बस्नेले पनि गमलामा गुर्जो रोपे । लहरा हुर्काए र बढाए । वर्षदिन अघिसम्म पनि धेरै घरमा हरियै देखिन्थ्यो- 'गुर्जो ।' अहिले केही ओइलिएका देखिन्छन्- 'गुर्जोका लहराहरू ।' चोकचोकमा गुर्जोको लहरा र पानी बेचिन्थ्यो । अहिले त्यति देखिन्न । त्यसको ठाउँ केले लियो होला ? चोकचोकमा घ्युकुमारी (एलोभेरा) बेच्न राखिएका देखिन्छन् । त्यसको पात र पानी खान अर्ति दिनेहरू बढेका छन् । सुगर, प्रेसर, मोटो पन, थकान, पेट सबैका लागि राम्रो हुने अरे ! अमलाको चर्चा पनि बढी गरियो । अमला बहुगुणी त हुँदै हो । तर अहिले फेरि 'सर्वशक्तिगुणी' भनियो । केही वर्षअघिसम्म रत्नपार्कमा बाँदर नचाएर औषधी बेच्नेहरू देखिन्थ्ये । उनीहरू चटक देखाएपछि भिडमा सानासाना औषधी जस्तो 'गोली' बेच्दथे । भन्थे-'यो गोली-' गानो, गोला, पेट, प्रेसर, सुगर, दम, बाथ, किड्नी, पिसाब, छाला, दाँत दुखेकोदेखि गर्दन दुखेकोसम्म' एउटै गोलीले 'चट पार्ने' भन्थे । धेरैले किन्थे । मलाई त्यो औषधीले रोग निको भयो भन्ने कोही फर्केर आउने होइन ! निको नभए बिक्रेतालाई कसैले कारबाही गर्ने पनि होइन । बेच्यो । किन्यो । खायो । सकियो ।

काठमाडौँको स्वभाव र चरित्र नै यस्तै त्यस्तै छ । अर्काले केही गरेको देख्नु हुन्न । उसले नयाँ गहना लगाइ । उसले नयाँ साडी किनी । अब यताकीलाई नभइभएन । छिमेकीले कुकुर पाल्यो अब पहिलोलाई पनि त्यो भन्दा जखमले ल्याएर देखाउनु पर्‍यो । आफन्तले ऋण गरेर 'इभी कार' किन्यो । अब यताकालाई पनि चाहियो । छिमेकीको छोरा अष्ट्रेलिया गयो । अब यताको पनि नगइ भएन । हुँदाहुँदा उताकाहरू 'महाँकुम्भ मेला'मा गएर 'खैरो पानीमा डुबे को' फोटा हालिसके । अब यताका हामी पनि किन नजाने ? यस्तैगरी चल्दैछ-'हल्लै हल्लाको काठमाडौँ ।' 'जे आउँछ पचाउँछ भनेर हजमोला बेचेजस्तो' भयो । हल्ला खल्ला गर्नेले गरेको गर्‍यै छ । बेच्नेले बेचेको बेच्यैछ । पीडा, दुःख र हैरानी

पाउनेले पाएको पायैछ। रातमा हजारौँको बियर खान्छन् काठमाडौँका धनीहरू । हजारौँको पिज्जा र डिनर गर्दछन् । कुनै भोका पीडितलाई एकसुको सहयोग गर्ने होइन । लिन जान्ने । दिन चाहिँ पटक्कै नजान्ने चरित्र र संस्कृति कसरी झाङ्गियो काठमाडौँमा ?

सर्लाहीका एकजना शिक्षकले आफ्ना बालबालिका काठमाडौँमा राखेर पढाएको पनि धेरै भएछ । उनी काठमाडौँका मान्छेको स्वभाव र संस्कृतिका बारेमा भन्दै थिए-'देखिए काठमाडौँका आदमी ऐसा होता है, हम तराईसे काठमाडौँ आए तो बोलते है तराईसे क्या ल्याया है ?' 'काठमाडौँसे तराई गए तो बोलते है, तराईमे क्या खिलाओगे ?' 'ताजा मछली ? आम ? दही ? और क्याक्या ?' उनको अनुभवले काठमाडौँ चरित्रलाई थप प्रस्ट गऱ्यो । लिन मात्र जान्ने दिन चाहिँ पटक्कै नजान्ने काठमाडौँमा बस्ने मध्ये तपाईँ कस्तोमा पर्नुहुन्छ ? 'हल्लैहल्ला र भ्रमैभ्रममा बाँचेका शहरीया' बस्ने ठाउँमा तपाईँ कुनमा पर्नुहुन्छ ? यहाँ तपाईँको आफ्नो मौलिक केही रहेन । आफ्नो आवश्यकताको मतलब भएन । आफ्नो विचार रहेन। 'आफ्नो बुद्धि, विवेक, ज्ञान र आफ्ना आवश्यकता आफैलाई काम लाग्ने देखिएन।' चाहिने/नचाहिने हल्लाको पछाडि भागदौडमा भौँतारिँदैमा समय बित्दैछ । आफ्नो निजी भन्ने केही नहुने नभएपछि के भन्ने ? 'जे गर्छ बजार हल्लाले गर्छ।' 'अर्थहीन, तर्कहीन र आधारहीन हल्ला' को पछाडि 'आँखामा पट्टी बाँधेर' दौडिरहेको तपाईँ कस्तो मान्छे हो ? 'हु आर यु ?' ♦

## गीत



✍ **नवराज पोखरेल 'नवशिला'**

तिमीसँगै जीवन कटोस् हाँसी बाँच्न पाउँ  
बाँचुन्जेली तिम्रै माया दिलमा साँच्न पाउँ ।

हर मोडमा सुख दुःख बाँड्दै सरोबरी  
यो जिन्दगी चलोस् प्यारी सधैँ यसैगरी  
व्यावधानका तघारालाई सँगै भाँच्न पाउँ  
तिमीसँगै जीवन कटोस् हाँसी बाँच्न पाउँ ।

उन्मुक्त भई उडिरहोस् चखेवा झैँ जोडी  
नपरोस् है कहिल्यै पनि हिँड्न बाटो मोडी  
बिर्सिएर पिर व्यथालाई सँगै नाच्न पाउँ  
तिमीसँगै जीवन कटोस् हाँसी बाँच्न पाउँ ।

सुनाखरी फूल जस्तै मिठो सुवास छरी  
मगमगाउन सकौँ प्रिय हामी जीवनभरि  
प्रेमको कसी प्रेममै राखी सधैँ जाँच्न पाउँ  
तिमीसँगै जीवन कटोस् हाँसी बाँच्न पाउँ ।

# विद्युतीय परिवहनः आजको आवश्यकता



✍ **राजेशमान के.सी.**

नेपालमा खनिज इन्धनको खानी छैन । हामीले वर्षेनी राष्ट्रिय आम्दानीको ठुलो हिस्सा विदेशबाट पेट्रोलियम पदार्थ मगाई काम चलाउनु पर्ने बाध्यता छ । एक आधिकारिक जानकारी अनुसार विदेशबाट महँगोमा तेल किनी सस्तोमा बेच्दा मुलुकले मासिक ४२ करोड घाटा व्यहोर्नु परिरहेको छ । त्यसमाथि यस्तो खनिज इन्धन वा पेट्रोलियम पदार्थ बाल्दाखेरी निस्कने धुवाँको कारण हामीलाई फोक्सोको क्यान्सर, श्वासप्रश्वास, मुटु आदि जस्ता गम्भीर स्वास्थ्य समस्या उत्पन्न हुन सक्ने कुरा अध्ययनबाटै पुष्टि भइसकेको छ। विश्व स्वास्थ्य संगठनबाट प्रकाशित एक बुलेटिन अनुसार वायु प्रदूषणका कारण विश्वभर प्रत्येक वर्ष अकाल मृत्यु हुने व्यक्तिहरूको संख्या ८ लाख रहेको छ। नेपालमा मात्र वायु प्रदूषणका कारण वर्षेनी एक लाख ६० हजार व्यक्तिहरूको अकाल मृत्यु हुने गरेको अनुमानित तथ्याङ्क छ। यसको लागि प्रदूषण पनि नगर्ने र स्वदेशमै उत्पादन हुन सक्ने स्वच्छ विद्युत उर्जाबाट चल्ने विद्युतीय परिवहन एउटा भरपर्दो र प्रभावकारी विकल्प हुन सक्तछ। अहिले राजधानीका सडकहरूमा लगभग ७०० वटा सफा टेम्पोहरू गुडिरहेका छन्। जुन सफा टेम्पोहरू बिजुलीबाट चार्ज गर्न सकिने ब्याट्रीहरूको मद्दतले गुड्ने गर्दछन्। र, रमाईलो कुरा के छ भने यी सबै टेम्पोहरू बकाइदा स्वदेशमै निर्माण गरिएका हुन्।

त्यसो त छिमेकी राष्ट्र चीन सरकारको आर्थिक र प्राविधिक सहयोगमा वि.सं. २०३२ सालमै नेपालमा पहिलो पटक ट्रली बस सेवा सञ्चालनमा ल्याइएको थियो । ट्रली बस विद्युतबाट चल्ने र धुवाँ नफाल्ने भएको हुँदा वातावरणीय सन्तुलनको दृष्टिकोणले पनि यो सेवा उपयोगी नै थियो । तर वि.सं. २०५८ सालमा आएर आर्थिक अभावको कारण देखाउँदै सरकारले यो सेवा बन्द गऱ्यो। त्यसपछि फेरि वि.सं. २०६० सालमा काठमाडौं महानगरपालिका, भक्तपुर र ठिमी नगरपालिकाको संयुक्त प्रयासमा त्रिपुरेश्वरदेखि कोटेश्वर रूटसम्म मात्र चल्ने गरी सञ्चालनमा ल्याइयो । तर पछि वि.सं.२०६५ सालमा आएर महानगरपालिका बोर्डको निर्णय भन्दै यो सेवालाई पूर्ण रूपमा बन्द गरियो । चीन

सरकारले उपलब्ध गराएको कुल ३२ वटा ट्रली बसहरूमा प्रति गोटाको मूल्य त्यतिखेरै ४२ लाख मूल्य पर्थ्यो । तर ती बसहरू अहिले अस्थिपञ्जरको रूपमा कार्यालय बाहिरै थन्किएर रहेका छन् । बस सेवा बन्द भएपछि त्रिपुरेश्वरदेखि तीनकुनेसम्म बाँकी रहेका ट्रलीका लिकमा रहेका तार पनि चोरी भएर सकिएका छन् भने पोलहरू पनि तीनकुने सूर्यविनायक सडक विस्तारको क्रममा उखेलेर अहिले भक्तपुरको सल्लाघारीमा त्यत्तिकै बेवारिसे अवस्थामा थुपारेर राखिएको छ । जबकि अहिले त्यो पोलको प्रति थान मूल्य झण्डै एक लाख नेपाली रूपियाँ पर्न आउँछ ।

वास्तवमा पेट्रोलियम पदार्थ आयात गर्नुपर्ने हाम्रो जस्तो मुलुकमा ट्रलीबस, इलेक्ट्रोनिक ट्रेन, रोपवे तथा केबुलकार जस्ता विद्युतीय परिवहनमा ग्राह्यता दिनु आवश्यक मात्र होइन अपरिहार्य नै देखिन्छ । खासगरी वातावरण एवम् इन्धनको मागलाई सन्तुलनमा राख्न उपत्यका र बाहिर समेत ट्रलीबस वा अन्य विद्युतीय सवारी साधनको विकास र विस्तारमा जोड दिनु पर्ने खाँचो देखिएको छ । त्यसैले हाल विद्यमान इन्धनप्रतिको परनिर्भरता घटाउन एवम् वातावरणीय सन्तुलनको दृष्टिकोणले समेत समग्र विद्युतीय परिवहन क्षेत्रमा दीर्घकालीन तथा अल्पकालीन नीति नियम बनाउन सरोकारवालाहरूले सरकारसँग माग गरेका छन् ।

विशेषगरी विद्युतीय परिवहनको फाइदाबारे भन्नु पर्दा सर्वप्रथम त यसबाट धुवाँ ननिस्कने हुँदा वायु प्रदूषण हुन पाउँदैन । साथै कम आवाज निस्कने हुनाले ध्वनी प्रदूषण पनि कम हुन्छ । खासगरी कम दूरी र साँगुरा बाटाहरूको बाहुल्य रहेको काठमाडौं उपत्यकाको लागि यो एकदमै उपयुक्त मानिएको छ । यसको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको यसका ब्याट्रीहरू पुनः रिचार्ज गर्न सकिन्छ र स्वेदशमै उत्पादित बिजुली खपत हुने भएकाले विदेशबाट महँगो इन्धन मगाउनु आवश्यक पर्दैन । जसले गर्दा यसको आयातमा खर्च हुने ठुलो धनराशी अन्य महत्वपूर्ण विकास परियोजनाहरूमा लगाउन सकिन्छ । त्यति मात्र नभई विद्युतीय सवारी साधनहरू स्वदेशमै उत्पादन गरिने भएकोले यसले देशभित्र उद्योग र रोजगारीको सिर्जना गर्न पनि यथोचित मद्दत पुऱ्याउन सक्तछ । तथापि विद्युतीय परिवहन सम्बन्धी पर्याप्त जानकारीको अभाव, यसका फाइदाबारे नीति नियम तथा सहुलियतको कमी आदि जस्ता कारणले गर्दा विद्युतीय परिवहनले सोचे जति गति लिन सकिरहेको पाइँदैन ।

तसर्थ विद्युतीय परिवहन विकासका लागि सरकार वा सम्बद्ध निकायबाट केही ठोस कदमहरू चाल्नु पर्ने खाँचो देखिएको छ । यसका लागि प्रदूषण गर्ने सवारी साधनहरूमा थप वातावरणीय कर लगाई त्यसबाट विद्युतीय सवारी साधनहरूलाई

सहुलियत प्रदान गर्ने अनि पुराना सवारी साधनहरूलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गरी चलाउन आवश्यक नीति नियम तत्काल लागु गर्नुपर्ने देखिन्छ। यसको लागि प्राविधिक र अन्य कठिनाईहरू भए त्यसको निराकरणको लागि पनि सम्बन्धित सरोकारवालाहरूको सल्लाह र सहयोगमा सरकारले यथोचित उपायहरू अवलम्बन गर्नु पर्दछ। यसका अतिरिक्त राजधानी काठमाडौँ लगायत राज्यका अन्य प्रादेशिक शहरहरूमा विद्युतीय परिवहन र मेट्रो ट्रेन सञ्चालन र विस्तारका लागि थप अध्ययन अनुसन्धान गर्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ। मुख्य कुरा सरकारले विद्युतीय परिवहन प्रवर्धन र विकासका लागि विद्युतीय परिवहन सम्बन्धी एउटा ठोस र प्रभावकारी नीति जतिसक्दो चाँडो ल्याउनु पर्ने आवश्यकता देखिएको छ।

यद्यपि विद्युतीय परिवहनको उपयोगिताबारे चर्चा परिचर्चाहरू गरिरहँदा कहिलेकाहीँ यस्ता विद्युतीय यातायातका साधनहरू दुर्घटनाग्रस्त भई भौतिक र मानवीय क्षति हुने गरेको समाचारहरू पनि बेलाबखत सुन्ने र पढ्ने गरिन्छ । त्यसो त पेट्रोल, डिजेल जस्ता खनीज इन्धनबाट सवारी साधन गुडाइरहेका चालकहरूलाई विद्युतीय परिवहन सम्बन्धी येथेष्ट ज्ञान वा अनुभव नहुनाले पनि यस किसिमको दुर्घटना हुने गरेको सहजै अनुमान लगाउन सकिन्छ । त्यसैले यसको लागि विद्युतीय परिवहन चलाउनु अघि सम्बन्धित चालक वा सह-चालकहरूलाई कुनै निश्चित वा छोटो अवधिको प्राविधिक ज्ञान वा अभिमुखीकरण तालिम दिनु उपयुक्त हुन्छ कि ? यसतर्फ पनि राज्यको सम्बन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ।

समग्रमा भन्नु पर्दा नेपाल जस्तो भौगोलिक रूपमा विकट र आर्थिक रूपमा विपन्न मुलुकका लागि सामाजिक, आर्थिक र पर्यावरणीय दृष्टिकोणले समेत विद्युतीय परिवहनको प्रयोजन र प्रोत्साहन आवश्यक मात्र होइन अपरिहार्य नै मानिन्छ।

**सन्दर्भ सामग्रीः**–नास्टबाट प्रकाशित विज्ञान लेखमाला र Journal Of Science And Technology का विभिन्न अङ्कहरू। ♦

गीत

## मेरो देश झुक्न दिन्न



✍ **दिपकराज विश्वकर्मा**

मेरो शिर काटियोस, तर मेरो देश झुक्न दिन्न
सहिदहरूको रगत म, त्यसै सुक्न दिन्न

मेरो देशको सिमा छोडि म भाग्न सक्दैन
गोर्खालीको खुकुरीमा खिया लाग्न सक्दैन
मेरो शिर काटियोस...

देशै नरहे के अर्थ यो धर्तीमा म बाँची
देश बाँचेको खबर सुने मर्नेछु म हाँसी हाँसी
मेरो शिर काटियोस...

अनुभूति

# ... प्रहरी प्रभागसँगै जलिरह्यो मन



✍ **रामप्रसाद धिताल**

भदौ २३ मा भएको नवयुवाको आन्दोलनमा बेलुकीसम्ममा १९ (काठमाडौँमा १७ र सुनसरीमा दुई) युवाको मृत्यु भएको समाचारले राति धेरै बेरसम्म निदाउन दिएन । पत्रकारिता पेशा भएकाले पटकपटक न्यूज पोर्टल खोल्दै आफूलाई अद्यावधिक गर्दै रहेँ । भोलि बिहान सबेरै कार्यालय पुगेर काम गर्नुपर्ने थियो । प्रदर्शन उग्र बनेपछि स्थानीय प्रशासनले बानेश्वर क्षेत्रमा दिउँसै लगाएको कर्फ्यू भोलिपल्ट बिहान ७ बजेसम्मका लागि कायम थियो । सार्वजनिक यातायात चल्ने सम्भावना थिएन । समयमै कार्यालय पुगेर समाचार पोष्ट (प्रकाशन) गर्नुपर्ने थियो । मित्र तीर्थजीलाई सामाजिक सञ्जालमा म्यासेज गरेँ, 'भोलि म पनि तपाईँसगैँ जाने हो है ।' उताबाट स्वीकार भयो । उहाँको बाइकमा जाने पक्का भएपछि कार्यालय पुग्ने चिन्ता हट्यो ।

शान्तिपूर्ण हुने भनिएको आन्दोलन किन यति हिंसात्मक हुन पुग्यो ? कसैको निहित स्वार्थमा किन बलि चढाइए, ती निर्दोष युवा ? यस्तै कुरा सोच्दै कतिखेर निदाएछु थाहा पाइनँ । अलि ढिलो जाने तय भए पनि बिहान नियमित बेलामै ४:४० बजेतिर आँखा खुल्यो । त्यतिखेर ब्युँझेर नित्यकर्म सकी ५:२० को सार्वजनिक गाडी चढेर ५:४५ मा कार्यालय पुग्ने दैनन्दिन थियो । म कार्यालय पुगेर काम गर्दै गर्दा तीर्थजी घरबाटै समाचार 'पोष्ट' गर्नुहुन्थ्यो र साढे ७ बजे आइपुग्नु हुन्थ्यो । तर अहिलेको घटनाक्रमले हाम्रो दैनन्दिन बिथोलिने भएको थियो । मोबाइल खोलेर विकसित घटनाक्रमबारे जानकारी लिएँ । के-के सोच्दै फेरि निदाएछु । सवा ६ को 'अलार्म'ले ब्युँझायो । नित्यकर्म गरी तयार भएँ र मित्रलाई फोन गरेँ, 'ल निस्कुँ है ।' र, लागेँ कौशलटारतर्फ । उहाँ सूर्यविनायक नगरपालिकाको बालकोट बस्ने । म मध्यपुर थिमी नगरपालिकाको सानोठिमी । कौशलटार हामी भेटिने ठाउँ थियो ।

बिहानीको चहलपहल शुरु भइसकेको थियो । मानिस आ-आफ्ना काममा व्यस्त हुन थालिसकेका थिए । हतार भए पनि बाटोमा उनीहरूको अनुहार पढ्न भ्याएँ । 'अब के होला' भन्ने संशययुक्त

भावमा थिए । कौशलटार पुग्दा सडक सुनसान थियो । सार्वजनिक यायातात चलेको थिएन । तर आउने आशमा होला केही स्टेसनमा बसको प्रतीक्षामा थिए । ती केही जागिरमा जान लागेका थिए त केही विद्यार्थी । सडकमा सेना, प्रहरी र अन्य अत्यावश्यक सेवाका लागि गाडी मात्र गुडिरहेका थिए । पत्रकारिता, चिकित्सालगायत पेशा भएकाहरूको बाइक फाट्टफुट्ट चलिरहेको थियो ।

बाटोमा मित्रलाई प्रतीक्षा गर्दै गर्दा केही प्रौढ बाटोमा बसेर आगामी दिनको समीक्षा गर्दै थिए । पाँच मिनेटको प्रतीक्षापछि उहाँ आइपुग्नुभयो । उहाँले प्रेसको ज्याकेट लगाउनुभएको थियो । मसँग थिएन । खल्तीमा रहेको परिचयपत्र घाँटीमा भिरेँ । लोकन्थलीमा पुगेपछि 'चेकिङ' मा बसेका सैनिकले रोके । साथैमा थिए, केही ट्राफिक प्रहरी । सामान्य सोधपुछ र कार्ड जाँचेपछि उनले हामीलाई जान अनुमति त दिए, तर मूल सडक नभई बायाँतर्फ आँखा अस्पतालतिरको बाटो हुँदै निस्कनु भने । हामी अलमल्ल पर्‍यौँ । अगाडिका बाइकलाई पछ्याउँदै अस्पतालतर्फको बाटो लाग्यौँ । अलि पर पुगेपछि फलामे पुल तरेर नरेफाँट हुँदै हामी जडिबुटी निस्कियौँ ।

त्यहाँबाट कोटेश्वर पुग्दा सामान्य जाँचमा पर्‍यौँ । त्यहाँबाट अघि बढ्यौँ । केही बस (सार्वजनिक यातायात) बिच बाटोमा रोकिएका पायौँ । 'सायद भक्तपुर र ललितपुरबाट चावहिलतर्फका गाडी चल्न खोजेका थिए । प्रदर्शनकारीमध्येका कोहीले रोके कि ?' यस्तै अनुमान गर्दै तीनकुने पुग्यौँ । बानेश्वरपट्टि निस्कनेतर्फको कुनामा सेना र ट्राफिक प्रहरीले जाँच गर्दै थिए । त्यहाँबाट पार पाएर बागमती नदी तर्‍यौँ मिनभवनबाट उकालो लाग्दै गर्दा अघिल्लो दिनको आन्दोलनको अवशेष स्वरूपका इँटाका टुक्रा, ढुंगा बाटोभरि असरल्ल देखिए । तिनलाई छल्दै गुडिरह्यौँ । मिनभवनस्थित नागरिक अस्पतालछेउमा बसेका सैनिकलाई आफूहरू पत्रकार भएको बताउँदै अघि बढ्यौँ।

अगाडि बढ्दै गर्दा संसद् भवनतिर आँखा लगाएँ । पर्खाल भत्काइएको थियो । गेटैको घरको छतमा रहेको फलामे बार भुइँमा आइपुगेको थियो । बाटाभरि ढुंगा र इँटाका टुक्राको त गन्ती गर्नै नसकिने अवस्था थियो । हुनत ती दृश्य त नौला थिएनन्, अघिल्लै दिन सामाजिक सञ्जालमा देखिएकै थियो । तर आफूले चुनेर पठाएका प्रतिनिधिले देशको कानुन बनाउने स्थलको हालत आँखैअगाडि देख्दा मन खिन्न भयो । बानेश्वर चोकको सडकमा पनि इँटाका टुक्राले पुर्‍याएका अवरोध छलेर बिजुलीबजारको 'आर्क ब्रिज' तर्‍यौँ । त्यहीँ दायाँपट्टि सडकमा सेनाका ठुला दुई गाडी थिए । त्यहीँ अर्को चेकिङमा परेर

माइतीघर पुग्यौँ । त्यहाँबाट बबरमहल मोडियौँ । कार्यालय प्रवेश गर्‍यौँ ।

भूमिगत पार्किङस्थलबाट उक्लिएर विद्युतीय मेसिनमा हात घुसार्दै गर्दा ७ बजेर २० मिनेट भएको रहेछ । मेसिनबाट आएको मधुर 'थ्याङ्क यू' आवाजसँगै हतारहतार उक्लिएर तेस्रो तलामा पुग्यौँ । रेडियोका साथीहरू नियमित समयमै आएर काम गरिहनुभएको थियो । अनलाइनतर्फका हामी दुईजना थियौँ । त्यसो त तीर्थजीले केही समाचार घरबाटै पोष्ट गरिसक्नु भएको थियो । कार्यकक्षमा पुगेर आ-आफ्नो कम्प्युटर खोल्यौँ । विद्युतीय मेसिनमा तातिरहेको पानीलाई मनतातो बनाएर पियौँ । अनि एक-एक कप कफी बनाएर बस्यौँ आ-आफ्नो कुर्सीमा ।

काठमाडौँको वर्तमान अवस्थाबारे प्रहरी र सेनाका अधिकारीसँग कुरा गर्‍यौँ । समाचार लेख्यौँ । अनलाइनमा पोष्ट गर्‍यौँ । रेडियोमा साथीहरूले ८ बजेको बुलेटिनमा पढ्नुभयो । जिल्लामा रहेका हाम्रा संवाददाता, रासस (राष्ट्रिय समाचार समिति) बाट आएका समाचार पनि हाल्यौँ । एजेन्सीले पठाएका काठमाडौँका विभिन्न ठाउँको अवस्थाको फोटो (फोटो फिचर) हाल्यौँ । कर्फ्यूको अवस्थाबारे स्थानीय प्रशासनसँग जानकारी लिँदै थियौँ, तर स्पष्ट थिएन- खुली हाल्ला वा लम्बिएला । बिहान ८ बजेपछि केही युवा संसद् आसपास जम्मा हुँदै गरेको प्रदर्शनको तयारी गर्दै गरेको समाचार तस्विर पायौँ । समाचार बनायौँ । ९ बजेपछि विभिन्न नेता तथा बहालवाला मन्त्रीहरूका निवास तोडफोड आगजनी हुन लाग्यो भन्ने खबर आयो । आएका समाचार हाल्दै रह्यौँ । सहकर्मीबीच आन्दोलन र भावी दिनबारेको समीक्षा त चल्दै नै थियो ।

बिहान ११ बज्दै गर्दा दिउँसो 'सिफ्ट' का साथीहरू आउनुभयो । सवा ११ तिर ओर्लियौँ । बबरमहल-माइतीघरमा करिब-करिब सुनसानको अवस्था थियो । बिजुलीबजार पुल पुग्दा प्रदर्शनकारी देख्यौँ । आफ्नो बाटो (वे) प्रयोग गरेर जाने अवस्था थिएन । बानेश्वरबाट आउने मार्गतर्फबाट निस्कौँ भनेर मोडिँदै गर्दा त्यहाँबाट पनि सम्भव देखिएन । बाटो काटेर बुद्धनगरतर्फ ओर्लियौँ । त्यताबाट बागमती र मनहरा नदीको किनारै बालकुमारीतर्फ निस्कने र त्यहाँबाट कोटेश्वर निस्कने सोचमा थियौँ । नेताका घर तथा पार्टी कार्यालयमा भइरहेको प्रदर्शन र तोडफोडले त्यता जानै सकेनौँ ।

भित्रभित्रै बागमती तरेर कोटेश्वर महादेवस्थानको तल (पश्चिम) पुग्यौँ । त्यहाँ केही परबाट उकालो लागेर मन्दिरको अगाडिको बाटो हुँदै कोटेश्वर निस्कन खोज्यौ । कोटेश्वर प्रहरी वृत्तको पछाडिबाट चोकमा निस्किँदा प्रदर्शनकारीले नारा लगाउँदै गरेको र केही प्रहरी रहेको

देख्यौँ । भिडबाट बल्लबल्ल निस्कँदै जडिबुटीतर्फ हान्नियौँ । त्यता लाग्दै गर्दा भक्तपुरतर्फबाट प्रदर्शनकारीको समूह कोटेश्वर लाग्दै थिए । जडिबुटीको ट्राफिक आइल्याण्ड पल्टाएर जलाइएको थियो । बिचबिचमा प्रदर्शनकारी कोटेश्वरतर्फ लाग्दै थिए । लोकन्थलीमा पनि त्यही अवस्था थियो । चोकमा धुवाँको ठुलो मुस्लोसँगै टायर बल्दै थियो । कौशलटार चोकमा पनि पुराना वस्तु बालिएको थियो । गठ्ठाघरमा पनि त्यो भन्दा ठुलो आगो बलिरहेकोको अनुमान गर्न सकिन्थ्यो ।

बाइकबाट ओर्लिएँ । आ-आफ्नो बाटो लाग्यौँ । बाटो आसपास केही पसल खुलेका देखिन्थे । बाटोमा समूहमा मानिस कुरा गरिरहेका देखिन्थ्यो, सबै अनुहारमा एउटै भाव थियो, 'अब के होला ?' बाटोमा परिचित भेटिए पनि कतै अलमलिइनँ । घाँटीमा भिरेको डोरी देखेर 'अफिस गएर फर्केको ?' भनेर सोध्थे । 'हो' भन्दै निवासतर्फ लम्किरहेको थिएँ । कौशलटारबाट सानोठिमीबाट लाग्दै गर्दा ठाउँठाउँबाट आकाशिँदै गरेको धुवाँ देखिन्थ्यो । घर पुगेँ । कपडा फेरेर हातगोडा धोएँ । खाना खाएँ । सामाजिक सञ्जाल खोलेर हेर्दा ललितपुरको भैँसेपाटीस्थित मन्त्रीक्वार्टर र विभिन्न कार्यालय जलिरहेको देखिन्थ्यो । घरमा केटाकेटी यसैको चर्चा गर्दै थिए । खुरुर्र कुदेर छतमा पुग्थे । कहिले तल ओर्लिन्थे । उनीहरूको मनमा के भाव उठिरहेको थियो होला अनुमान गर्न सकिनँ । माथि पुगेर हेर्दा पश्चिमतिर नजिकै धुवाँको मुस्लो उडिरहेको थियो । जेठो बाबुले भन्यो, 'बाबा मनहराको अस्थायी बिट जल्यो रे ' अब यतै आउँदैछन् रे ।' मैले हप्काएँ, 'के भनेको ? कसरी थाहा हुन्छ त्यस्तो ?' माथि बसेर हेरिरहने अवस्था थिएन । भित्र बसेर पत्रिका पढ्न मन पनि थिएन । सामाजिक सञ्जाल खोल्यो, त्यही दृश्य । केटाकेटीलाई भित्रै बस्न भन्दै थिए । उनीहरू के मान्थे !

सवा १ बजेको हुँदो हो । सिसा फुटाएको, डाङडुङ गरेको आवाज सुनियो । छतमाथि गयौँ । नभन्दै हाम्रै नजिकको तीनतले प्रहरी प्रभाग र सँगैको टहरामा सञ्चालन भइरहेको ट्राफिक कार्यालय तोडफोड हुन थालेछ । प्रभाग दूरीका हिसाबले २५० मिटरजति अगाडि पर्छ हाम्रो निवासबाट । हाम्रोबाट प्रभागको पछाडिको भाग प्रष्ट देखिन्छ । अगाडि (आँगनपट्टिको भाग) को गतिविधि चाहिँ अलिअलि देखिन्छ । मूल सडकतिर बाटो भएर जाँदा करिब दुई मिनेट लाग्छ ।

छतबाट हेर्दा त्यहाँ भइरहेका आंशिक दृश्य देखिन्थ्यो । तोडफोडपछि समूहका केही व्यक्तिले ट्राफिक कार्यालय र प्रभाग हाताभित्र रहेका सवारीसाधनमा आगो लगाए । केही व्यक्ति माथि छतमा

निस्किएर प्रहरी-कर्मचारीका कपडा, सिरक, डसना आदि अगाडि सवारीसाधन रहेका ठाउँमा फ्याँके । केहीबेरमा भित्र पनि आगो सल्कियो । झ्यालबाट आगोको लप्का निस्किएको देखिन्थ्यो । करिब ५० वटा जति नयाँ-पुराना मोटरसाइकल र कार्यालय भित्रै लागेको आगोबाट निस्केको धुवाँ वरपर सास नै फेर्न गाह्रो भइरहेको थियो । तर केटाकेटी भित्र जानै मान्दैनथे । त्राससहितका प्रश्न तेर्स्याइरहन्थे । उनीहरूलाई के जवाफ दिने ?

छिमेकी पनि हामीजस्तै निरीह भएर 'रमिता' हेर्दै थिए । कोही मोबाइल ठड्याएर भिडियो खिचिरहेका थिए । केही समयमा बल्ने क्रम रोकियो । सामाजिक सञ्जाल हेरेँ, देशभर जल्ने क्रम जारी थियो । पछि माथि पुगेर हेर्दा आफ्नो मात्र होइन छिमेकीको छतमा पनि आगोबाट उडेका ठुलै कण (खरानी) ले कालाम्य थियो । यो क्रम मत्थर भएपछि नियमितझैं अपराह्न ५ बजे साँझको भ्रमणमा निस्कियौँ । हेरिनसक्नुको अवस्था थियो प्रभागको । आगो निभिसकेको थिएन । धुँवा आइरहेकै थियो । आतंक मच्चाउनेहरू घरेलु हतियारसहित मोटरसाइकलमा विजय जुलुस मनाउँदै थिए । बेकारमा निस्कियौँ भनेजस्तो भयो । चाँडै फर्कियौँ । फर्किँदै गर्दा देख्यौँ, बालसुधार केन्द्रमा रहेका किशोर/युवा निस्केर निर्वाध घुमिरहेका छन् ।

साँझ पर्दै गर्दा सुनियो, तिनै बालसुधारबाट निस्केकाहरू पसलपसलमा गएर धाकधम्की गर्दैछन् । त्यसो त नजिकका छिमेकीसहितको प्रतिरोधपछि उनीहरू हच्किए । पछि प्रहरीकै प्रयासमा उनीहरू बेलुकी फर्किए । सञ्चारमाध्यम र सामाजिक सञ्जालमा निरन्तर आइरहेको थियो, 'अस्थिरताको फाइदा उठाउँदै विभिन्न कारागारबाट अपराधीहरू प्रहरीको हतियार लुटेर निस्के । कतै कतै त आतंक मच्चाउन थाले ।'

मुटु ढक्क फुल्यो । सोचेँ, 'बिहानसम्म त प्रहरी थियो । केही आपराधिक घटना भइहाले नजिकैको प्रहरी कार्यालयको नम्बर नभए पनि कम्तीमा १०० मा फोन गरेर जानकारी दिँदा तत्काल उताबाट सुनुवाइ हुन्थ्यो । ठाउँ पत्ता लगाएर प्रहरी आउँथ्यो । अब केही घटना भए कसलाई खबर गर्ने ? कसलाई गुहार्ने ?' मस्तिष्कमा घुम्न थाले, दिउँसो प्रभाग र ट्राफिक कार्यालय ह्वारह्वार बलेको अनि वातावरण नै कुहिरीमण्डल भएको दृश्य ।

साँझ ढल्किदै गर्दा मनले प्रश्न गऱ्यो, 'हामीलाई केही पर्दा खुरुर्र दौडेर आउने प्रहरीको कार्यालय र बासस्थान जोगाउन किन सकेनौँ ? आतंक मच्चाउनेलाई रोक्न किन ढाल बनेर उभिन सकेनौँ ?' सामान्य प्रश्न थिएन यो, 'यक्षप्रश्न' थियो । नगर-गाउँ-वडामा प्रत्येक राजनीतिक दलका संगठन हुन्छन् । तिनका जुझारु युवा

हुन्छन् । अनि प्रत्येक टोलमा सुधार समिति हुन्छ । केटाकेटीले समेत अगाडि नै पाएका खबर तिनले पाएनन् होला ? तिनले आह्वान गरेको भए आफ्ना-आफ्ना दलका कम्तीमा ४०/५० जना जम्मा हुन सक्थे । सबै दलका प्रतिनिधिले भने पछि हामीजस्ता जुझारु नागरिक पनि निस्किन्थ्यौं होला । प्रहरी चौकी जोगाउन सक्थ्यौं होला । कतिपय ठाउँमा यसरी एकजुट हुँदा संरचना जोगिएको पनि समाचार आयो । सधैं झस्काइरहने र मन पोलिरहने कुरा, हामीले गरेनौं । जोगाएनौं । तर ध्वस्त भइसकेपछि 'गोहीको आँसु बगाउनु' वा समवेदनाका 'आश्वासन'को के काम ? जेहोस् फेरि चाँडै पुनर्निर्माण भएर प्रभागले काम गरिरहेको छ ।

सानोठिमीको प्रभाग मात्र होइन कोटेश्वरदेखि बानेश्वरसम्म र गौशालादेखि महाराजगञ्जसम्मका प्रहरी कार्यालयको अवस्था पनि देखें । जलेका अदालत, संसद्, मन्त्रालय र अन्य सरकारी कार्यालय हेर्दै दिनहुँ ओहोरदोहोर गरिरहँदा लाग्छ, हामी कस्तो समाज र कस्तो देशको कल्पना गरिरहेछौं ? जलेर अङ्गार भएका संरचनाका बाहिर पर्खालमा कोरिएका चित्रसँगै लेखिएको 'हामी बनाउँछौं हाम्रो नेपाल'ले व्यंग्य गरिरहेकोझैं लाग्छ ।

कतिपय पुनर्निर्माण भएर काम गर्न थालिसके । कतिपय पुनर्निर्माणको क्रममा छन् । पछि सुनियो सानोठिमी प्रभाग जलाउनेमा यसै ठाउँका कतिपय व्यक्ति पनि छन् । आफैंलाई सुरक्षा दिने प्रहरीको कार्यालय जलाउन साँच्चै कुन मन र मस्तिष्कले काम गर्छ होला ? तिनले कस्तो समाजको कल्पना गरेका हुन्छन् होला ? हुन त ढिलोचाँडो तिनीहरू कानुनको दायरामा आउलान् । अब पनि यस्ता गतिविधि हुनसक्नेतर्फ प्रहरी प्रशासन मात्र नभई समाज पनि सचेत हुनुपर्छ ।

त्यो घटनाको प्रत्यक्षदर्शी भर्खरै चार वर्षको कान्छो छोरा वेला वेला प्रश्न गरिरहन्छ, 'बाबा फेरि बदमासहरू आएर पुलिसचौकी फुटाए भने... आगो लगाए भने... ?' बालमस्तिष्कमा उठेको प्रश्न गम्भीर छ । 'अब सक्दैनन् बाबु । त्यतिवेला प्रहरी अंकलहरू सुरक्षाका लागि अन्त नै जानुभएकाले बदमाशहरूले त्यसो गरेका...।' ऊ मेरो जवाफबाट आश्वस्त हुने प्रयास गर्छ ।

शान्ति सुरक्षाको दृष्टिले नागरिकको सबैभन्दा नजिकको साथी हो प्रहरी । आधुनिक समाजमा प्रहरीविना नागरिक र नागरिकविना प्रहरीको कल्पना पनि गर्न सकिँदैन । नागरिकले तिरेको करबाट चल्छ, प्रहरी प्रशासन । त्यही प्रहरीले दिने सुरक्षाबाट नागरिक आफ्ना गतिविधि ढुक्कले गर्न पाउँछ । कुनै पनि संगठनमा व्यक्ति गलत हुनसक्छ । अथवा कुनै वेला कसैबाट गल्ती हुन सक्छ । प्रभावकारी कानुनले

व्यक्तिका प्रवृत्तिमा अंकुश लगाउने हो । तर एक वा केही व्यक्ति खराब हुँदैमा संस्थाप्रति नै द्वेष राख्ने कार्य कदापि उचित होइन । यसैगरी राज्यको कुनै पनि तहबाट प्रहरीलाई आफ्नो धर्मनिर्वाह गर्नमा अवरोध पुऱ्याउने प्रवृत्ति पनि आजको युगमा मान्य हुन सक्दैन । प्रहरी संगठनले पनि आफूमाथि वेलाबखत उठ्ने प्रश्नलाई सहजतापूर्वक निवारण गर्नुपर्छ । माथिदेखि तल्लो तहसम्मका प्रत्येक राष्ट्रसेवकले पनि 'सत्य सेवा सुरक्षणम्' मन्त्रलाई सार्थक बनाउन हरदम लागिरहनुपर्छ । ♦♦

कविता

# वरदान तिम्रै भनी



✍ **हरिभक्त सिग्देल 'महेश'**

सारा शब्द र  भाष्यले पनि यहाँ गर्दैन है वर्णन
आमाको महिमा अपार खँदिलो सारै सफा कञ्चन ।
हुन्नन् स्वार्थ कुनै धरा धरणीमा ताता र चिसा कुरा
इच्छा सन्ततिका समात्न सजिलै चढ्छिन् नयाँ टाकुरा ॥

नौ मैना जब गर्भ धारण गरी हाँस्दै खुसीमा हुँदै
जन्माईकन दूध सिञ्चन गरी हुर्काउने ती अझै ।
मान्दिनन् ती कुनै छ के असजिलो मुत्रादि स्यार्दा पनि
आफ्नै अङ्ग सरि सुसार सहजै गर्छिन् नि आमा बनी ॥

विद्या ज्ञान गुणी बनुन् अझ भनी आर्जेर सारा धन
हाल्छिन् दङ्ग परी समान सब हुन् सन्तान मेरा मन ।
हेरौं उच्च सफा म आसनविषे रम्दा हुने छन् कति
सेवा राष्ट्र र भक्तिभाव मनका सन्तान छन् जे जति ॥

कर्तव्यै अधिकार सन्तुलनमा हुन् साम्यका यी गति
कैल्यै देख्नु नहोस् खराब तिनमा केही कुरामा खती ।
आमाका मनका मिठास जनका गर्दै नगर्नु कुरा
चोरी झूठ ठगी छली मन हुने बिग्रेर जान्छन् पूरा ॥

बोली सत्य भए मनोजमगय सद्भावमा सत्य नै
हाँसी हाँस्न दिनु र दङ्ग रहनु शान्ति सबै सृष्टिमै ।
गीता ज्ञान सधैं पढेर मनमा निस्केर हेर्नू यता
सत्मार्ग नछाडी सभ्य मनले नाच्नु जताको तता ॥

# सडक सुरक्षाः आधुनिक संरचना र हाम्रो पुरातन संस्कार



✍ प्र.व.ना.नि.बिष्णु थापा

नेपालका सहरी क्षेत्र र मुख्य राजमार्गहरूमा आज एउटा गम्भीर विरोधाभास देखिन्छ । एकातिर, सुरक्षित आवागमनका लागि राज्यले करोडौँको लगानीमा ओभरहेड ब्रिज, जेब्रा क्रसिङ, फलामे बार (डिभाइडर) र पेलिकन लाइटजस्ता अत्याधुनिक संरचनाहरू निर्माण गरिरहेको छ । अर्कोतिर, तिनै संरचनाको उपहास गर्दै जोखिमपूर्ण यात्रा गर्ने नागरिकको प्रवृत्ति बढ्दो छ । यी संरचनाको उचित प्रयोग अधिकांश नागरिक स्वयंले गर्न चाहँदैनन् । हालै सामाजिक सञ्जालमा डोल बहादुर खत्रीज्यूले सार्वजनिक गर्नुभएको एउटा तस्बिरले यही वास्तविकतालाई अनावृत गरिदिएको छ।

तस्बिरमा बाहिरी रूपमा शिक्षित र सुसंस्कृत देखिने युवाहरू सडकको बीचमा लगाइएको फलामको बार नाघेर जथाभाबी बाटो काटिरहेका देखिन्छन् । यो केवल एउटा व्यक्तिगत लापरबाही मात्र होइन, बरु हाम्रो समग्र "सडक संस्कृति" मा गडेको अनुशासन हीनताको पराकाष्ठा हो।

उक्त तस्बिरमा आएको एउटा टिप्पणी- "यस्तै शिक्षित भेडाहरूले गर्दा हो हामी चालकहरूले १० लाख तिर्नुपर्ने" निकै मर्मस्पर्शी र यथार्थ परक छ यो वाक्य। यो केवल एक चालकको आक्रोश मात्र होइन, यसले हाम्रो कानुनी र सामाजिक संरचनामा रहेको असन्तुलित जिम्मेवारीको पाटोलाई समेत संकेत गर्छ। सडकमा सवारी दुर्घटना हुना साथ प्रारम्भिक दोषको भार प्रायः चालककै थाप्लोमा थोपरिने कानुनी अभ्यासले गर्दा पैदलयात्रीको अविवेकी क्रियाकलाप सधैँ छायामा पर्ने गरेको तितो यथार्थ हामीसँग छ। यही पक्षले समस्यालाई अझ जटिल बनाइदिएको छ।

सडकमा 'सर्टकट' खोज्ने हाम्रो मानसिकताले केही सेकेन्ड त बचाउँला, तर यसले चालकलाई मनोवैज्ञानिक दबाबमा पार्नुका साथै आफ्नो र अरूको जीवनलाई समेत मृत्युको मुखमा पुर्याउँछ। सडकमा पैदल यात्रीलाई सुरक्षित पार गर्न बनाइएको डिभाइडर नाघ्नु कुनै

अपरिहार्य कारणले होइन, केवल 'सर्टकट' मानसिकताले प्रेरित हुन्छ । केही सेकन्ड बचाउन गरिएको यस्तो कदमले आफ्नो मात्र होइन, चालक तथा अन्य सडक प्रयोगकर्ताको जीवन समेत जोखिममा पार्छ । नेपालका सहरी सडकहरूलाई नियाल्ने हो भने जेब्रा क्रसिङ, ओभरहेड ब्रिज, फुटपाथ, पेलिकन लाइट र ट्राफिक संकेतजस्ता पूर्वाधारहरू यथासम्भव उपलब्ध छन् । तर, यी संरचनाको सही प्रयोग र महत्वबारे नागरिक स्तरमा अझै गम्भीरताको कमी देखिन्छ । प्राप्त शिक्षा व्यवहारमा नभई कागजमा मात्र सीमित हुँदा यस्तो विडम्बनापूर्ण अवस्था सिर्जना भएको हो । यही कारणले गर्दा सामाजिक सञ्जालमा प्रयोग गरिएको 'शिक्षित भेडा' भन्ने उपमा सामान्यभन्दा बढी प्रासंगिक र सान्दर्भिक देखिन्छ ।

सडक सुरक्षा संरचनाले होइन, प्रयोगकर्ताको संस्कारले सुनिश्चित हुने विषय हो । जबसम्म हामी 'मलाई केही हुँदैन' भन्ने दम्भ त्याग्दैनौँ, तबसम्म सडक असुरक्षित नै रहिरहनेछ । सवारी दुर्घटनाको विश्लेषण गर्दा चालक वा सवारीको मात्र गल्ती नहुने धेरै प्रमाण उपलब्ध छन् । पैदलयात्रीले जथाभाबी बाटो काट्ने, मोबाइल फोनमा व्यस्त रहने, मोबाइल चलाउँदै र कानमा इयरफोन लगाएर सडकमा हिँड्ने, डिभाइडर वा रेलिङ नाघ्ने, रातको समयमा मधुरो प्रकाशमा नदेखिने (दृश्यता कमजोर हुने) कपडा प्रयोग गर्ने, शाखा सडकबाट मुख्य सडकमा प्रवेश गर्दा सावधानी नअपनाउने र ट्राफिक प्रहरी नभएको मौका छोपेर नियम मिच्ने लगायतका प्रवृत्तिले दुर्घटनालाई निमन्त्रणा दिइरहेका छन् ।

यस्ता क्रियाकलाप रोक्न कानुनी प्रावधान, भौतिक संरचना र निगरानी प्रणाली सक्रिय देखिए तापनि व्यावहारिक तहमा नागरिक लापरबाही भने घट्न सकेको छैन । विडम्बना ! दुर्घटना हुनासाथ हाम्रो कानुनी र सामाजिक दृष्टिकोणले चालकलाई नै प्रारम्भिक दोषी ठहऱ्याइदिन्छ । जिम्मेवारीको यो एकपक्षीय भारले चालक समुदायलाई मनोवैज्ञानिक रूपमा विक्षिप्त बनाउँदै लगेको छ । कतिपय चालकले आफ्नो नियन्त्रणभन्दा बाहिरको परिस्थितिका कारण ठुलो आर्थिक र कानुनी संकट व्यहोर्नु परेका अनेकौँ दृष्टान्तहरू हाम्रासामु छन् । यही यथार्थले नै सामाजिक सञ्जालमा गरिएका तितो व्यङ्ग्यलाई सत्यको नजिक पुऱ्याउँछ ।

सडक सुरक्षाको मुख्य आधार संरचना होइन, प्रयोगकर्ता हुन् । हाम्रो समाजमा 'मलाई के हुन्छ र !' भन्ने सोच अत्यन्त बलियो देखिन्छ । जब राज्यले बनाएको ओभरहेड ब्रिज प्रयोग गर्न

केही मिनेट लाग्छ भनेर जीवनकै जोखिम मोलेर बार नाघ्ने प्रवृत्ति सामान्यजस्तै भएको छ । ट्राफिक प्रहरी नदेखिने ठाउँमा नियम नमान्ने बानीले दुर्घटनालाई लगभग अनिवार्य बनाइदिन्छ । समस्या नियमको अभाव होइन, नियम तोडेर सर्टकट खोज्ने मानसिकता हो । यसरी नियमको मूल्य बुझ्नेभन्दा नियम तोडेर सर्टकट खोज्ने मानसिकता नै मूल समस्या हो । अरूलाई अनुशासनको संस्कार सिकाउनु पर्ने शिक्षित वर्ग स्वयंले नै त्यसको विपरीत व्यवहार गर्दा समाजमा सकारात्मक सन्देश प्रवाह हुन सक्दैन । त्यसैले सडक सुरक्षा कुनै एक पक्षको मात्र जिम्मेवारी हुन सक्दैन; यो साझा उत्तरदायित्व हो ।

सडक सुरक्षा केवल चालकको वा सरकारको जिम्मेवारी होइन । यसका लागि तीन तहको समान भूमिका अपरिहार्य छ -

**क) नागरिक/पैदलयात्रीको जिम्मेवारी**

- ♦ जेब्रा क्रसिङ तथा आकासे पुल (ओभरहेड ब्रिज) अनिवार्य प्रयोग,
- ♦ मोबाइल तथा इयरफोन प्रयोग गर्दै सडक पार नगर्नु,
- ♦ ट्राफिक संकेत, इसारा तथा नियमको पूर्ण पालना,
- ♦ अनावश्यक जोखिमपूर्ण गतिविधि रोक्न स्वानुशासन,
- ♦ बालबालिका, वृद्ध तथा अशक्त व्यक्तिलाई सुरक्षित पार गराउन सहयोग ।

**ख) राज्य र स्थानीय तहको भूमिका**

- ♦ बढी भिड हुने स्थानमा थप व्यवस्थित क्रसिङ संरचना,
- ♦ नियम उल्लङ्घनमा कडा कारबाही, जरिवाना तथा अनिवार्य सचेतना कक्षा,
- ♦ विद्यालय तथा कलेजमा सडक सुरक्षा शिक्षा अनिवार्य रूपले समावेश,
- ♦ सिसिटिभी र डिजिटल निगरानी प्रणाली विस्तार,
- ♦ सडक सुरक्षा अभियानलाई दीर्घकालीन रूपले सञ्चालन ।

**ग) चालक तथा सवारी क्षेत्रको भूमिका**

- ♦ गति नियन्त्रण र सुरक्षित दूरीको पालना,
- ♦ पैदलयात्री चाप भएको क्षेत्रमा विशेष सावधानी,
- ♦ सवारी सञ्चालनमा अनुशासन र संयम,
- ♦ अनावश्यक जोखिमबाट टाढा रहन निरन्तर सिकाइ ।

डोल बहादुर खत्रीज्यूले सार्वजनिक गर्नुभएको त्यो दृष्य केबल एक क्षणिक लापरबाहीको मात्र अभिलेख होइन; बरु यो हाम्रो सडक- संस्कृतिमा गडेर रहेको दीर्घकालीन रोगको संकेत हो । भौतिक संरचनाले मात्र जीवन जोगाउन सक्दैन, जबसम्म प्रयोगकर्ताको चेतनामा नियमप्रतिको सम्मान जाग्दैन । सडक प्रयोगकर्ता हरेक व्यक्तिले समान जिम्मेवारी

बोक्ने हो भने मात्र दुर्घटनाको जोखिम घट्छ । सडकमा गुड्ने पाङ्ग्रा र हिँड्ने पाइला दुबै उत्तिकै जिम्मेवार हुनुपर्छ ।

अब दुर्घटनाको सारा दोष चालकको थाप्लोमा मात्र थोपर्ने परम्परागत भाष्य बदल्नुपर्छ । सडक सुरक्षा सरकारले बनाउने संरचनामा होइन, नागरिकले देखाउने स्वअनुशासनमा अडिएको हुन्छ। किनकि अनुशासनहीन नागरिकका अगाडि संसारकै उत्कृष्ट संरचना पनि निरर्थक हुन्छन् । सुरक्षा संरचना बनाउने काम राज्यको हो, तर त्यसलाई प्रभावकारी बनाउन सबै नागरिकको जिम्मेवारी अपरिहार्य छ । जब सचेत नागरिक, उत्तरदायी चालक र दृढ राज्य संयन्त्रको त्रिकोणात्मक मिलन हुन्छ, तब मात्र "हामी चालकले १० लाख तिर्नुपर्ने" जस्ता पीडादायी व्यङ्ग्यहरू इतिहास तथा अप्रासंगिक बन्न सक्नेछ। "ट्राफिक नियम जानौं पनि, मानौं पनि।" ♦♦

कविता

## फुरुङ्ग



✍ **दीपक लोहनी**

सोचिरहेछु -
त्यस दिन मैले घरका कचराहरू फ्याकेर ठिक गरेछु।
भित्ताबाट समय रोकिएको घडी फ्याकिदिएँ।
च्याकबाट विचार मरिसकेको पुस्तक फ्याकिदिएँ।
र, सामाजिक सञ्जालबाट समाचार नभएका समाचार,
सब फ्याकिदिएँ।

भान्छाबाट स्वाद सकिएका खाना,
बैठकबाट झिमझिम गर्ने ट्यूब लाइट,
पूजाकोठाबाट उधारो आशीर्वाद
अनि, शौचालयबाट हर्पिक सकिएको निलो बट्टा सब फ्याकिदिएँ।

चुडिएको चार्जर जस्तो सपना, पुरानो क्यालेण्डर जस्तो प्रेम
हराइसकेको फेसन जस्तो रहर, र मक्किएको क्रिम पाउडर जस्तो सम्बन्ध
खोजी खोजी फ्याकिदिएँ।
तिमी भन्थ्यौ नी- "याद बल्झाइरहने
झझल्कोहरू फ्याकेर तिमीले के पाउछौ दीप ?"
सुन, आज मैले पाएँ - "फुरुङ्ग।"

नियात्रा

# पत्थरहरूको मौनता



✍ डा. दामोदर पुडासैनी 'किशोर'

**'आफ्नोपन हराएमा मान्छे पाषाण बन्दछ'**

उकालो ओरालो र गल्ठ्याङगुल्ठुङ बाटोमा मथ्न लागेको दही बनेका छौँ यात्रुहरू। समरबाट एक घण्टा गाडीमा गुडेपछि सडक टुङ्गियो। अब पारिको गाडीबाट जानुहोस्, हाम्रो यहीँसम्म हो'-कन्डक्टर कुर्लिए। आआफ्ना सिरिखुरी बोकेर पन्ध्र मिनेट ठाडो उकालो र पाँच मिनेट ओरालो गोरेटो कुदेपछि मात्र बल्ल भेटियो हामीलाई लिन गएको गाडी।

हामी झोला झ्याम्टा बोकेर अघि अघि कुद्यौँ। हामी अघिल्तिर केहीबेर अघिसम्म कालो देखिइरहेको पहाड सुनौला बनेर घामसँग छिल्लिँदै थियो। साइँसुइँ सुइँ गर्दै बहेको वायुले छरिरहेछ अनन्त सङ्गीत पहाडका कित्ता कित्तामा। बिच बिचमा पैदल यात्रा गर्नुपर्ने भएकाले यातायात समितिले नै गाडीको बन्दोबस्त गरेको रहेछ। भारतीय सीमाबाट पचासौँ ठाउँमा पल्टी गर्दै सिमेन्ट पाल्पा पुगेझैँ गाडी भेट्दा, उक्लँदा ओर्लँदा र सिट ओगट्दा ठुलै विजयको भान पर्दो रहेछ यात्रुलाई।

त्यहाँ दुई गाडी थिए। तीमध्ये कुनले हामीलाई लैजाने भन्नेमा चालकहरू बिच निकैबेर रडाको मच्चियो।

'मेरो पालोमा तिमीलाई किन पठायो समितिले ?'

'मलाई जा भन्यो आएँ, पेसिन्जर मै लैजान्छु।'

एक घण्टा गलफती गरेपछि बल्ल एउटा गाडीमा हामीलाई राखियो। सबै यात्रुहरूमा खुसी त फैलियो तर त्यो धेरै बेर टिक्न सकेन। करिब बिस मिनेटको यात्रापछि गाडी एउटा घरअघिल्तिर रोकियो। रोकिनाको कारण गाडी कसले पहिला लैजाने भन्ने विवाद नै थियो।

बायाँतिर एउटा पसल छ। केही मान्छेहरू पसल अघिल्तिर बेन्चमा बसेर हाँसो गरिरहेछन्। चार जनाले एउटा भेडो खुइल्याउँदैछन्। घर दुईमात्र छन्। नाउँ भने 'भेना गाउँ' रहेछ। अरू घर तल माथि कतै देखिएन। फुस्रा पहाडहरू, पानीविनाका खोल्सीहरू र कहाली लाग्दा भिरहरूमा न कुनै जीवको चहलपहल छ न कुनै वनस्पतिको बाहुल्यता। कता कता धुपीका ठुटे बुच्काहरू देख्दा त्यो शुष्कतामा कसरी

बाँचे होलान् तिनीहरू भन्ने लागिरह्यो ।

तिनीहरूले भेडालाई पूरै खुइल्याइसके । आन्द्रा भुँडी झिकेर फाले। सिङ्गो भेडाका चार खुट्टामा लठ्ठी छिराएर उने र ढुङ्गामाथि लगेर सुकाइदिए । त्यसरी राखेको मासु पाँच छ महिनासम्म बिग्रिदैन भने एक जनाले । बिचरा भेडाले, मारिएपछि पनि महिनौं छुरी र खुकुरीको प्रहारमा परिरहनुपर्ने भयो । जिन्दगीभरि भारी बोक्यो होला त्यसले । कयौं कुटाई खायो होला । कयौं झम्टाइबाट जोगियो होला, कति पटक रमायो होला हिमाली चुचुराहरूका वल्लो ढिस्को र पल्लो भञ्ज्याङ्मा बुरुक् बुरुक् उफ्रिन पाउँदा । कि सोच्यो होला– 'यी मान्छेहरू किन यति हतार र हतासमा छन्, किन दौडेका छन्, के के न जितुँला झैं गरेर, किन मौका मिलेको बेलामा मान्छेलाई नै सताउँछ मान्छेले ।' उसलाई लाग्दो हो–मान्छे आफू स्वतन्त्र छु भनेर घमन्ड गर्छ तर मान्छे जत्तिको बन्धनमा, मान्छे जत्तिको पीडामा, मान्छे जत्तिको भ्रममा कहाँ छन् अरू जनावरहरू। बरु भेडो हुनुमै आनन्द छ, न जात र धर्मको लेखाजोखा, न इहलोक र परलोकका अनावश्यक भ्रम, नहुँदै नहुने पुनर्जन्म र अदृश्य ईश्वरका मनगढन्ते कल्पना। मान्छे बाठो र बुद्धिमानी भएको बहानामा भेडाको सारा संसार, स्वतन्त्रता र सिर्जनालाई नास गरिदिएको छ।

बाठो भएको भ्रममा प्रकृतिका असङ्ख्य स्वतन्त्रताहरूलाई मान्छेले नष्ट गरेको मलाई पटक्कै मन पर्दैन।

छालाहीन भेडो नाङ्गो ढुङ्गाको पिठ्यूँमा श्वास नफेरेरै सबैलाई हेरेझैं गर्दैछ। उसलाई खुइल्याउनेहरू उसैलाई व्यङ्ग्य गरेर नानाभाँतीका गफ चुटिरहेछन्।

'यसलाई तेल मसला हालेर भुटभाट पारेर खाने हो भने म एक घण्टामै सिद्याइदिन्छु' - एक आवाज।

बिजुली पानीसँग खाने हो भने आधा घण्टामै सिनित्त पारिदिन्छु म'–अर्को आवाज।

'ए कान्छी दिन्छ्यौ ? दस हजार दिन्छु म'–लाहुरे जस्ताको अर्को आवाज। 'दिन्नँ म एकै चोटि त । एक पाउ मासु देखाउँदै, सबैलाई लोभ्याउँदै, होटल चलाउँदै गर्नुपर्छ क्या'-साहुनी बहिनीको शृङ्गारिक जवाफ।

बिचरा भेडो ! कति कठिनपूर्वक जन्मियो यो संसारमा, कति गारोसँग हुर्कियो यो धर्तीमा । उसको आवाजले ब्युँझन्थे टाढा टाढासम्मका डाँडाकाँडा । च्वाट्ट काटिदिए मान्छेहरूले। उसका पीडाहरूलाई हाँसोको रूपमा लिए मान्छेहरूले । मान्छेकै लागि मारिएपछि पनि उपहास बनिरहेछ मान्छेबाटै । हुन त भारी बोक्ने, औजार बनाउने, कारखानामा काम गर्ने मान्छेलाई नै, काम नगर्ने मान्छेहरूले हेप्ने,

पेल्ने र ठेल्ने समाजमा, असहाय जनावरको मर्का कसले बुझ्ला र ? सक्ने भए सोच्दथ्यो होला भेडाले ।

रित्तो गाडी र हामीलाई बोकेर लैजाने गाडीका चालक बिच भेनामा झगडा भइरह्‍यो । हामीले होटल साहुनीलाई खाना बनाइदिन आग्रह गर्‍यौँ । बहिनीले पन्ध्र मिनेटमै आलु, टिमुर अचार, दाल, भात खुवाइन् । खानाको प्रति व्यक्ति रु. दुई सय मात्र । त्यति विकट ठाउँमा त्यो निकै सस्तो हो । यात्रामा हिँड्दा खानेकुराहरू भेटेको ठाउँमा खाइहाल्नु राम्रो हुन्छ । आफूले लगेको खानेकुरा बचेकै बेस ।

मध्य दिन ढल्कँदैछ । भेनाबाट अझ उकालो लाग्दैछौँ ।

'लोमन्थाङ जाने बाटोमध्ये सबैभन्दा बढी उचाइ यतै पर्छ ।' गाडी चालकले सूचित गरे । 'त्यस्तै चार हजार पाँच सय मिटरभन्दा पनि बढी ।' उनले उचाइ भनेपछि टाउको थिचथाच पार्न पो थाले एक सहयात्रीले । अर्का भाइले त सुरु गरिहाले उल्टी गर्न । हामी पनि त्यो पीडामा फसिने हो कि भन्ने आशङ्का पसिरहेछ मनको एक कुनामा । मन कमजोर पारियो भने लेक लाग्न बेर लाग्दैन भन्नेमा हामी छलफल गर्छौँ । हाम्रा चुट्किला र गफले अरू यात्रीहरू पनि भुल्छन् । त्यसपछि बिस्तारै लेक लागेको व्यथा पनि मत्थर हुँदै जान्छ सबैको । सडकको उचाइ कम हुँदै गएकाले पनि सजिलो भएको छ लेकको असर खप्न ।

विचित्र छ संसार । दृश्यहरू बिलकुल नवीन छन् । निलो आकाश नीर मिसिए झैँ चम्किइरहेछ । आँखाको डिसले भ्याएसम्मको संसार नाङ्गो भुतुङ्गो र फुस्रो छ । दक्षिणतिर उठिरहेका नीलगिरि र तिलिचो निस्क्लेश छन् । निर्मोही झैँ लमतन्न सुतेको छ पूर्वमा दामोदर हिमाल शृङ्खला । श्वेत स्तुप बनेका छन् हिमगिरि । तिनीहरूको उदाङ्ग कलेवर लम्लस्ट लाग्दैन । अनुभूतिहरू रङ्ग बनेर ओर्लन्छन् डाँडाका टुप्पाहरूमा, भिराला बगरहरूमा र ठाडा चट्टानहरूमा खोपिएका आदिम गुफाहरूमा ।

ती हिमाच्छादित र नाङ्गा पहाड र मैदानहरूलाई प्रेमिल गन्तव्य बनाउन सक्ने हो भने ओइरो लाग्थ्यो होला विश्वभरका प्रेमी प्रेमिकाको । हिमनदीहरू थुनेर हिमताल बनाइयोस् । हिमफूलहरू सजाएर हिमज्योति बालियोस् । हिमोट जोडेर अचम्मका बनाइयून् शिलावृक्षहरू । निस्फिक्री चर्न छोडियून् हिमपशु र हिमचराचुरुङ्गीहरू । त्यसै माझमा बनाइयून् प्रेमका नवीन बुकुराहरू । अनि पो मेला लाग्थ्यो प्रेम पारखीहरूको । प्रेमका केस्रा केस्रा नङ्ग्याइँदै जीवनोच्च आनन्दमा हराउँथे उनीहरू, त्यो एकान्तमा । उचिता पहाडलाई त्यसै गरेको भेटेँथे मैले अमेरिकामा ।

बाटाको परवाह नै नगरी गाडी

हाँक्ने गुरुहरू भेटेँ मैले त्यस रुटमा। ढुङ्गा, माटो, अग्लो, होचो, भिर, खाल्टो, खोलो जे जस्तोलाई सम्म मैदान नै मानेर गाडी घुइँक्याइरहेछन् गुरुजीहरू । जीवन हाँक्नु जस्तै हो गाडी हाँक्नु पनि । कहिलेकाहीँ जोखिम मोलेरै भए पनि अगाडि नबढी सुख्खै छैन । धेरै जस्तो ठाउँमा धन्न बाँचियो ठान्छ मनले र सिरिङ्ग बनिसके पछि आत्तिन्छ । नाङ्गो धरातल तर बेग्लै आकृति देखेपछि डर र आशङ्काहरू बिर्सिदिन्छ मनले । त्यो नै आनन्द बनेर उदाउँछ यात्रामा ।

नाङ्गा तर रङ्गीन छन् पहाडहरू। शुष्क तर कलात्मक छन् बगरहरू । पत्रै पत्रका राता चट्टानहरू बादल बुट्टामा छन्। जसले जे मन लाग्यो त्यही देख्न पाउँछ त्यहाँ । गोरा चट्टानहरू, अँध्यारा चट्टानहरू र निला चट्टानहरू संवेदना शून्य बनेर सुतिरहेछन् । थुम्काहरू केशरी जस्ता, अबिर जस्ता, चन्दन जस्ता, खोस्टा नङ्ग्याएका मकैका रास जस्ता, आँगनमा बिस्कुन सुकाउन ठिक्क पारिएको धानको चुली जस्ता, कोदाको रास जस्ता देखिन्छन् जतासुकै । प्रकृतिको यति सुन्दर कला ख्वै कसले पारख गर्ला र पूर्ण रूपमा ! प्रकृति जति बुझे पनि बुझीनसकिने चिज हो भन्ने बुझ्छु म ।

पत्थरहरूको मौनताभित्र धेरै छटपटाउँछ मन । त्यो अक्षत धरातलमा खोपूँ र रोपूँमा जागा बनिरहन्छ मन ।

गाडी रफ्तारमा कुदिरहेछ । पहाडहरू जतासुकै नाङ्गा छन् । छर्लङ्ग देखिनु, नाङ्गो छामिनु हो क्यार । देखिने जत्ति सबै देखिनु, नाङ्गो हुनु हो क्यार। आँखाको दृष्टिले सत्य देखिन मद्दत गर्छ, जिब्राले सत्य स्वादको आस्वादन गर्छ, कानले आवाज अनुभूत गर्छ, छालाले स्पर्श अनुभूत गर्छ, नाकले गन्ध ठम्याउँछ। ज्ञानेन्द्रियहरू नहुँदा हुन् त सत्य अनुभूत हुँदैनथ्यो संसारको । साँच्चै दोम्रो वस्तुले नछोपिएपछि पो सत्य खुल्छ। सत्य नाङ्गो हुन्छ। जीवन पनि त एउटा नाङ्गो क्रम हो । नाङ्गो जीवनलाई ढाकछोप गर्दागर्दै दुःखको भुमरीमा फसिरहेछ मान्छे । नाङ्गो पहाडहरूमा उबडखाबड छन्, मोड, भिर र समस्थलीहरू छन्, रङ्ग र वायुका रसिला सङ्गीतहरू छन् । जीवनलाई यसै अर्थमा बुझ्ने र अप्ठेराहरूलाई सहज र स्वभाविक मानिदिने हो भने दुःखको दलदल भनिरहनु पर्दैन जिन्दगीलाई ।

जन्मने बित्तिकैको नाङ्गो बालकमा कहाँ हुन्छ र निराशा, पीडा र द्वेषको बादल । मुस्काइरहन्छ ऊ निरन्तर । अनवरत यात्रारत घाम हुन् या जून सधैँ नाङ्गै छन्, र पुगेका छन् सधैँ निर्धारित लक्ष्यमा । प्रेमी वा प्रेमिका, प्रेमको पराकाष्ठामा नाङ् गिन्छन् र अनुभूत गर्छन् प्रेमको अन्तिम यथार्थ । अनुभूतिको चरमोत्कर्षमा मान्छे

भित्रका सबै बारहरू ढल्छन् गल्र्याम्गुर्लुम् । लाज, सरम, घिन, दुखाइ सबै बढारिन्छन् कोष कोषबाट। खुसीको चरमोत्कर्षमा सबै कुराहरू नाङ्गिन्छन्। नाङ्गो भइसकेपछि कुनै सर्तहरू बाँकी रहँदैनन् ब्रह्माण्डमा। प्रेमी प्रेमिकाको चरम समर्पण, आमा बाबुको छोराछोरीप्रति निःशर्त प्रेम, संसार सञ्चालनको निर्बन्ध नियति, निरातङ्क हुन् सबै सबै । निडरको चरम रूप हो नाङ्गो। नाङ्गिन साहस गर्नेहरू शस्त्रमा विश्वास गर्दैनन् । नाङ्गो नै हुन्छ जन्म, नाङ्गो नै हुन्छ मृत्यु । लोमन्थाङका धराधाम नाङ्गै निराभिमान बाँचिरहेछन्, निरञ्जनको अत्युत्तम नमुना बाँचिरहेछन् ।

नाङ्गो संसारभित्र फेरि हरियालीले घेरिएको एउटा गाउँ देखियो । अन्यत्रभन्दा अलि छरिबरी छन् घरहरू । शान्ति नै शान्तिको संसारमा नाङ्गो हावा मात्र हुनहुनाएको सुनिन्छ त्यो गाउँमा । तिस पैतिस ओटा काला चौरीहरू मन फुकाएर चरिरहेछन् । हिमाली प्रदेशमा गाउँ भेटिनु आफैँमा एउटा महत्त्वपूर्ण संयोग हुन्छ । अझ एउटा मात्र घर भएकालाई पनि एउटा गाउँ नै भन्नुपर्ने बाध्यता पनि त्यहाँ प्रशस्त हुन्छ । हामीले केहीबेर अघि एउटा मात्र घर भएको 'याम्ता' नामको गाउँ देखेका थियौँ । त्यो गाउँको नाम भने 'स्याङबोचे' हो भने हाम्रा गुरुजीले तर होटल नीलगिरिको साइनबोर्डमा 'स्याङ्मोचेन' लेखिएको देखियो । मलाई भने स्विट्जरल्यान्डको सुन्दर हिमाल मँ ब्लँको फेदीमा रहेको 'सामोनिक्स' सहरको याद दियो स्याङ्मोचेनले । स्याङ्मोचेन र सामोनिक्स दुवै उस्तै, दुवै हिमालको फेदमा बसेका। दुवै पर्यटकलाई लोभ्याउन खप्पिस। सामोनिक्समा केबुलकार, चिल्ला सडक र ठुला ठुला होटलहरू पनि छन् । हाम्रो स्याङ्मोचेन भर्खर कोपिला फक्रेको फूल बनेको छ बिचरा । स्याङ्मोचेन र सामोनिक्सलाई मित लगाइदिन पाए कति सुहाउँथ्यो होला सोचेँ मात्र भनिनँ कसैलाई ।

मान्छेहरू मान्छेसँग बढी रमाउने भएर होला त्यतातिर भने अलि नजिकको दूरीमा भेटिएका छन् गाउँहरू। विशाल पठारमा टुपुक्क टुपुक्क टाँसिए जस्ता छन् गाउँहरू । करु र गहुँ, भोटेपिपल र बैँसहरूले गाउँ हरिया भरिला देखिन्छन् । विशाल मरुभूमि बिचमा कत्रो सङ्घर्षले जोगाए होलान् गाउँलेहरूले रुख बिरुवाहरू र कसरी उमारे होलान् अन्नदाना । गाउँलेहरूको जाँगर र कृषिकर्म प्रतिको लगावलाई हृदयदेखि नै प्रशंसा नगरी रहन सक्तैन कसैले पनि । आखिर, यो प्राण धान्न अरू केहीले हुँदैन एक मुठ्ठी अन्न र एक अञ्जुली पानी नै चाहिन्छ ।

त्यतातिरका गाउँहरूलाई अग्ला ढुङ्गे पर्खालहरूले घेर्नु अनिवार्य जस्तै देखियो । साउदी अरेबियामा आफ्ना महिलाहरूलाई छिमेकीहरूले आँखा लगाउलान् भनेर

घरभन्दा अग्ला पर्खाल लगाएका प्रशस्त देखेथेँ मैले । मुस्ताङतिर भने बस्तुभाउबाट बालीनाली जोगाउन र निरन्तर बेजोडले बहिरहने निष्ठुरी हावाको वेग घर आँगनमा कम परोस् भन्ने अभिप्रायले गाउँलाई ढुङ्गे पर्खालले छेक्ने चलन रहेछ । ढुङ्गा नै ढुङ्गाको पर्खालले घेरिएका गाउँहरूको जिल्ला हो मुस्ताङ । छोर्तेन, चैत्य, लुङ्दर, बुद्धमन्त्रको बाहुल्यता भएको प्रदेश हो मुस्ताङ । हिउँका दुःखहरूसँग जुधेर, हिउँभन्दा उज्यालो मन बोकेर, बाँच्ने मान्छेहरूको, थलो पनि हो मुस्ताङ ।

उत्तरतिर दामोदर हिमशृङ्खलाहरूमा फनफनी बेर्रिँदै बिलाउँदै गरिरहेछ बादल । तलतिर बाक्लिएर बसेको छ घिलिङ गाउँ । अलिपर छुङ्कर गाउँ भेटियो । नाम मात्र गाउँ वरिपरि अग्ला अग्ला लहरे पिपलका रुखजस्ता सुलुत्त परेका भोटे पिपलका रुखहरू बिचमा जम्माजम्मी तिन घर छन् छुङ्कर गाउँमा । ऐंचोपैंचो, भारो पर्म, रोगव्याध जे परे पनि तिनओटै घरले टार्नुपर्ने बाध्यता । पन्ध्र मिनेट गुडेपछि फेरि अर्को गाउँ फेला पऱ्यो भैते नामको । त्यहाँ त एउटा घर मात्र छ गाउँको नाममा । 'एक घर एक गाउँ, हेर्नै परे लोमन्थाङ –मैले बनाइदिएको सूत्रले हँसायो केहीबेर साथीहरूलाई ।

दिउँसो डेढ बजेतिर घमी गाउँ पार गर्दैछौँ हामी । लोमन्थाङ पुग्नुअघिको निकै विशाल र भव्य गाउँ छ घमी । गाउँको माथितिर छुरो माटामा पहैँला पहाडहरू छन् । हिमधाराका घर्षणले होला रेखा, खोल्सा र अनेकौँ आकृतिहरू कुँदिएका छन् पहाडमा । पहाडकै काखमा आमाको खोकिलामा भर्खर ब्युँभ्केको बालक भैँ चहकिलो छ घमी गाउँ । गाउँका बिच बिचमा ठडिएका छोर्तेनहरूले बुद्धप्रेम झल्काउँदैछ । अनाजका बालाहरू र वायुसँगै बयेली खेलिरहेका बोटहरूले तरङ्ग जन्माइरहेछन् निरन्तर । गाउँको पर परसम्म काला सेता र खैरा भेडा र चौँरीहरू सल्याकसुलुक गर्दैछन् । ढुङ्गाका चेपमा बलात् निस्केका घाँसे बुच्काहरूलाई कोतर्दैछन् तिखा दाँतहरूले । एउटा गोठालो युवक डाँडा नै थर्काउने गरी मस्तले गाइरहेछ । उसको स्वर र लय मात्र मिठो लागेको छ हामीलाई । भाषा नबुझ्केकाले अर्थ 'कुन चराको नाम हो ?' बनिरहेछ ।

गाउँको एक छेउमा ग्लास हाउस बनाइएको छ । 'यताका मान्छेहरू हरिया तरकारी केलाई खानु, मासु खाए पो बलियो हुन्छ भन्थे; सर, कुहिरेहरू आउन थालेपछि हरियोपरियो खाने र खुवाउनेमा निकै टाठा भएका छन् ।' गुरुजीले ग्लास हाउसको तरकारीलाई इङ्गित गर्नुभयो ।

मान्छे भेटेपछि मान्छेले राम्रा नराम्रा आनीबानी सिक्छ । राम्रा बानी सिक्नाले सुधारिन्छ मान्छेको जीवन गति । बायाँतिर अर्को सुन्दर ढाङ्मर गाउँ

देखिन्छ । मान्छेको चहलपहल बाक्लै छ त्यहाँ । हिमाली गाउँहरूमा प्रायः घरबाहिर मान्छेको चहलपहल देखिँदैन । गाउँबाट ढ्याङ्ग्रो ठोकेको आवाज आइरहेछ । एक घर र अर्को घरमा दौडादौड छ । अलि पर सडक छेउमा एउटी युवती ढुङ्गामै टाउको ठोकेर अजारीबजारी गर्दै थिइन् । पाँच सात जना मान्छेहरू उसलाई जोगाउन खोज्दै थिए । थाहा भयो ती युवतीका लोग्ने भिरबाट खसेछन् र जिन्दगीबाट पनि सदाका लागि खसेछन् । निर्लज्ज र नाङ्गो हुन्छ मृत्यु । ऊ कसैको आग्रहलाई मान्दैन । कसैको अवस्था र परिस्थिति ख्याल गर्दैन । तरुनी, बुढो र बालक भन्दैन । त्यस्तो ख्याल गर्न थाल्ने हो भने मृत्युको रूपमा उभिन नै सक्तैन मृत्यु ।

थचार्ने, उफार्ने र हल्लाउने गाडीको चालाले आजित पारिसकेको छ । घन्टौँसम्म मुखमा चारा हाल्न नपाउँदा वायुले बर्बराउन थालिसकेको छ पेट । तै भेनाबाट नै पानी बोकेका थियौँ र ज्यान खरो बन्न पाएको थिएन । स्निकर चकलेट एकेक ओटा पक्याएकाले पनि बहुलाउन पाएको थिएन भोक ।

एउटा रमाइलो भञ्ज्याङ नाघ्ने बित्तिकै चराङ नामको बस्ती देखियो । समरदेखि चराङ पुगुन्जेल सम्ममा अनेकौँ कन्दराहरू र ठाडा डाँडाहरू भेटेका थियौँ । चराङदेखि भने भूस्वरूप अलि बदलिएको थियो । फराकिला नाङ्गा उपत्यका र नाङ्गा भिराला पाखाहरूको खात देखिन थाल्यो । हिमनदीका गाढा धर्साहरू र हिमोटका झुन्ड झुन्डहरूले भूआकृति नै अनुपम कलापूर्ण बनिरहेथे । करिब तिन हजार छ सय मिटर उचाइमा मानव बस्तीको आकार उभ्याएर बसिरहेछ चराङ । एकातिर प्राचीन हिमनदीले बगाएर ल्याएको रोडा ढुङ्गाको विशाल थुप्रो र अर्कातिर सुनौलो र रक्तिम पहाडको बिचमा आमाको काखमा बसेकी बालिका झैँ छिन् चराङ । मरुभूमि बिचको मरुद्यान हो चराङ । बस्तीभरि सल्बलाएका बैंसका रुखहरूले प्रदान गरिरहेछन् उत्साहका तरङ्गहरू । चराङनजिकै पाखामा थाकल काँडाहरू चपाउँदैछन् एक हुल घोडाहरू । त्यो दृश्यले अझ उत्साहित पार्छ । हाम्रो गाडी चराङ भन्ने गाउँमा रोकियो । राताम्य डाँडाहरूको फेदमै रहेछ चराङ गाउँ । सुख्खा बगरको बिचमा बगरकै चिप्ला ढुङ्गाहरू जोडेर बनाइएका छन् घरहरू । 'दामोदर कुण्ड होटल'–छेउकै होटलको साइनबोर्डमा लेखिएको रहेछ । 'दामोदर कुण्डसम्म जाने घोडा, पथप्रदर्शक सबै यहाँ पाइन्छ'– लेखिएको थियो त्यस बोर्डमा । होटलको आँगनमा दारी जुँगा पालेका, देख्दै मनीषीजस्ता एक जना बसिरहेका थिए । मान्छे भेटेपछि कुरा हुने भइहाल्यो ।

'दामोदर कुण्ड पुगेर फर्केको हुँ ।

यहाँबाट दुई दिनमा पुगिन्छ त्यहाँ ।'

'कस्तो छ दामोदर कुण्ड ?'

'शुष्क संसार माझको मिठो सिर्जना । प्रकृतिले मिहिनेतसाथ तयार गरेको अति सुन्दर थलो । फूलहरू फुलिरहेछन्, औषधिहरू हुर्किरहेछन्, सूर्य, चन्द्र र वायु नै लोभिने हिमदृश्यहरू छन् । हिउँको उज्यालो छ, जोसुकैको पनि मनमा उज्यालो छर्ने तागत छ त्यसमा ।'

'अनि, धर्म ?'

'धर्म बहाना हो, कठिन मार्गमा हिँडेपछि सुन्दरता प्राप्त हुनु सिद्धि प्राप्त हुनु हो । ज्यान नै खुकुरीको धारमा राखेर हिँडे पछि अनुपम सौन्दर्यको मुस्लो पोल्टामा पाउनु कहाँ चानेचुने कुरा हो र ? कठिनताबाट प्राप्त हुने सौन्दर्यलाई ईश्वर भने मान्छेहरूले । पसिना धारा बगाएपछिको भोकमा एक मुठी अन्न ईश्वर हो, संसारभरका सबै कठिनाइ खपेर पनि प्रेमबाहेक कुनै प्राप्यताको परवाह नगरी प्रेमी र प्रेमिकाप्रति समर्पित भएपछि भेटिने आनन्द 'ईश्वर' हो । ईश्वर त छुट्टै केही होइन र हुँदैन पनि । ईश्वर भेट्न होइन सौन्दर्यको पारख गर्न पुगेको हुँ त्यहाँ । कल्पनाको ईश्वर भेट्न कल्पना नै काफी छ, उकालो ओरालो धाउने त प्राकृतिक सौन्दर्यको पारख गर्न हो ।'

'म चराङमा यसपाली मात्र नौ दिन बसिसकेँ । अझै पन्ध्र दिन बस्छु'– दोलखा लामबगरबाट गएका भिक्षु चराङप्रतिको आशक्ति पोख्नुहुन्छ त्यहीँ ।

'किन बस्नुहुन्छ यहाँ ? यहीँको गुम्बामा बसेर ध्यान गर्न हो कि ?' हाम्रो प्रश्न ।

'होइन, गुम्बामा बसेर ध्यान गर्ने हो भने जहाँ बसे पनि भइहाल्यो नि । यहाँ त खुला आकाशसँग, खुला धरतीसँग, निश्छल मरुभूमिसँग कञ्चन नदीहरूसँग, निर्दोष चराहरूसँग, उन्मुक्त घोडा, खच्चर र चौँरी गाईहरूसँग र राम्रा गुण बोकेका मान्छेहरूसँग निस्फिक्री माया साट्न पाइन्छ र बुझ्न सकिन्छ एक अर्कालाई । त्यसैले हरेक वर्ष चराङ आएर बस्छु म । बौद्ध भिक्षुमा मोह नहुनुपर्ने हो तर प्राकृतिक आकर्षण र मोहले भने कसैलाई बाँकी राख्दो रहेनछ । सन् १९०३ मा इकाई कावागुची नामका जापानी बौद्ध भिक्षु थाक खोला हुँदै गोप्य रूपमा तिब्बत हिँडेका थिए । चराङको मोहनीमा लठ्ठिएर र एक वर्षसम्म उनी त्यहीँ बसे । मरुभूमि माझको सुन्दर बगैँचा हो चराङ, काँडा, झाडी र बगरमा फक्रेको सुन्दर फुल हो चराङ । गहिरो तिर्खाको छेउमा भर्खर भेटिएको स्वादिष्ट सर्वत हो चराङ । हामी पनि असाध्यै लोभियौँ चराङसँग । मैले चराङलाई चिमोटेँ, केहीबेर सुमसुम्याइरहेँ उनको अनुहारलाई र साथमै लिएर हिँडे लोमन्थाङतिर । छातीमा बचेका थोरैतिनु समवेदनाहरू पनि फुत्रुक्क ओर्लिए र जमे तिनै पाखाहरूमा, ढुङ्गाहरूमा ।

संसार नै ढाकुँला झैँ डाँडाकाँडा ढाक्दै एक हुल कुहिरो झर्छ, दामोदर हिमालबाट। हाम्रो गाडी चराङबाट कुलेलम ठोक्छ लोमन्थाङतिर। सिधैँ उत्तर तिर हानिएको छ हाम्रो गति। त्यति अग्ला छैनन्। थुम्का नै थुम्काका थुङ्गा जस्ता छन् पहाडहरू। दिनभर गाडीमा दौड्दा पनि नाङ्गै उभिएकी छे धर्ति। के फरक छ नाङ्गो धर्ति र आमाको नाङ्गो शरीरमा। त्यो नाङ्गोपनमा आशक्ति होइन आस्था जागेर आउँछ, प्रेम होइन, पूजा जागेर आउँछ। तिन वर्षअघि अमेरिकाको एरिजोनाबाट लसभेगाससम्म गाडीमा गएका थियौँ हामी। हामी अर्थात् पारु, म, छोरा प्रवेश र बुहारी सुरुची। दिनभर नाङ्गा पहाडहरूबाट हिँडेका छौँ। सडकहरू फराकिला छन् लसभेगासमा। जङ्गल, घाँसपात र बाली फल्ने खेतबारी छैनन् लसभेगासमा। जुवा खेल्नेहरू खेलिरहेछन्, विद्युतीय प्रकाशका खेलहरू छन्, मस्तीका होटलहरू छन्, विश्वभरका मनोरञ्जन प्रेमीहरूको मेला चलिरहेछ, दिनभन्दा अझ चम्किलो र रमाइलो बनिरहेछ रात। राष्ट्रको कचौरा करले भरिइरहेछ। जाँगर र जुक्ति भयो भने तृणहीन धर्तिले पनि सुनवर्षा गराउँछ भन्ने उच्च उदाहरण देखियो लसभेगास सहर। हाम्रै उपल्लो मुस्ताङमा पनि हिउँकलाले सिँगारेर मनोरञ्जनको थलो बनाउन सकिन्छ, विश्व मानवको ध्यान तान्न सकिन्छ।

'भाइहरू कता हिँडेका ?'

'तिब्बतमा काम गर्न।'

'पासपोर्ट, भिसा र काम गर्ने ठाउँ थाहा छ ?'

'केही थाहा छैन। त्यो सबै भोलि आउने हाम्रो ठेकेदारलाई थाहा छ। काम, दाम र माम प्रशस्त पाइन्छ भनेको छ।'

'तिब्बतमा पासपोर्ट, भिसाविना जानेलाई थुनिदिन्छ भन्छन्, समात्यो भने नि ?'

'त्यो त थाहा छैन, थुनिदियो भने थुनिउँला, खान त दिइहाल्ला, खान पाइयो भने अचानो बन्न पनि डर छैन।' एउटा अठार बिस बर्सेको बयान।

आखिर जीवन धान्न जेल जीवन पनि सहज मान्दो रहेछ मान्छेले। भोकको अघिल्तिर सबथोकले हार्छ यो संसारमा। भोकाएको स्यालले कुहिएको मासु पनि छाड्दैन भनेको त्यही त हो नि ! भोकलाई नतिजा, प्रेमलाई जात, निद्रालाई ओछ्यान चाहिन्न भन्नुहुन्थ्यो हजुरबाले त्यो साँचो ठहरियो त्यहाँ।

सोह्रदेखि बाइस वर्षसम्मका सात दङ्गाली भाइहरू हामीसँगै बोलेरोमा सहयात्री बने दिनभर। घरमा पेट, भकारी र घ्याम्पो रित्तै रहेको र स्कुलको मुखसम्म देख्न नपाएको कुरा रुञ्चे अनुहारमा बताए उनीहरूले। मलेसिया, साउदी अरेबिया, कतार मात्र होइन तिब्बतमा पनि सिधासाधा नेपालीहरूलाई काम दिने निहुँमा फसाइने

सञ्जाल फैँजिइसकेको रहेछ । अबोध युवाहरूको पलायनले देश झन् झन् जर्जर बन्दै गएको सङ्केत भेटिँदै थियो ती कलिला भाइहरूको अनुहारमा ।

हाँगाहरूबाट कलिला फूलहरू चुँडिदै झर्नु र बिहानको उज्यालो डाक्दै गरेका भुइँचम्पा फूलहरू चुँडेर पर पर कन्दराहरूमा फालिदिनु र अग्नी वर्षीई आकाशमुनि बसे झैँ भयो विदेशिनेहरूलाई देख्दा ।

एक भाइ बाटाको छेउमै लम्पसार लडिरहेछ, अर्को भाइ छेउमै रोइरहेछ। अन्दाजी बिस बाइस जना स्थानीय मान्छेहरू सम्झाउँदैछन् बुझाउँदैछन् ।

लोमन्थाङ पुग्नै आँटेको बेला सडकमै छ एउटा भिड । छब्बिस दिनअगाडि एउटा दलालले काम लगाइदिन्छु भनेर तिब्बत पुऱ्याएछ उनीहरूलाई । दुवै जनासँग एक एक लाख ठगेछ । चीनको सीमाना प्रवेश गर्ने बित्तिकै उनीहरूलाई छलेर दलाल गायब । बिचराहरू रनभुल्ल परेछन् । चिनिया प्रहरीले समातेर थुनेछ । राहदानी मागेछ। उनीहरूसँग केही नभएपछि कुटपिट गर्दोरहेछ। एक दिन दुवै भागेछन् जेलबाट। भाषा बुझिँदैन । बाटो थाहा छैन । उनीहरू अँध्याराको जङ्घारमा झैँ हिँडेछन् खानु न खुट्नु भएर । नेपाल पसेपछि बल्ल सन्तोषको श्वास फेरेछन् तर उचाइ र भोक सहन नसकेर एक भाइ ढलेछन् । अर्का भोकभोकै रुँदै रहेछन् । बेहोसमै लडिरहेकाको मुखमा ग्लुकोज हालिदिए एक दाइले । बिस्तारै उठे भाइ। अर्की आमैले दुई रोटी ल्याइदिनुभयो फापरका। कुपुकुपु खाए दुवैले। जे भए पनि आफ्नो देश भनेको आफ्नै हो । हिउँभन्दा सफा र हिउँभन्दा चहकिला मन भएका मान्छेहरू जतासुकै भेटिन्छन् हिमालमा । आफ्नैलाई झुक्याएर दलाली गर्ने, अपहरण गर्ने र बलात्कार गर्नेलाई किन कडा कानुनको कठघरामा हाल्न सकेका छैनौँ हामीले। यो प्रश्न भने प्रबल बनिरह्यो।

'वेलकम टु लोमन्थाङ' लेखेको स्वागत द्वारअघिल्तिर घ्याच्च रोकियो हाम्रो गाडी । भेडाहरूको थामी नसक्नु भिडले ओर्लनै गारो पऱ्यो हामीलाई । गाडीबाट ओर्लंदा अनुहार विरूपको देखियो । झोलाको धुलो टकटक्याउँदा कुहिरीमण्डल बन्यो वरिपरि ।

'ए भाइ यहाँको राम्रो होटल कुन हो हँ ?'–गुरुजीलाई सोध्यौँ । 'सबले मोनालिसा होटल भन्छन्, त्यतै जानुहोस् न'–गुरुजीको जवाफ । लगेज बोकेर लोमन्थाङ सहर छिऱ्यौँ हामी । लेक लागेर हो वा थकाइले अलि अलि टाउको दुख्ने र अलि अलि वाकवाक चल्ने क्रम सुरु भएको छ।

चिसो सिरेटोको दबदबामा कमजोर भेटिएका छन् घामका किरणहरू । नाङ्गो घाम र नाङ्गो सिरेटाको युद्ध अझै रोकिने छाँट छैन । लोमन्थाङवासीहरूको बख्खुको बगलीभित्र लुक्न खोज्दैछ घाम । ♦♦

बालकथा

# वृक्षहरूको सम्मेलन



✍ **देवकी के.सी.**

वैशाख महिना आयो । जङ्गलमा काफल पाकेर लटरम्म भयो । काफलले गाउँमा काफल पाक्यो, काफल पाक्यो भन्दै सन्देश दिन चरीलाई गाउँमा पठायो । काफल पाक्यो चरीको सन्देश सुनेर मानिसहरू काफल खान जङ्गल आए । मानिसहरूले मिठो मानेर काफल त खाए । तर काफल खाइसकेपछि काफलको वृक्ष सबै भाँचेर टुक्रा टुक्रा पारिदिए । यति मिठो काफल खान दिएर पनि मानिसहरूले मलाई किन यस्तो गरेका होलान् भनेर काफल निराश भएर बसेको थियो ।

त्यसै बेला काफलले आफूसँगै रहेको लालीगुँरासले नजिकैको पिपललाई जोडले केही भन्दै गरेको सुन्यो–ए ! पिपल तिमी किन यति ठुलो भएको हँ ? तिमी चाहिँ जति ठुलो भए पनि मानिसहरू तिमीलाई भगवान भन्छन् काट्दैनन् किन ? तिम्रो चाहिँ बिहे नि गरिदिन्छन् । म यति सुन्दर फूल फुलाएर आनन्द दिन्छु । मेरो फूललाई मात्र राष्ट्रिय फूल मान्छन् । तर मलाई किन राष्ट्रिय वृक्ष घोषणा गर्दैन सरकारले ? तिमी, म र काफल एकै ठाउँमा छौ तर तिमी भगवान हुने हामीहरू चाहिँ काटिने किन ? मलाई मानिसहरूले काटेर दाउरा बनाउँछन् । बिचरो ! काफललाई मानिसहरूले भाँचकुच पारेर कति दुःख दिएका छन् । हेर त काफल रोइरहेको छ ।

लालीगुँरासको कुरा सुनेर पिपलले भन्यो–हो नि त लालीगुँरास म तिमी भन्दा ठुलो छु । म धेरै वर्ष पनि बाँच्छु । अक्सिजन पनि धेरै दिन्छु । धेरै थरिका औषधीमा पनि मलाई प्रयोग गर्छन् । हिन्दु र बौद्ध धर्मालम्बीहरूले भगवानको रूपमा मेरो पूजा नि गर्छन् । मेरो पात हृदय आकारको हुन्छ । त्यसैले मलाई मायाको प्रतीकको रूपमा पनि लिन्छन् । म हाम्रो देशको जताततै पाइन्छु । तर पनि लालीगुँरास म तिमी जस्तो सुन्दर फूलले सबैलाई मोहित पार्न सक्दिन । विडम्बना ! विश्वका धेरै राष्ट्रले विभिन्न वृक्षलाई राष्ट्रिय वृक्ष भनेर घोषणा गरे पनि हाम्रो देशले भने मलाई राष्ट्रिय वृक्ष भनेर घोषणा पनि गरेको छैन । बरू तिम्रो त फूललाई भए पनि राष्ट्रिय फूल मानेको छ सरकारले । के गर्नु मलाई पनि सरकारले राष्ट्रिय वृक्ष घोषणा गरे त

हुन्थ्यो नि ?

पिपलको कुरा सुनेर नजिकैको नीमको वृक्षले भन्यो-भो, भो पिपल तिमी ठुलो हुँदैमा राष्ट्रिय वृक्ष घोषणा गर्नु पर्छ र ? म त हरेक औषधीको राजा हुँ। मलाई मानिसहरूले हजार वर्ष भन्दा अघिदेखिनै आर्युवेदका प्रभावशाली औषधी बनाउन प्रयोग गर्दै आएका छन् । हेर पिपल मलाई तिमी जस्तो मिठो बोल्न आउदैन । म त तितो छु । तितो भए पनि गुणकारी छु । त्यसैले हाम्रो देशले मलाई राष्ट्रिय वृक्ष घोषणा गर्नु पर्छ ?

यसैगरी जङ्गलका अमला, वर, साल, सिसौ, सिमल, टिमुर,जटामसी, धुपी लगायत विभिन्न वृक्ष र जडिबुटीहरूले आफ्नो गुणको बखान गर्दै आफूहरूलाई नै राष्ट्रिय वृक्ष घोषणा गर्नु पर्ने माग राख्दै जङ्गलमा होहल्ला गरेर अशान्ति मच्चाउन थाले ।

जङ्गल अशान्त हुन थाले पछि पिपलले सबैलाई शान्त पार्दै भन्यो- साथीहरू हामी सानो, ठुलो, तितो, मिठो, तराई पहाड, हिमाल जहाँ भए पनि आखिर वृक्षनै हौ । हाम्रो धर्म हानिकारक कार्बन पचाएर मानिसहरूलाई अक्सिजन दिएर स्वस्थ बनाउनु नै हो । हामीहरू एउटै वृक्ष जातका भएकाले यसरी सरकारले राष्ट्रिय वृक्ष घोषणा गरिदियोस् भनेर तछाड मछाड गर्नुभन्दा पनि हामीले हाम्रो अस्तित्व संरक्षणको लागि पहल गर्नुपर्छ । हामीले बिर्सनु हुन्न अघिल्लो साल केही बदमास मानिसहरूले आगो लगाई दिँदा हाम्रा कयौं साथीहरू जलेर नस्ट भए। त्यसैले हामीहरू पनि एकजुट भएर हाम्रो संरक्षणको लागि सरकारलाई दबाब दिऊँ केवल उपाधिको लागि लडाई गर्ने होइन । पिपलको कुरामा जङ्गलका सबै वृक्षहरू सहमत भए र एकआपसमा भनाभन गर्न छाडे । ♦♦

## गजल



✍ **रेणु अधिकारी 'मौनता'**

तिम्रो लागि माया भन्दा सुन्दरता नै ठुलो भयो
दुई आत्मा साक्षी राखि लाको प्रिती धुलो भयो

बस्ती बस्यो झिलिमिलि तिम्रो मनको फाँटभरि
नदी जस्तै बग्ने माया आज सानो कुलो भयो

सँगै जिउने सँगै मर्ने वाचा कसम खाए पनि
मेरो माया आँखाभित्र बिझाउने फुलो भयो

हात समाई डोराउनेले दोबाटोमै छाडेपछि
पुग्नु थियो धेरै टाढा जीवन मेरो लुलो भयो

सेकाएर मायाले नै पकाउथ्यौं मनको भारी
आज साइनो तोडी गयौ जीवन चिसो चुलो भयो।

निबन्ध

# दर्शनको अनुभूति



✍ **दशराज शाक्य**

कहिलेकाहीँ हामी दर्शनशास्त्र पढ्छौं र ज्ञान प्राप्त गर्छौं । 'दर्शन' मात्र शब्द होइन । त्यो शब्दको व्याख्या र चिन्तन ठुलो र महत्वपूर्ण छ। त्यसकारण दर्शनशास्त्रको रचना र सिर्जना भएको हो। यस ब्रम्हाण्डमा बाँचेर आफ्नो जिन्दगीलाई सुधारेर अगाडि बढाएका पाइन्छन् । साथै आफ्नो जिम्मेवारी र दायित्व बोक्दै काम गरेका हुन्छन् । आफ्नो लागि समय समयमा (फुर्सतमा) चिन्तन गर्नु आवश्यक छ । आफ्ना विचारहरू ज्यादा जसो आफ्नै परिवेशमा निर्भर रहने गर्छन् । आफ्नो व्यवहार र विचारको माध्यमबाट मान्छेहरू एकआपसमा छलफल गर्छन् र अलग अलग विचार निर्माणको लागि सोच्ने गर्छन्। यसले व्यक्तित्व निखारिन्छ र इज्जत, सम्मान प्राप्त हुन्छ।

तिख्खर विचारले दर्शन निर्माण गर्छ र दर्शनको विकासको लागि निरन्तर चिन्तन मनन् गर्छ। ज्ञान प्राप्त गर्ने इच्छाले जिन्दगीमा नयाँ बाटो देखाइदिन्छ । मान्छेहरू जेन-जीको अवस्थामा अल्प ज्ञानमै सीमित हुन्छन् र बिस्तार बिस्तारै चिन्तन गर्दै, अनुभव बटुल्दै जिन्दगीलाई अगाडि बढाउँछन्। मान्छेको भाषा, विचार र व्यवहारमा धैर्य र स्थिरताको महसुस एक आपसमा भएको हुन्छ। त्यो पनि मान्छेको दर्शन नै हो । यसमा घोत्लिएर गयो भने अनेकौं ज्ञान प्राप्त हुन्छ। त्यति मात्र होइन, व्यक्तित्वको गहन निरीक्षण गर्छ, आलोचना गर्ने क्षमता दिन्छ  र पाइला पाइलामा होशियार भएर हिँड्ने प्रेरणा दिन्छ । यही चेतनासँग सम्बन्धित सुखको अनुभव गराइदिन्छ। दर्शनको अध्ययन गर्दा त्यसमा सत्य र तर्कको महत्वपूर्ण संगम भेटिन्छ, पाइन्छ । अन्य मान्छेलाई पनि प्रभावित गर्ने क्षमता राखेको हुन्छ या विकास भएको हुन्छ । उसमा कलात्मक भाव अभिव्यक्त भएको पाइन्छ, हुन्छ।

मान्छेको जीवन शुद्ध र पवित्र बनाइदिन्छ र मनभित्र ऊर्जाको संचार गरिदिन्छ । मतलब ऊर्जाले तागत मात्र होइन ज्ञानलाई थप जोड बढाइदिन्छ । यस ब्रम्हाण्डमा अनेक घटनाहरू अलग अलग रूपमा देख्न सकिन्छन् र ज्ञान प्राप्त गरेका हुन्छन् । असलमा त्यस्ता ज्ञान

अनादि कालदेखि नै उपलब्ध छन् जुन मान्छेले पत्ता लगाउन नसकेको मात्र हो । पत्ता लागेपछि अथाह ज्ञान हासिल गर्छन् नै । यस्तो अनुभव हुँदाखेरि एक प्रकारको चमत्कार भएको हो भन्ने लाग्छ । ज्ञान परिपक्व हुँदाखेरि ज्ञानले मान्छेलाई दार्शनिक बनाइदिन्छ । मान्छेको सम्पूर्ण मानवीय गुण अवगुणबाट टाढा रहेर हेर्यो भने दिव्य हेराईको ढोका खुल्ने सम्भावना छ । यहीँ हो मान्छे विद्वान गुरू बन्ने ढोका खुलेको हुन्छ । ज्ञान पाउनको लागि माध्यम हुने विद्वान गुरू नै हुन्, अनपढ मान्छेले गुरूबाट नै अनेक ज्ञान हासिल गर्छन् । ज्ञानमाथि चिन्तन गर्दा अल्पज्ञान मान्छे पनि परिपक्व हुँदै जान्छ । यसको परिणाम सुखद नै हुने हुन्छ ।

समष्टिगत रूपमा भन्ने हो भने दर्शनको अर्थ ज्ञानको खोज गर्नु हो, अनुसन्धान गर्नु हो । आफूले आफूभित्र गहन खोज तलास गरेर हेर्न सक्यो भने सम्पूर्ण ज्ञान, ऊर्जा, पवित्रता र परम आनन्द पाउन सकिन्छ, अनुभूत गर्न सकिन्छ । यी सम्पूर्ण गुणको समन्वय भयो भने चेतनाको ढोका फराकिलो हुनेछ नै जुन गर्नको कुरा हो । यही हो ज्ञान र परम आनन्दको ओजस्वी श्रृङ्खला । ♦

## मुक्तक



✍ **सानुराजा श्रेष्ठ 'अञ्जान'**

सम्झनामा तारा ती गनी बस्छु
आफै पुर्ने खाल्डो खनी बस्छु
यादको सीमारेखा कसले भेट्लान् ?
यादभन्दा पर के रै'छ भनी बस्छु ।

न सोध्यौ तिमीले न सोधेँ मैले
कसरी कुन वाचा तोडेँ मैले
अङ्गालेर सधैँ सधैं राख्न चाहेथैँ
कुन बाटोको घुम्तीमा छोडेँ मैले ?

यति मिठो मिठो कसको सम्झना होला
तीनै प्रहर लौ न कसको सपना होला
मनमाथि कसको पो वश हुन सक्ला र ?
हरेक घुम्तीमा छाउने तिम्रै तिर्सना होला ।

तिम्रै लागि अलिकति दुःख छोपेर हिँडेको छु
नसानसामा तिम्रै ढुकढुकी बोकेर हिँडेको छु
आलोआलो नै छन् घाउखतहरू यहाँवहाँ
आफैलाई आज छुरी रोपेर हिँडेको छु ।

जून तारा कतै हराइदिन्छ औँसी आउँदा
यो शरद वसन्त बन्छ तिमी मुस्काउँदा
छुटेको छैन कतै, अलि शून्य छु भएको
मैले अनगिन्ती पीडा, ए हजुर छु सहेको ।

# वेर्थर प्रभावदेखि पापागेनो प्रभावसम्मः जीवन रोज्ने प्रेरणादायी बाटो



✍प्र.स.नि. जिवन बिष्ट

सामाजिक सञ्जाल अहिले हाम्रो जीवनको दैनिक डायरी बनेको छ । हामी खुसी छौँ भने पनि, दुःखमा छौँ भने पनि, हाम्रो पहिलो प्रतिक्रिया प्रायः सामाजिक सञ्जालमै देखिन्छ । तर कहिलेकाहीँ त्यही सामाजिक सञ्जाल जीवनलाई सहज बनाउन होइन, संकटमा पार्ने माध्यम बन्न सक्छ । अहिले नेपालमै बढ्दो क्रममा रहेका आत्महत्याका घटनाहरू हेर्दा, धेरै जसो पोस्ट र भिडियोहरू प्रेममा असफलता, पारिवारिक तनाव वा अन्य व्यक्तिगत समस्यासँग जोडिएका देखिन्छन् । अझ चिन्ताको कुरा के हो भने, यस्ता घटनाहरूलाई सामाजिक सञ्जालमा अत्यन्त भावनात्मक र आकर्षक शैलीमा प्रस्तुत गर्न थालिएको छ । “अब म पनि जान्छु”, “दुनियाँले हाम्रो माया बुझ्नेन” जस्ता स्टाटसहरू फोटो वा भिडियोसँगै राखिन्छन् । त्यसपछि त्यही सामग्री टिकटक, फेसबुक वा युट्युबमा भाइरल हुन्छ । दर्शकहरूले “बिचरा”, “साच्चिकै माया थियो” जस्ता कमेन्ट गर्छन् र सहानुभूतिका शब्दहरू पोखिन्छन् । तर यस्ता पोस्टहरूले मानसिक रूपमा कमजोर व्यक्तिहरूलाई के सन्देश दिइरहेका छन् ?

मनोविज्ञान भन्छ, यस्ता प्रस्तुतीकरणले अरूलाई पनि त्यस्तै कदम चाल्न प्रेरित गर्न सक्छ । यसलाई वेर्थर प्रभाव भनिन्छ । यो प्रभावको नाम १७७४ (सत्र सय चौहत्तर) सालमा प्रकाशित जोहान वुल्फगाङ फन ग्योटेको प्रसिद्ध उपन्यास “द सोरोस अफ यङ वेर्थर” बाट आएको हो । उक्त उपन्यासमा मुख्य पात्रले प्रेममा असफल भएपछि आत्महत्या गर्छ । उपन्यास प्रकाशित भएपछि युरोपका धेरै युवाले उसकै जस्तै आत्महत्या गरे । त्यसबेला देखि नै यसलाई वेर्थर प्रभाव भनिन थालियो । पछि, १९७४ (उन्नाइस सय चौहत्तर) सालमा समाजशास्त्री डाक्टर डेविड फिलिप्सले अनुसन्धानद्वारा यसलाई वैज्ञानिक रूपमा प्रमाणित गरे । उनका अध्ययनले देखायो, कसैको आत्महत्यासम्बन्धी समाचार सार्वजनिक भएपछि केही हप्ताभित्रै त्यस्तै घटना बढ्छन् । विशेषगरी यदि आत्महत्या

गर्ने व्यक्ति चर्चित वा लोकप्रिय भए, यसको असर अझ बढी देखिन्छ, किन यस्तो हुन्छ भन्ने प्रश्नको उत्तर पनि स्पष्ट छ। जब मानिसले आत्महत्या गर्ने व्यक्तिको कथा सुन्छ वा पोस्ट पढ्छ, उनीहरू त्यससँग आफूलाई जोड्छन्। आत्महत्या समाधानको सामान्य उपायजस्तो देखिन्छ। कतिपय अवस्थामा आत्महत्यालाई प्रेमपूर्ण वा साहसी कार्यजस्तो चित्रण गरिन्छ। अनि मानसिक रूपमा कमजोर व्यक्तिमा यसको असर घातक हुन्छ। आज सामाजिक सञ्जालले यसलाई अझ व्यापक बनाइरहेको छ। गुडबाइ पोस्ट, उदास गीतसहितको टिकटक भिडियो, श्रद्धाञ्जलीका तस्बिर र दृश्यहरू यी सबै सहानुभूतिका नाममा नकारात्मक प्रेरणा दिइरहेका छन्। हामीलाई लाग्छ, हामी सहानुभूति जनाइरहेका छौँ। तर कतिपय अवस्थामा त्यही सहानुभूति अर्को जीवन समाप्त गर्ने कारण बन्छ।

यसको समाधान पापागेनो प्रभावमा छ। यो नाम मोत्सार्टको "द म्याजिक फ्लुट" नामक नाटकबाट लिइएको हो। उक्त कथामा पात्र पापागेनो आत्महत्या गर्न लाग्छ, तर उसका साथीहरूले उसलाई वैकल्पिक उपाय देखाउँछन्। त्यसैले पापागेनो प्रभाव भन्नाले, गम्भीर तनाव भए पनि आत्महत्या नगरी जीवन रोज्ने प्रेरणादायी कथाले अरूलाई पनि आशा दिने प्रभाव बुझिन्छ। हामीलाई आवश्यक यही हो, वेर्थर प्रभाव होइन, पापागेनो प्रभावलाई फैलाउने। हाम्रो पोस्ट, भिडियो वा स्टाटसले कसैलाई आत्महत्या नगरी जीवन रोज्न प्रेरणा दिनुपर्छ। त्यसका लागि सामाजिक सञ्जालमा आत्महत्यासम्बन्धी समाचारलाई रङ्गीन वा आकर्षक शैलीमा प्रस्तुत गर्ने काम बन्द गर्नुपर्छ। तथ्यमा आधारित संवेदनशील समाचार र सामग्री आवश्यक हुन्छ। प्रत्येक समाचार वा पोस्टसँगै सहयोगका लागि हेल्पलाइन नम्बर राखिनुपर्छ। साथै, प्रयोगकर्ताले भावनामा मात्र होइन, जिम्मेवारीपूर्वक पोस्ट गर्नुपर्छ। जीवनमा समस्या आउँछन्। प्रेममा धोका हुन सक्छ, पारिवारिक तनाव हुन सक्छ, आर्थिक कठिनाइ हुन सक्छ, तर त्यसको समाधान आत्महत्या भने कदापि होइन। कसैको लागि मर्नु महान होइन। आफ्ना लागि, आफ्ना परिवारका लागि, आफ्नो भविष्यका लागि बाँच्नु नै महान हो।

यदि तपाईँ वा तपाईँको चिने जानेको कोही मानसिक तनावमा हुनुहुन्छ भने, टि.पी.ओ नेपालको निःशुल्क नम्बर १६६०-०१-५०००५ वा पहिलो कदम हेल्पलाइन ९८०१५७५५५३ मा सम्पर्क गर्न सक्नुहुन्छ।

एक पोस्टले अर्को जीवन खोस्न नदिऔं। सहानुभूतिलाई जिम्मेवारीसँग बाँधौँ, आशाको कथा लेखौँ, मृत्यु होइन जीवन रोजौँ। ◆◆

कविता

# मेरो बर्दी



✍ प्र.व.ह. तारा राम दयाल

हिजो लखेटिएका बर्दीहरूलाई, आज स्वागत गरिदैछन् ।
हिजो खोलिएका बर्दीहरू, आज फुलमालाले भरिदैछन् ॥
के बर्दीलाई हेर्ने नजरमा, हाम्रो दोष पो थियो कि ।
के हाम्रो चश्माको नजरमा, कतै हाम्रो खोट नै थियो कि ॥

बर्दीको साहारामा बसेका हामी, आज उनै बर्दीको पर्खाईमा छौं ।
हुलहुज्जतको भुलभुलैयामा परी, तिनै बर्दीलाई हिर्काइरहेका छौं ॥
या त तिमीले बर्दी नचिनेको हुनु पर्छ ।
कि त बर्दीलाई हेपेको हुनु पर्छ ॥

यही बर्दीको भरोसामा बसेको समाज,
बुझेर पनि बुझ पचाएको हुनु पर्छ ।
तिम्रो सुरक्षाको लागि टन्टलापुर गर्मीमा उभिएको थिए,
साउनको झरीदेखि माघको जाडोसम्म खाएँ ॥

तर आज त्यै बर्दी जोगाउन खोलामा दौडिँदा पनि,
निष्ठुरी समाजको ढुङ्गा खाएँ ।
सबैलाई दोष दिइन मैले, बर्दीको महत्व बुझ्ने पनि थिए ।
आततायी घटनाको दृश्य हेरी, लज्जाबोध गरि झुक्ने पनि थिए ॥

पहरेदारको पहरा जलाई, छिनमै खण्डहरमा परिणत गर्यौ ।
त्यै पहराको साहारा लिई, बस्छु भन्ने भुल गर्यौ ॥
कतै घेरा हाल्यौ तिमीले, कतै घाँटी रेटी मार्यौ ।
यत्र तत्र सर्वत्र घाइते बनायौ, परिवार बेसाहारा र बिचल्ली बनायौ ॥

तिम्रो जीउज्यानको रक्षा गर्ने, के मेरो भुल थियो कि ।
मेरै बर्दी जलाउने गरी, आएको तिम्रो हुल थियो कि ॥
उनै खोलामा भिजेका बर्दी लिई, फेरि समाजमा फर्केको छु ।
तिम्रै सुरक्षाको कसम खाई, तिम्रै सेवामा फर्केको छु ॥

संस्मरण

# जिउँदै छन् सपनाहरू



✍ यशु श्रेष्ठ

रसिला आँखाले टुलुटुलु पुस्तकलाई हेर्दा देखेका ती सपनाहरू, अहँ मरेका छैनन् । सलबलाई रहेका छन् प्रत्येक झोक्काहरूमा, प्रत्येक झिम्क्याइहरूमा अनि पदचापहरूमा । सम्झनाका तरेलीहरूमा भए पनि ती जिउँदै छन्, मनका अन्तरकुन्दरमा भए पनि बाँचिरहेका छन्, पूरा होस् वा नहोस् तर सपनाहरू जिउँदै रहने पनि छन् । आफैँले पूर्ण रूपमा पूरा गर्न नसके पनि एउटा हत्केलाले उचालिदिन पाउँदा, दुई शब्दले बताइदिन पाउँदा, एउटा मुस्कानले उत्साह भरिदिन पाउँदा, अनि लाग्छ सपनाहरू पूरा हुँदैछन्, हुनेछन् । त्यसैले त सपनाहरू कहिले पनि मरेका छैनन् ।

त्यो किशोरवय अवस्था । अनजान र टिठ लाग्यो परिस्थिति । एक्लो पनको महसुस । तैपनि समूहमा रहने रहर र सपनाहरू । फुटबल खेल्ने ठुलो चौर, चौरमा बनाइएका गोलपोस्ट । हो, त्यही गोलपोस्टबाहिर बसेर बाहिरिएको फुटबललाई लात्ताले हान्ने ठुलो लालसा प्रत्येक साँझ ।

ठुला दाजुहरू अनि तिनै दाजुका घर वरपरका भाइहरू । ठुलो चौरमा फुटबल खेल्दै । अनि, अलि परको एउटा भाइ, बाहिरिएको फुटबललाई दौडदै समाउने र लात्ताले हान्ने, चौरभित्र फुटबल पठाउने र फेरि फुटबल बाहिरिने आशामा आँखा दौडाइरहने ।

हो, यही चौरमा भएको एउटा छलफल । अनि देखेका सपनाहरू ।

"एउटा बालपुस्तकालय बनाऔँ ।" उनीहरू कुरा गर्दै थिए ।

'पुस्तकालय ? अनि धेरै पुस्तकहरू! अनि धेरै पत्रिकाहरू ? अनि धेरै सिर्जनाका पानाहरू !' कान टाठा भए । उनीहरूको नजिकै नजिकै गएर घुलमिल हुन थालियो । सँगै फुटबल खेल्न लागियो । हो, फुटबल किन्न पैसा तिर्न सकिँदैन थियो तर ङिच्च दाँत देखाएर निरीहपनको सङ्केत दिइसकेपछि पाइने छुटलाई सधैँ साथमा राखिरहियो ।

सबै जना एउटा 'बालपुस्तकालय' खोल्ने योजनामा जुटियो ।

"कहाँ खोल्ने त पुस्तकालय ?" उनीहरूले नै सल्लाह गरे । सल्लाह सुन्नका

लागि कान टाठै राखियो । गाउँको बिचमा भएको निमको रुखको फेदमा पुस्तकालय खोल्ने निधो भयो । गाउँको बिच तर त्यो आफ्नो गाउँ थिएन। छिमेकी गाउँ थियो, जहाँ बालबालिकाहरू टाठा थिए । किशोरहरू जाँगरिला थिए । युवाहरू जुझारू थिए र अभिभावकहरू सहयोगी थिए । उनीहरूसँग लागेर निमको फेदमा पुगियो । निमको फेद, जहाँ झार र फोहोरको थुप्रो थियो । कसैले हँसियाले झार काटियो, कसैले कोदालाले फोहोर हटाउन लागियो अनि कसैले फोहोरलाई तह लगाउन लागियो । फोहोर फालुन्जेल त ठिक छ तर फोहोर बनाएर फालिएका सिसाका टुक्राहरूले नमिठो घाउहरू दिए । रगत बगुन्जेल काटे । तर त्यसको पर्वाह गरिएन । किनकि त्यहाँ बालपुस्तकालय खोल्नु थियो । पुस्तकालयमा आएर धित मरुन्जेल पुस्तक र पत्रिका पढ्नु थियो । पाठ्यपुस्तकबाहेक पुस्तक भनेर पढ्न नपाइने त्यो अवस्थालाई चिर्दै पुस्तकका पानामा रमाउनु थियो ।

फोहोर वा फुटेका सिसा वा खिया लागेका तिखा काँटी र फलामहरूलाई वास्ता नगरी निमको फेद सफा भयो । सफा निमको बोट र पुस्तकहरू सम्झदा हत्केला र औँलाबाट बगेका रगतको यादै भएन । निकै ढिला घर पुग्दा बुबाआमाले रिसाउँदै आधा घण्टा दिएको प्रवचनको ख्यालै गरिएन । किनकि यी सब कुरा ‘बालपुस्तकालय’को मिठा सम्झनाले पुरिदिएको थियो ।

केही दिनपछि बालपुस्तकालय खुल्यो ‘बाकसवाला’ । बाकसमा पुस्तकहरू थिए, पत्रिकाहरू थिए । साँझ एक समय बाकसलाई निमको फेदमा ल्याएर खोल्ने अनि पुस्तक पढ्ने । पुस्तक घर लैजान चाहनेले अभिलेख राखेर लैजान पाउने । यस्तो नियमबाट बालपुस्तकालय खुल्न लाग्यो । जान्नेसुन्ने दाजुहरू यसको दर्ता प्रकृयामा पनि लागे । थोरै रकम लिएर सदस्यता दिन थालियो । कार्यसमिति चयन भयो । आजीवन सदस्यहरू भए । पुस्तकालयको नियमहरू बने । अभिभावकसँग कसरी सहयोग लिने भनेर छलफलहरू भए । आफू एक छेउमा बसेर ती सब घटनाको साक्षी भइयो । अब पुस्तकालयको सदस्य बन्ने हुटहुटीले मनमा दह्रो बास गर्‍यो । आमासँग बल्लतल्ल पैसा फुत्काइयो पुस्तकालयको सदस्य बन्न । “पुस्तकालय गएर के हुन्छ ? त्यसको सदस्य किन बन्नु पर्‍यो ? आफ्नै स्कुलको किताब पढ्नु, जान्ने हुनु, परीक्षामा राम्रो गर्नु छैन !” यस्ता धेरै भनाइहरू आमाबाट नसुनिएको होइन तर हठै गरेर सदस्यताका लागि पुग्ने पैसा आमाबाट फुत्काइयो । यति पैसा पाउँदा आफूलाई संसारकै आनन्दित मानिस ठानिएको थियो । पैसा मुठीमा बोकेर त्यो साँझ, त्यही निमको फेदमा पुगियो । सारा खुसीहरू त्यही मुठीमा थिए । केही सपनाहरू त्यही मुठीमा थिए । त्यही मुठी लिएर

"बाकस पुस्तकालय"को अगाडि ठिङ्ग उभिइयो । आहा, यो बेला धेरै आनन्द लागेको थियो किनकि आफूसँग सदस्य बन्न पैसा थियो । पुस्तकालयमा आफू जस्तै सखाहरू बालपत्रिका र पुस्तकहरू पढ्दै थिए । ठुला दाइहरू उनीहरूलाई केही भन्दै थिए । पुस्तकालयका प्रशासनिक काम होला सायद, गर्दै थिए । त्योअगाडि उभिँदा एउटा साहित्यकार भएको अर्को आभास आइरहको थियो । सानातिना कुनै मञ्चमा उभिएर कविता सुनाएको अनि पुरस्कार थापेका घटना झनै खुसी हुँदै थियो किनकि यस्ता पुस्तकहरू पढ्न पाएपछि त लेखनीमा झन् कति कला थपिँदो होला हगि भनेर मन मुस्कुराउँदै थियो ।

पुस्तकालयको सदस्य नबनेकै कारण त्यो पुस्तकालयमा भएका किताब पढ्ने आँट आइरहेको थिएन । 'सदस्य बाहेकलाई पढ्न नदेलान् नि हगि ? निमको फेदमा भएका फोहोर फाल्दैमा, झार काट्दैमा, सिसा फाल्दा हात काटिँदैमा कहाँ पुस्तक पढ्न पाइएला र ! सदस्य बन्छु र मस्त किताब पढ्छु !' मनमा तर्कहरू यसरी छरिएका थिए । यदि उनीहरूले पढ्दै गरेका पुस्तक, पहिला चौरमा फुटबल खेल्दा त्यो फुटबल गोलपोस्ट हुँदै बाहिरिएको जस्तो बाहिरिने भए बाहिरै बसेर पनि पढिन्थ्यो तर पुस्तक उनीहरूको हातमै हुन्थ्यो । हातबाट बाकसमा जान्थ्यो ।

यो गाउँभन्दा बाहिरको केटो हुनुमा हीनता बोध पनि हुन्थ्यो कहिलेकाहीँ । यही गाउँका मानिसले आफ्नो गाउँका बारेमा गरेका कुरा सुन्दा अलि खल्लो पनि लाग्थ्यो । हुन त सत्यता पनि थियो त्यस कुरामा । हामी साँच्चै एक जुट र उत्साही हुन सकिरहेका थिएनौँ । चेनता साँच्चै कम थियो कि हामीमा तर जे होस् आफू त्यस पुस्तकालयको सदस्य बन्ने र मिठो गरेर किताब पढ्ने धोकोले म निमको फेदमा पुगेको थिएँ । मुठीमा सदस्यताका लागि पैसा थियो । मन खुसी थियो ।

"म पनि यो पुस्तकालयको सदस्य बन्छु नि !" हातको पैसा तेसार्दै सदस्यताका लागि अनुरोध गरियो ।

"अहँ हुन्न ! यो गाउँबाहेका मानिसलाई सदस्यता दिइन्नँ । तिमीहरू सदस्य बन्न पाउँदैनौँ ।" आधा वाक्य आँखामा आँखा जुधाएर र आधा वाक्य अन्तै हेर्दै बालपुस्तकालयका साहुजीहरूले सुनाए । यी वाक्यहरू कानमा मात्र परेनन् । छाती, मन, मस्तिष्क मात्र होइन, आँखामा पनि परे । आँखा रसाए तर रसाएको भान पर्न दिइएन । रसाएका आँखाले पुस्तकहरूलाई हेर्‍यो । रोएको मनले के के सोच्यो के के तर बनावटी मुस्कान त्यहाँ छाडेर लुरुलुरु घर फर्किइयो । घरमा पुगेर ह्वाल्ल आँसु चुहियो आँगनीको डिलमै ।

"के भयो ?" आमाले सोध्नुभयो । मुसुक्क मुस्कुराउँदै उत्तर दिएँ, "हावाले ह्वात्तै आँखामा के पो पाऱ्यो के, त्यही भएर !" "नमिच् नमिच् आँखा नमिच् !" आमाले फु फु गरिदिनुभयो आँखामा । आँखामा फुकेर केही हुनेवाला थिएन किनकि आँसु त मनमा बगेको थियो । अझै जोडले पो आँसु बग्न लाग्यो आँखाबाट । "धेरै नै परेछ क्यार धुलो, खै खै !" आमाले आँखा च्यातेर हेर्न लाग्नुभयो । भन्न त मन थियो नि, "आमा, धुलो मनमा परेको हो । आँसु त मनबाट बगेको हो किनकि म छिमेकी गाउँको पुस्तकालयमा सदस्य बन्न पाइनँ । अब मैले नयाँ पुस्तक पढ्न पाउँदिनँ । नयाँ सिर्जनामा त्यसलाई मिसाउन पाउँदिनँ…!" यस्तै यस्तै तर मैले यो कुरा मनमै राखेँ । "आमाले फुकेकोले झन् पो आँसु बग्यो, खै छाड्नुस् त !" कलधारामा गइयो । मजाले मुख धोइयो । आँसु अब पानी हो कि के हो थाहै भएन । मन बुझाइयो अनि मनको भेल रोकियो ।

रातभर पुस्तकालयका बारेमा सोचियो । बिहानै आफूसँग मिल्ने साथीकहाँ गइयो । मनका कुरा सुनाइयो तर साथीले नाक खुम्च्याउनुबाहेक अरू केही गरेन । फेरि एक जना बहिनीकहाँ गइयो । "नानी, हामी पनि हाम्रो गाउँमा पुस्तकालय खोलौँ । म कविता लेख्छु । कार्यक्रममा गएर कविता भन्छु । पुरस्कार थाप्छु । तिमी पनि त्यसै गर । अनि पुरस्कारमा किताब आए पनि पैसा आए पनि पुस्तकालयमा किताब थप्ने, हुन्छ ?" ती बहिनी र आफू भएर पुस्तकालयको सपना कोऱ्यौँ । आफ्नै पैसाले एउटा रजिष्टर किन्यौँ । आफ्नै किताब राख्ने बाकसलाई पुस्तकालय बनायौँ । आफ्नो किताब जसोतसो टेबल, खाटमुनितिर मिलाइयो । खाली खाली बाकस भए पनि एउटा पुस्तकालय बन्यो हाम्रो । पन्ध्र दिन जति लगाएर ती बहिनी, बहिनीका साथी अनि आफू भएर योजना बनाइयो । अब आफ्ना साथी पनि योजनामा सामेल भए । अग्रज दाइ पनि सामेल भए तर अभिभावकहरू सकारात्मक थिएनन् । तै तै सकारात्मक बनाउँदै लगियो । पाँच पाँच रूपियाँ महिनामा सदस्यता शुल्क उठाइन्थ्यो । त्यसले किताबै किनेर ल्याइन्थ्यो । किनिएको किताबको पहिलो आवरणदेखि अन्तिम आवरणसम्म पढिन्थ्यो ।

यसरी एउटा पुस्तकालयको खाका बन्यो । अलि ठुलो दाइको सहायताले जङ्गलबाट काठ ल्याएर दराज बनाइयो । कुर्सी, टेबल र बेन्च बनाइयो । प्रत्येक महिना विभिन्न कार्यक्रम गर्न लागियो । सानालाई सिकाउने र ठुलाबाट सिक्ने गर्न लागियो । केटाकेटी बराल्यो भनेर धेरै गाली त सुनिएकै हो तर कसैसँग नडराई अगाडि बढियो ।

"त्यसलाई त्यही पुस्तकालयको दराजको काठसँग जलाइदे त। के बेकारमा केटाकेटी बरालिरहेछ! त्यसको पुस्तकालय खोलामा लगेर बगाइदे त ! उः चौरमा लगेर खोल् तेरो पुस्तकालय !" विविध वचन सुन्दै अगाडि बढियो।

अब पल्लो बालपुस्तकालयले गर्ने कार्यक्रममा हामीलाई निम्तो आउन लाग्यो । कविता प्रतियोगिताहरूमा बोलाइन लागियो । सबैलाई आफैँले कविता लेखर एक जनाको हातमा एउटा कविता हुने गरी प्रतियोगितामा सहभागी भइयो। तीमध्ये कसै न कसैले केही न केही पुरस्कार पाउँथे, जसले गर्दा पुस्तकालयमा पुस्तक बढ्थ्यो । दशैँतिहारमा दिनरात नभनी पुस्तकालयका लागि खटिन्थ्यो । पैसा जम्मा गरिन्थ्यो। जम्मा भएको पैसा अभिभावकलाई ऋण दिइन्थ्यो। ऋणबाट आउने व्याजले पुस्तक किनिन्थ्यो । गाउँघर सरसफाइ, हाजिरी जवाफ, कविता गोष्ठी, भित्ते लेखनहरू, जनचेतनाका कार्यक्रमहरू आदि गरिन्थ्यो । कसैलाई समस्या पर्दा पुस्तकालयका सदस्यहरू गएर सघाइन्थ्यो। बालक्लबले बालबालिकालाई मजाले समेटेको थियो। एउटा सुन्दर फूलबारी भैँ सजिँदै थियो हाम्रो पुस्तकालय । पुस्तकालयको आफ्नै भवन बनाउने भनेर रकमहरू जम्मा हुँदै थिए।

यसबेलासम्म छिमेकीटोलको पुस्तकालयको एक तले भवन तयार भइसकेको थियो। तर, हामी एउटा दराजमै सिमित थियौँ। कोसिस भने जारी थियो।

आफूपछि एक-दुई-तीन पुस्तासम्ममा पुस्तकालयको मुहार उज्यालो भइसकेको थियो । पुस्तकालयले महिला समूहलाई पनि साथमा लिएर सानो भवन पनि बनाइसकेको थियो। भवनमा पुस्तक मात्र होइन, राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरू नियमित गर्ने, बालबालिकाका लागि खेलौना ल्याउने जस्ता योजनाहरू पनि बनेका थिए तर चौथो पुस्तासम्म आउँदा यी योजनाहरू विस्तारै योजनामै सिमित हुन लागे। आफ्नो पनि उमेरले एउटा सिमाना काट्यो । अध्ययन र जीवन चलाउने मेसोमा गाउँ छाडियो। पुस्तकालयसँगको प्रत्यक्ष सम्पर्क टुट्यो। अब पुस्तकालयको नाम मात्र बाँकी रहन लाग्यो । त्यसलाई अगाडि बढाउने खासै कोही भएनन् । पुस्तकालयको त्यो झुप्रोमा माकुरा बस्न लागे । दराजमा साङ्लाले किताब पढ्न लागे।

यो बेलासम्म पुस्तकालयले आफूलाई धेरै दिएकै हो । यसकै अध्ययनले यति धेरै अक्षरहरू कागजमा बिस्कुन सुकाउन सक्ने, माइकभरि फुक्न सक्ने र तारा बाँडे भैँ बाँड्न सक्ने बनाएकै हो तर त्यही पुस्तकालयको भवनमा अर्को तल्ला थप्ने, पुस्तकका खातहरू बढाउने,

बालबालिकादेखि युवा र पाकालाईसमेत हुने गरी पुस्तकालय निर्माण गर्ने सपनाहरू सकिए । पहिला आफूले सदस्यता लिन नसकेको पुस्तकालयले सदस्यता दिई सकेको थियो । आफ्नो एउटा महत्व बढिसकेको थियो तर यता भने आफूले स्थापना गरेको पुस्तकालय यस्तो भएको थियो कि सम्झँदा पनि मनको भल बगेर आउँछ । अनेक कोसिस गरियो यसलाई पुनर्ताजगी दिन तर अहँ सकिएन । सानो भवन टुलुटुलु मानिसलाई हेरेर बसिरहेको छ। यसो कहिलेकाहीँ महिला समूहले यही भवनमा बैठक गर्दा ऊ चिच्याइ चिच्याइ कराउँछ, आफ्नो व्यथा सुनाउँछ तर अहँ कसैले कसैगरी केही सुन्दैनन् र ऊ निराश भएर फेरि त्यही झुपडीमा कुप्रो पर्छ।

यो चित्कार सुन्दा सधैँ आफूलाई त्यो बेलामा सम्झना आउँछ । नेतृत्व भनेको रिले दौड जस्तो हुनुपर्ने रहेछ । एउटाले दौडदै गर्दा अर्को दौडने तयार गर्नैपर्ने रहेछ । आफू सकियो त जगत् सकियो हुने बनाउनु बिल्कुल नहुने रहेछ। चेतनाका लहरहरू यसरी छाड्नुपर्ने रहेछ कि त्यो लहरिरहोस् । फूल फुलाएर छाडे पछि ओइलाउँदो रहेछ । त्यसमा फल लगाउनैपर्ने रहेछ, अझ बिउ जोगिने गरी। आज यसरी झल्यास्स खुलेको चेतनाले खासै असर नगर्ने रहेछ । यो चेतना त त्यो बेला खुल्नु वा दिनुपर्ने रहेछ । जन्माउनु ठुला कुरा हो तर यसलाई हुर्काउनु, बढाउनु र निरन्तरता दिनु अर्को ठुलो कुरो रहेछ । चेतनाका लहरहरू बुझाउन र छाड्न सक्नुपर्ने रहेछ।

यी जिउँदा सपनाहरूलाई एकत्रित गरेर राख्न नसके पनि छरलिएर भए पनि बाँड्न पाउँदा खुसी लागेको छ। सपना अझै मरिसकेको चाहिँ छैन। ♦♦♦

गीतिकविता

## तालको किनारमा घण्टौं......



✍ **प्र.स.ह.गोबिन्द राज ओझा**

तालको किनारमा घण्टौं बस्न मन लाग्छ
प्रेम अनुभूति हो, जसले मनमा विश्वास जगाउँछ
तिम्रो त्यो मन्द मुस्कान आँखामा घुमिरहन्छ
मुस्कुराउँदै, आँखा घुमाउँदै हेर्ने रहेछ

मनमा बस्यौ मायालु धेरै मिस गर्छु
म तिमीलाई धेरै नै सम्झिन्छु
प्रेम आकाश जस्तै हो कुनै पानामा कोर्न सकिन्छ
मुटुमा मायाको माला बनाएर राख्नु छ

ओठमा भएको मायाको गीत भेटाउनु छ
मेरो साथी, मलाई अहिले यो जीवन मन पर्छ
सम्झनाको भावनाहरू यसरी राखेको छु
मनमा बस्यौ मायालु धेरै मिस गर्छु

# सिकाइ संस्कृतिको सान्दर्भिकता र आवश्यकता



✍ रत्न प्रजापति

**पढाइ र सिकाइको अवधारणात्मक भिन्नता**

विश्वमा दुई किसिमको शिक्षण पद्धति प्रचलित छ । एउटा पढाइ र अर्को सिकाइ । आधुनिक शिक्षाको विकास गरेका विकसित मुलुकहरूले पढाइ र सिकाइ दुवैलाई जोडेर गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन् भने नेपाललजस्ता अतिकम विकसित मुलुकहरूमा अझै पनि पढाइ शिक्षण पद्धति नै बढी प्रचलनमा रहेको पाइन्छ ।

पढाइ र सिकाइबिच तात्विक भिन्नता छ । पढाइमा शिक्षक बोल्छन् र विद्यार्थी सुन्छन् । सिकाइमा शिक्षकले सोध्छन् र सुन्छन् अनि विद्यार्थी बोल्छन् । विद्यार्थीले आफूले जानेको कुरा भन्छन् वा गरेर देखाउँछन् । शिक्षाविद्हरूले सिकाइ भनेको पढाइ होइन, विद्यार्थीलाई सिकाइमा संलग्न गराउने कला हो भन्दै सिकाइमा ध्यान दिनुपर्नेमा जोड दिँदै आएका छन् ।

**ज्ञानसँगै सिप र उद्यमशीलताको आवश्यकता**

पढाइबाट ज्ञान प्राप्त हुन्छ भने सिकाइबाट सिप प्राप्त हुन्छ । ज्ञानले मान्छेलाई विद्वान बनाउँछ । सिपले मान्छेलाई सिपवान बनाउँछ । अहिलेको युगमा ज्ञानको भन्दा सिपको बढी खाँचो छ । सिपले उद्यमशील बनाउँछ । उद्यमशीलताले स्वआर्जन गर्न र स्वनिर्भर बन्न मद्दत गर्छ । तर ज्ञानले विद्वान बनाए पनि पूर्णरूपमा स्वनिर्भर बनाउन सक्दैन । त्यसैले अहिलेको प्रतिस्पर्धी युगमा स्वआर्जन गरी स्वनिर्भर बन्न उद्यमशीलताको खाँचो छ र उद्यमशील बन्नका लागि पढाइभन्दा सिकाइको जरुरत पर्दछ ।

देशको अर्थतन्त्र सुदृढ बनाउन पनि उद्यमशीलताको आवश्यकता छ । उद्यमशीलताले स्वरोजगार, स्वआर्जन सँगसँगै रोजगारीको अवसर सिर्जना र उत्पादन वृद्धिमा सघाउँछ, जसले अर्थतन्त्रको सुदृढतामा मद्दत गर्छ । त्यसैले पछिल्लो समय उच्चशिक्षामा उद्यमशीलतालाई बढी जोड दिन थालिएको छ । उद्यमशीलतामा आधारित शिक्षाको विकासका लागि सरकारी तथा निजी दुवै क्षेत्रबाट पहल पनि भइरहेका छन् ।

**विद्यालयदेखि विश्वविद्यालयसम्मको पढाइमुखी संस्कतिको समस्या**

उद्यमशीलतामा आधारित शिक्षामा जोड दिइए पनि अझै पनि

सिकाइ संस्कृतिलाई हाम्रो सबै तहको शिक्षण पद्धतिमा अपनाउन सकिएको छैन । त्यसैले हाम्रा विद्यालयहरूमा बालबालिकालाई पढाइन्छ, तर सिकाइदैन । त्यसैले हाम्रा बालबालिका दिनभर धेरै पढ्छन्, धेरै कुरा पनि सिक्छन्, तर सिप सिक्दैनन् । उनीहरू पढ्न-लेख्न जान्दछन्, तर काम गर्न जान्दैनन् । किताबका कुरा पढाइन्छ, घोकाइन्छ र त्यही रटाइन्छ । जसले पढेको, घोकेको, रटेको कुरा परीक्षामा दुरुस्त लेख्न सक्यो, त्यो विद्यार्थी उत्तम विद्यार्थी ठहरिन्छ । जसले त्यसरी दुरुस्त लेख्न सक्दैन त्यो विद्यार्थी खत्तम विद्यार्थी ठहरिन्छ ।

विद्यार्थीले पढेको कुरामात्रै काम लाग्दछ परीक्षामा, सिकेको कुरा काम लाग्दैन । परीक्षामा त जे पढाइएको छ, घोकाइएको छ र रटाइएको छ, त्यसैको आधारमा मूल्याङ्कन हुन्छ । विद्यार्थीले उत्तरपुस्तिकामा जे लेखेको छ, त्यसैको आधारमा मात्रै उसको ज्ञानको मूल्याङ्कन गरिन्छ । उसको सिप र क्षमतालाई प्रवर्द्धन गर्ने र त्यसको मूल्याङ्कन गर्ने पद्धति त अपनाइएकै छैन । हाम्रो विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षा पद्धतिको सबैभन्दा ठुलो कमजोरी र सबैभन्दा सोचनीय पक्ष पनि यही नै हो ।

**परीक्षाकेन्द्रित मूल्याङ्कन पद्धति र त्यसको मनोवैज्ञानिक असर**

लिखित परीक्षाको आधारमा मात्रै विद्यार्थीको क्षमताको मूल्याङ्कन गर्ने पद्धति नै अहिलेको सन्दर्भमा असान्दर्भिक र अव्यवहारिक सावित भइसकेको छ । सिकाइ र सिकाइ क्षमताको आधारमा विद्यार्थीको क्षमताको मूल्याङ्कन गर्ने पद्धति व्यवहारमा लागु नहुनु विडम्बना नै हो । बालबालिकालाई खेलाईखेलाई अथवा देखाई देखाई सिकाउने भन्दा घोकाईघोकाई पढाउने शिक्षण पद्धतिले गर्दा बालबालिकाले विद्यालयमा ज्ञानगुनका दुईचार कुरा त सिक्छन्, तर व्यवहारोपयोगी सिप सिक्ने अवसर भने पाउँदैनन् ।

साना कक्षामा मात्रै होइन, विश्वविद्यालयसम्म पनि यस्तै पाठ्यक्रम र यस्तै शिक्षण पद्धति रहेकाले अन्ततः सैद्धान्तिक ज्ञानवान विद्यार्थीको उत्पादन अधिक भए पनि सिपवान विद्यार्थीको उत्पादन एकदमै न्यून छ । यसले गर्दा विश्वविद्यालयहरू बेरोजगार उत्पादन गर्ने कारखानाजस्तै भएका छन् । पढाइ र सिकाइबीचको भिन्नता नबुझ्दा शैक्षिक बेरोजगारी कहाली लाग्दो बनेको छ । शिक्षाका सबै तह पार गरिसक्दा पनि व्यवहारिक सिप, क्षमता र दक्षता नहुँदा त्यस्तो शिक्षा हासिल गरेका विद्यार्थी जागिरकै खोजीमा भौतारिनुपर्ने अवस्थामा छन् । स्वरोजगार बन्ने अथवा उद्यम गर्ने सिपको अभाव छ । जसले शिक्षित बेरोजगारको संख्या बढेको छ र वैदेशिक

रोजगारीमा चाप परेको छ ।

हाम्रो समाज र हाम्रा विद्यालयहरूमा पनि सिकाइ संस्कृतिले भन्दा पढाइ संस्कृतिले जरो गाडेको छ । घर तथा विद्यालयमा पनि बालबालिकालाई पढ्न र पढाउनमा जोड दिइन्छ । विद्यालयमा हरेक दिन विद्यार्थीले पढ्नुपर्ने कितापकापी बोकेको छ कि छैन भनेर हेरिन्छ, गृहकार्य गरेको छ कि छैन भनेर जाँचिन्छ । कक्षामा पढ्नुपर्ने कितापकापी नबोके अथवा गृहकार्य नगरे सजाय दिइन्छ । तर बालबालिकाले विद्यालय आएर के सिके भन्ने कुराको जाँच गरिन्न । पढ्नु सँगसँगै सिक्नु जरुरी छ भनेर बालबालिकालाई बुझाइएकै छैन, सिकाइएकै छैन । घरमा पनि बालबालिकाले विद्यालय गएर के सिके भनेर जाँच्ने गरिन्न ।

बालबालिकाले होमवर्क समयमै सके बाबुआमा खुसी हुने प्रवृत्ति सबै घरमा छ । मात्रै होमवर्क नगर्दा विद्यालय र घरमा पनि गाली खानुपर्ने डरले बालबालिकाहरू जसोतसो होमवर्क पूरा गर्छन् । तर उनीहरूलाई होमवर्क किन गर्नुपर्छ र के सिक्नुपर्छ भनेर थाहा छैन र यस्तो कुरा उनीहरूलाई सिकाइएको पनि छैन, घरमा र विद्यालयमा पनि । त्यसैले बालबालिकामा सिकाइप्रतिको तृष्णा छैन । बरु होमवर्क गर्नुपर्ने चिन्ता र गाली खानुपर्ने पीरले उनीहरूमा पढाइप्रति नै वितृष्णा भने छ । बालबालिकाहरू शिक्षकशिक्षिकाबाट त्रसित छन् । बालबालिकाहरू विद्यालय जान नमान्नुको एउटा मनोवैज्ञानिक कारण त्यही त्रास पनि हो ।

शिक्षण पद्धतिमा समयानुकूल परिवर्तन र परिमार्जन हुन नसक्दा र शिक्षण पद्धतिले सिकाइप्रतिको तृष्णा जगाउन नसक्दा विद्यार्थीका लागि पढाइ एउटा बाध्यता मात्र बन्ने गरेको छ । पढ्नु र सिक्नुको भिन्नता सर्वप्रथम स्वयं शिक्षकले नै बुझ्नु जरुरी छ । शिक्षक विद्यालयको प्रतिनिधि हो । त्यसैले शिक्षकले यो कुरा बुझ्नु भनेको विद्यालयले पनि बुझ्नु हो । सिकाइलाई भन्दा पढाइलाई जोड दिने र पढाइकै आधारमा मात्र मूल्याङ्कन गर्ने पद्धतिले गर्दा बालबालिकामा निहित रुचिअनुसारको क्षमताको मूल्याङ्कन र त्यसको प्रस्फुटन पनि हुन सकेको छैन ।

फरकफरक रुचि र फरकफरक क्षमता भएका बालबालिकाको एउटै मापदण्डबाट मूल्याङ्कन गरिँदा त्यस्तो मूल्याङ्कनबाट असफल बालबालिकाले आफूलाई हरक्षेत्रमा असफल र अयोग्य ठान्ने गलत मानसिकताको समेत विकास हुने गरेको छ । यस्तो गलत मानसिकताको विकासले बालबालिकामा नैराश्यताको भावनाले जरो गाड्ने गरेको छ । अचेल सानै उमेरदेखि डिप्रेसनको समस्या बढ्नुको एउटा कारण हाम्रो शिक्षा नीति र शिक्षण

पद्धतिलाई पनि मान्न सकिन्छ ।

**सिकाइमा आधारित शिक्षण पद्धतिको महत्व**

सिकाउने शिक्षण पद्धतिमा बालबालिकालाई सिकाइन्छ र सिक्यो वा सिकेन भनेर जाँचिन्छ । गल्ती गर्ने र सिक्न नसक्ने बालबालिकालाई सिक्न प्रेरित गरिन्छ । बालबालिकाले सिक्नै नसक्दा सिकाउनेको पनि कमजोरी छ कि भनेर खोजिन्छ र सुधार्ने उपाय गरिन्छ । कमजोर बालबालिकाले बेइज्जत महसुस गर्नुपर्दैन र सजाय पनि भोग्नुपर्दैन । सिक्न र आफ्नो सिक्ने क्षमता सुधार्न अनेक उपाय गरिने हुँदा बालबालिकाले आफू असक्षम र अयोग्य भएको महसुस पनि गर्नुपर्दैन । यसबाट उसमा विद्यालयप्रति वितृष्णा पनि जाग्दैन र जिन्दगीप्रति निराशा पनि बढ्दैन । त्यसैले पढाउनेभन्दा सिकाउने शिक्षण पद्धतिको महत्व बढी छ ।

परीक्षालाई नै बालबालिकाको क्षमता जाँच्ने कसीको रूपमा लिनु हाम्रो कमजोरी हो । वर्षभरि पढेको वा सिकेको कुरा दुई घन्टे वा तीन घन्टे परीक्षाबाट जाँच्न खोज्नु नै गलत हो भन्ने मान्यता विस्तारै बढिरहेको छ । परीक्षाबाटै बालबालिकाको सबैखाले क्षमता जाँच्ने शिक्षण पद्धतिले गर्दा बालबालिकाहरू मानसिकरूपमा परीक्षासँग डराउने र आतंकित हुने गरेका छन् । परीक्षाअघि बालबालिका बिरामी पर्नु र परीक्षा दिनै नपरोस् भन्ने चाहना राखेर अनेक बहाना गर्नु यही परीक्षासँगको डर र आतंकको परिणाम हो भनेर बुझ्नुपर्छ ।

**सिकाइ संस्कृतिको आवश्यकता**

उच्चशिक्षाको सन्दर्भमा भन्नुपर्दा सिकाइमा आधारित शिक्षणपद्धति नहुँदा विद्यार्थीले ज्ञान प्राप्त गरे पनि सिप प्राप्त गर्न सकेनन् । पुराना र ज्ञानमा आधारित सैद्धान्तिक पाठ्यक्रम र सोहीअनुरूपको शिक्षणपद्धतिले गर्दा उच्च शिक्षा हासिल गरिसकेर पनि सिपको अभावमा श्रमबजारमा आफूलाई बिकाउन नसक्दा त्यस्तो शिक्षाप्रति विद्यार्थीको आकर्षण घटेको छ । विश्वविद्यालयहरूमा केही विषयगत विद्यार्थी भर्ना शून्यमा झरेको र त्यस्ता विषयको पढाइ नै बन्द गर्नुपरेको अवस्थाले पढाइभन्दा सिकाइको आवश्यकतालाई औँल्याएको छ ।

सिप वा उद्यमशीलता सिकाउने शिक्षाले मात्रै मान्छेलाई स्वरोजगार बन्न, स्वआर्जन गर्न अथवा श्रमबजारमा आफूलाई प्रतिस्पर्धी उम्मेदवारको रूपमा उभ्याउन सक्षम बनाउने हुँदा विद्यार्थीहरूको आकर्षण यस्तै व्यवहारोपयोगी र उद्यमशील शिक्षातर्फ बढेको छ । पछिल्लो समय सूचनाप्रविधि शिक्षामा बढेको विद्यार्थीको आकर्षण र त्यस्तै शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूमा देखिएको विद्यार्थीको भिडलाई पढाइभन्दा सिकाइ र ज्ञानभन्दा सिप र उद्यमशीलता प्रतिको आकर्षणको

रूपमा लिन सकिन्छ । देशमा शिक्षित बेरोजगारको संख्या बढ्नु अथवा शिक्षित बेरोजगारीको अवस्था कहालीलाग्दो बन्नुमा हाम्रा विद्यालय तथा विश्व विद्यालयहरूको पाठ्यक्रम सिकाइमा आधारित नहुनु अथवा व्यवहारिक र सिपमूलक नहुनुलाई मुख्य कारण मान्न सकिन्छ।

अतः अहिलेको प्रतिस्पर्धी युगमा मान्छेलाई सिपयुक्त र उद्यमशील बनाई स्वावलम्बी जीवनयापन गर्न सक्षम बनाउनु पर्छ । यसका लागि पढाइभन्दा सिकाइ संस्कृतिमा जोड दिनुमा सान्दर्भिकता छ र अहिलेको विश्वपरिप्रेक्ष्यमा सिकाइ संस्कृतिको विकास आवश्यक छ। ♦

लघुकथा

# चलन



✍ **गंगा खड्का**

"हेर त बुढी, हाम्रा छोराछोरीले हामीलाई हेर्न नभ्याए पनि आ-आफ्ना क्षेत्रमा कति धेरै नाम कमाएका छन्। हिजो पनि ठुलो छोरो उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कृत भएछ।" हरिकृष्णले छोरो सम्मानित हुँदाको तस्बिरहरू फेसबुकमा देखाउँदै खुसी व्यक्त गरे। रमिलाले पनि सबै फोटाहरू एकएक गरी नियालेर हेरिन्। तस्बिर हेर्दै जाँदा उनको अनुहार जून जस्तै उज्यालो देखियो। उनले अत्यन्तै खुसी हुँदै भनिन्, "त्यही त केही पाउन केही त गुमाउनु परिहाल्यो नि। हामी भनेर अल्झिएका भए यति माथि कसरी पुग्न सक्थे र ? त्यही भएर हामीलाई हेरेनन् भन्ने कुनै गुनासो छैन बुढा।" उनले ठुलो छोराको तस्बिर सुमसुमाउँदै भनिन्।

एकछिन दुबै जना चुप लागे। कोठामा सन्नाटा छायो। केही समयको सन्नाटालाई चिर्दै हरिकृष्णले भने, "बुढी, यति ठुलो सफलतामा पनि छोराले हामीलाई एक वचन सम्झेन। उसको सफलता उसकै मुखबाट सुन्न पाएको भए कति खुसी हुन्थ्यौं होला।" उनी गहभरि आँसु पारेर बुढीको प्रतिक्रियाको पर्खाइमा रहे। रमिलाको पनि एकाएक कण्ठ भरिएर आयो। उनी केही बोल्न सकिनन्। बल्लतल्ल आँखामा जमेको पोखरीलाई त्यहीँ दबाउँदै बडो जिज्ञासु हुँदै भनिन्, "बुढा, सरकारले धेरै कुराको लागि प्रोत्साहनस्वरूप विभिन्न पुरस्कार दिँदै आएको छ तर आमाबुबालाई बुढेसकालमा सबैभन्दा राम्रोसँग हेरचाह गर्ने, समय दिने र खुसी राख्ने छोराछोरीलाई सम्मान गर्ने चलन चाहिँ किन नचलाएको होला हगि ?"

कविता

# आमा तिमी नरोई बस है!

✍ शशीश्री आचार्य



आमा तिमी नरोई बस है !
म पुनः आउँछु घर तिम्रो आँसु पुछ्नलाई
कति पीडा हुँदो हो तिमीलाई
एक्लै केवल एक्लै चुलो चम्को गर्नलाई
आमा तिमी नरोई बस है !

यताको खबर खै ! के भन्नु आमा तिमीलाई
घाम नढलुन्जेल पसिना बगाउँछु
घाम ढलेपछि पुनः आफ्नो बासस्थान आउँछु
सकेँ भने भोजन बनाउँछु
नसके भोक्कै थकाइले निदाउछु
आमा तिमी नरोई बस है !

बिहान मिर्मिरेमा हिँड्छु कर्म गर्नलाई
भोक लाग्यो कि ! भनेर प्रश्न गर्ने
कोही छैन यहाँ मलाई
थकाइले यस्सो बसौं भने तिम्रो न्यानो
काख छैन विश्राम गर्नलाई
न तिम्रा ती सुकोमल हात छन्
मेरो पसिना पुस्नलाई
आमा तिमी नरोई बस है !

बिछ्यौना असजिलो हुँदा
कोही छैनन् यहाँ मेरो तकिया फेर्नलाई
गर्मीले टाउको फुट्ला झैं हुँदा पनि
धाउनु पर्छ कर्म गर्नलाई
ठुला ठुला पहाड जत्रा फलामले बजारछन् मलाई
आमा तिमी नरोई बस है !

के गर्नु नगरी पनि भएको छैन मलाई
साहुको ऋणले पिरल्दो होला तिमीलाई
सुकाएको बिस्कुन साहु आउँछ होला उठाउनलाई
बारीको डल्ला एक्लै फोर्दा
कति थकाइ लाग्दो होला तिमीलाई
आमा तिमी नरोई बस है !

यहाँ कठिन छ परिस्थिति सुल्झाउनलाई
तिम्रो न्यानो मायाको खाँचो छ मलाई
धेरै पीडा भयो भने एक्लै रुन्छु
यहाँ सुनिदिने छैन कोही
चटारो पर्यो होला तिमीलाई
बारीमा पानी ल्याउनलाई
पाठी कराई रहन्छे होली हरियो घाँस खानालाई
आमा तिमी नरोई बस है !

बर्खामा पनि चुइँदो होला नि ! आमा
म आउँछु पिर नगर घर छाउनलाई
रातले सुइँकुच्चा ठोक्यो आमा
अब म यस्सो पल्टन्छु है आमा निदाउनलाई
भोलि सबेरै उठ्नु छ कर्म गर्न जानलाई
लत आज बिदा भएँ आमा भोलि कुरा गर्छु है !
आमा तिमी नरोई बस है !

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४५ साल अङ्क, ३ को **प्रहरी द्वैमासिक प्रकाशनमा** प्रकाशित **प्र.म.नि. हेमबहादुर सिंहद्वारा लिखित 'नेपाल शान्ति सुरक्षाको व्यवस्था र नेपाल प्रहरीको विकास'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*-सम्पादक*

समाजमा अपराध नियन्त्रण र घटित अपराधको अनुसन्धान गर्नु, शान्तिमय वातावरण कायम राख्नु, नागरिकलाई सुरक्षा प्रदान गर्दै सेवा पुऱ्याउनु प्रहरीका मौलिक कर्तब्यहरू हुन् । यी कर्तब्यहरू पूरा गर्ने क्रममा प्रहरी पूर्वबाट पश्चिममा, तराईबाट हिमालमा छिटोभन्दा छिटो पुगी कार्य सम्पादन गर्नु पर्दछ । यसका लागि प्रहरीले प्रत्येक स्थानको शान्ति सुरक्षा स्थिति दैनिक थाहा पाइरहनु पनि पर्छ । यी कार्यहरू पूरा गर्न यातायात र सञ्चार उपकरणले ठूलो सघाउ पुऱ्याएको हुन्छ । आजको वैज्ञानिक चमत्कारपूर्ण युगमा यातायात र सञ्चार साधनले हरेक क्षेत्रमा प्रधान्य भूमिका खेलेको छ । वास्तवमा भन्ने हो भने यातायात सञ्चारको सहायता  विना कुनै पनि क्षेत्र उद्देश्य प्राप्तिमा तुलनात्मक रूपमा पछि नै परेको हुन्छ । झन् समयमै पुग्नु पर्ने, अधिराज्यको शान्ति सुरक्षा व्यवस्था दैनिक रूपमा पल-पलमा ज्ञान गरिरहनु पर्ने प्रहरी संगठनको निम्ति प्रभावकारी यातायात र सञ्चार साधन उपलब्ध हुन अनिवार्य छ ।

**सञ्चार व्यवस्था**

नेपाल प्रहरीमा सञ्चार व्यवस्थाको ऐतिहासिक जानकारी लिने हो भने नेपाल प्रहरी यस दिशामा शुरुमा आत्मनिर्भर थिएन । २००२।३ सालतिर प्रहरी इकाईहरूले कुनै जरुरी कुराको जाहेरी पठाउनु परेमा हुलाकको भर पर्नु पर्थ्यो । हुलाक व्यवस्था नभएको ठाउँमा पैदलै गएर पनि खवर आदन-प्रदान गर्ने गरिन्थ्यो । त्यसबेला नेपाली डाँक र अंग्रेजी डाँक नामाङ्कन गरिएका दुईवटा डाँक व्यवस्था भएको पाइएको छ । बहादुर सुपरिन्टेण्डेन्ट अफिसरबाट खबर पठाउँदा हाम्रो डाँकबाट र अंग्रेजीबाट पठाउँनु परेमा अंग्रेजी डाँकबाट पठाउँनु पर्ने व्यवस्था थियो भने जरुरी कुराहरू सरकारी आ.वा. बाट खबर गर्ने गरिन्थ्यो । त्यस्तै टेलिफोनको सुविधा भएको स्थानबाट पठाउँदा नजिकको टेलिफोन अफिसलाई लेखी पठाइने गरिन्थ्यो । खबर आदन-प्रदानको यो व्यवस्थामा गोप्यता भन्ने कुरा हुन्नथ्यो ।




विदेशमा भएको लाहुरे प्रेमीलाई उसको प्रेमिकाले आफ्नो बिहे भएकोले तिमीसँग भएको फोटो फिर्ता गर भनि चिठ्ठी लेखि पठाउँछे ..‼

लाउरे पनि के कम उसले आफूसँग भएका केटीहरूको फोटो जम्मा गर्यो र लेख्योः प्रिय भूपू मायालु ..मैले तिमी कुन चाहिँ हो भनेर चिन्न सकिन... त्यसैले कृपया तिम्रो आफ्नो फोटो राख्नु र अरु चाहिँ फिर्ता गरिदिनु ल ..‼

♦ ♦ ♦

**अमेरिकाबाट गाउँमा हर्केलाई फोनमा फूर्ति लाउँदै शेरे,**

**शेरे**: ओबामालाई चिन्छस् ?

**हर्के**: चिन्दिन ।

**शेरे**: अमेरिका आए पो चिन्थिस्, एन्जेलिना जोलीलाई नि ?

**हर्के**: अहँ चिन्दिन ।

**शेरे**: अंग्रेजी फिल्म हेरे पो चिन्थिस्, रिहानालाई नि ?

**हर्के**: चिन्दिन ।

**शेरे**: अंग्रेजी गीत सुने पो चिन्थिस्,

शेरेका कुरा सुनेर हर्के झर्कौंदै भन्यो, बिर्खेलाई चिन्छस् ?

**शेरे**: अहँ चिन्दिन ।

**हर्के**: तेरै श्रीमतीको boy friend हो, कहिल्यै घर बसे पो चिन्थिस् ।

♦ ♦ ♦

एउटा गधाः मेरो मालिकले मलाई सधैं कुट्ने गर्छ ।

दोस्रो गधाः त्यसो भए तिमी किन भागेर जादैनौ त ?

पहिलो गधाः भागेर त जान्थे तर यहाँ भविष्य राम्रो देखेर भाग्न मन छैन, मालिकको राम्री छोरीले जब जब केही बदमासी गर्छे तब तब मालिकले यो भन्ने गर्छ "धेरै बदमासी गर्यौ भने तिम्रो बिहे गधासँग गरिदिन्छु" बस यही आशामा बसेको छु .....

**संकलनः– प्र.ज.अभिन गुरुङ**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ वि.स. १९९० सालमा जिल्ला पुलिस व्यवस्था खारेज, सदर पुलिस व्यवस्था कायम, बेठारी इन्सपेक्टर अफिसर कायम र ट्राफिक प्रहरीको व्यवस्था भएको थियो ।

➲ वि.स.२००९ सालमा सर्वप्रथम ट्राफिक प्रहरीको स्थापना भएको थियो ।

➲ वि.स.२०१२ सालमा प्रहरी ऐन प्रकाशित भएको थियो र नेपाल प्रहरीले वि.स. २०१२ साल असोज ३१ गते वैधानिकता प्राप्त गरेको थियो ।

➲ वि.स. २०३३ सालमा नेपाल प्रहरीलाई निःशुल्क व्यैक्तिक सामग्री युनिर्फम वितरण गर्ने व्यवस्था सुरुवात भएको थियो ।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**नारायण पोखरेल विरुद्ध पार्वती आचार्य पुन (ने.का.प. २०८१ अंक ९ नि.नं. ११३५१, लिखित बेइज्जती**)

गाली बेइज्जतीले व्यक्तिको चरित्रमा कति असर र प्रभाव पारेको छ त्यसबाट सिर्जित परिणामले निजलाई समाजमा जीविकोपार्जन गर्न तथा समाजमा निजको प्रतिष्ठामा तथा निजी जीवनमा कति असहज बनाएको भन्ने विषय पनि विचार गर्नुपर्ने । मुद्दाका प्रसङ्गमा भए पनि प्रतिवादीले अरूको इज्जतमा प्रश्न उठाउन नसक्ने । यौन कार्यमा संलग्न महिलालाई पनि सहमतिबिना यौन सम्बन्धमा इन्कार गर्ने अधिकार छ भने जबरजस्ती मुद्दाका प्रतिवादीले एउटी महिला जसको नाबालक छोरी नै जबरजस्ती करणीको कारण मानसिक एवम् शारीरिक रूपमा प्रताडित भइरहेको अवस्थामा उल्टै जाहेरवालाको चरित्रमाथि नै गम्भीर प्रश्न उठ्ने गरी बयान तथा बकपत्र बेहोराबाट यौनधन्दा जस्तो कार्यमा संलग्न रहेको भन्ने कुरा लिखित रूपमा नै प्रस्ट भएबाट प्रतिवादीहरूको त्यस्तो अभिव्यक्तिले फिरादीको मान इज्जत र सामाजिक प्रतिष्ठामा धक्का पुगेको देखिँदा लिखित गाली बेइज्जती ठहर्ने ।

**मुकुन्द कृष्ण श्रेष्ठ विरुद्ध प्रहरी प्रधान कार्यालय,** (**ने.का.प. २०५० अंक ६ नि.नं. ४७५८, उत्प्रेषण**)

निवेदकलाई नोकरीबाट हटाउने गरी गरिएको निर्णय पर्चा ठिक छ वा छैन भनी पुनरावेदकीय अधिकार ग्रहण गरी ठहर गर्ने कार्य अर्धन्यायिक प्रकृतिको कार्य हो । त्यस्तो अर्धन्यायिक प्रकृतिको कार्यको निर्माण गर्ने अधिकारीले निर्णय गर्दा आफ्नो आफ्नो न्यायिक मन (Judicial mind) को प्रयोग गर्नुपर्ने हुन्छ । यो न्यायको एउटा स्थापित सिद्धान्त पनि हो । प्रस्तुत रिटमा निवेदकलाई भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने प्रहरी महानिरीक्षकको निर्णय पर्चा उपर परेको पुनरावेदनमा पुनरावेदन किनारा गर्दा माननीय गृहमन्त्रीले के आधार प्रमाणबाट पुनरावेदन जिकिर अस्वीकृत गरिएको हो उल्लेख नगरी अधीनस्थ कर्मचारीले राय व्यक्त गरी उठाएको टिप्पणीमा आफूले सदर भनी समर्थनसम्म जनाई गरिएको निर्णयलाई न्यायिक मन प्रयोग गरी गरिएको निर्णय भन्न मिल्ने नदेखिने ।

**संकलनः– प्र.व.ना.नि. प्रमोद उपाध्याय पण्डित**